दर्ता नं. ७२४/०५७/०५८
पान नं. ३०१९५२८०४

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

"दिगो साकोस सुखी र समृद्ध सदस्य"

नेफ्स्कून


**मुख्य कार्यालय:**
चन्द्रागिरि नगरपालिका-७,
थानकोट, महादेवस्थान, काठमाडौं, नेपाल

०१ - ४३१३०५८
४३१३०५९, ४३१६७७७, ४३१२७७७

०१-४३१२१०९, ९८१०१९८४४०

info@chandragiri.coop.np
saccoschandragiri@gmail.com


२१ औं
वार्षिक साधारण सभा
१६-२३ पौष २०७९




# २१ औं वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७८/०७९


दहचोक सेवा केन्द्र : ०१-५१३११३५ | शुभतारा सेवा केन्द्र : ०१-५२३१०२१, ५२३१०२२

www.chandragiri.coop.np

# सञ्चालक समिति



**योगेन्द्रकुमार कुँवर**
अध्यक्ष



**हरिहर सिग्देल**
उपाध्यक्ष



**अच्युतकुमार कार्की**
सचिव



**मीनाकुमारी पाठक**
कोषाध्यक्ष



**शरद कुँवर**
सह-सचिव



**शिवशंकर मानन्धर**
सदस्य



**ऋषिराम घिमिरे**
सदस्य



**लक्ष्मीबहादुर महर्जन**
सदस्य



**दिलकुमारी महर्जन**
सदस्य



**गोविन्द बस्नेत**
सदस्य



**रविना महर्जन**
सदस्य



**सुबास श्रेष्ठ**
सदस्य

# लेखा सुपरिवेक्षण समिति



**भानुप्रकाश ढकाल**
संयोजक



**इन्द्रबहादुर महर्जन**
सदस्य



**सुष्मा कुँवर**
सदस्य



# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली ।
सार्वभौम भई फैलिएका, मेची महाकाली ।।
प्रकृतिका कोटीकोटी, सम्पदाको आँचल ।
वीरहरुका रगतले, स्वतन्त्र र अटल ।।
ज्ञानभूमि शान्तिभूमि, तराई पहाड हिमाल ।
अखण्ड यो प्यारो हाम्रो, मातृभूमि नेपाल ।।
बहुल जाती भाषा धर्म, संस्कृति छन् विशाल ।
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।।

## सहकारीका अन्तर्राष्ट्रिय सिद्धान्तहरू

(१) स्वेच्छिक तथा खुल्ला सदस्यता
(२) सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण
(३) सदस्यहरूको आर्थिक सहभागिता
(४) स्वायतता तथा स्वतन्त्रता
(५) शिक्षा, तालिम र सूचना
(६) सहकारी संस्थाहरूका बिच सहयोग
(७) समुदाय प्रति चासो

## साकोस सञ्चालनका अन्तर्राष्ट्रिय सिद्धान्तहरू

### सहकारी संरचना

- सदस्यहरूको स्वामित्व
- सदस्यहरूको नियन्त्रण
- लोकतान्त्रिक नियन्त्रण

### सदस्यलाई सेवा

- वित्तीय समावेशीकरण
- वित्तीय स्थिरता
- सदस्यहरूको आर्थिक लाभ वृद्धि

### सामाजिक दायित्व

- वित्तीय साक्षरता
- सञ्जाल सहकार्य
- सामाजिक उत्तरदायित्व
- विश्वव्यापी दृष्टिकोण

# नेपालको नक्सा




● संस्थाको कार्यक्षेत्र

## संस्थाको गतिविधिका झलकहरू:



२० औं वार्षिक साधारण सभामा संस्थाका सञ्चालक र लेखा सुपरिवेक्षण समिति



२० औं वार्षिक साधारण सभामा संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र व्यवस्थापन



२० औं वार्षिक साधारण सभाको समुद्घाटन गर्नुहुँदै बागमती प्रदेश कृषि तथा पशुपंक्षी मन्त्री मा. बसुन्धरा हुमागाई



सञ्चालकहरूको क्षमता अभिबृद्धि पुनर्ताजगी तालिममा सहभागि सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र प्रमुख कर्मचारीहरू

# संस्थाको गतिविधिका झलकहरू:




संस्थाद्वारा आयोजित २८ औं कार्यकुशलता तथा सिकाई व्यवस्थापन कार्यशालामा सहभागी एक्सेस ब्राण्डिङ् कार्यक्रमका सहभागी संस्थाहरू



सञ्चालक समितिको बैठकमा सहभागिता जनाउँनु हुँदै संस्थाका सञ्चालकहरू



संस्थाको २१ औं स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा सञ्चालक र सल्लाहकारहरू



उद्यमशीलता विकास तालिम कार्यक्रममा प्रमाण लिँदै तालिमका सहभागी सदस्यहरू

# संस्थाको गतिविधिका झलकहरु:



सदस्य विस्तारित मञ्च तथा शिक्षा कार्यक्रममा सहभागिता जनाउँदै सदस्यहरू




६५ औं राष्ट्रिय सहकारी दिवसको र्‍यालीमा सहभागी हुँदै संस्थाका सञ्चालक, सदस्य र कर्मचारीहरू



विश्वका विभिन्न मुलुकबाट चन्द्रागिरि साकोसमा आयोजना भएको भर्च्युअल एक्स्पोजर कार्यक्रममा मन्तव्य राख्नु हुँदै एशियाली ऋण महासंघकी प्रमुख कार्यकारी अधिकृत




उद्यमी मेलामा संस्थाद्वारा राखिएको स्टलमा आफ्नो उत्पादन प्रदर्शन गर्दै संस्थाका सदस्यहरू

## चन्द्रागिरि साकोसमा उपलब्ध रेमिट्यान्स सेवा प्रदायक कम्पनीहरू :

# २१ औं वार्षिक साधारण सभा

१६ -२३ पौष २०७९

## विषयसूची


| | |
|---|---|
| २१ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना | ८ |
| उपस्थिति दर्ता तालिका | ९ |
| संस्थाको संक्षिप्त परिचय | १० |
| सञ्चालक समितिको प्रतिवेदन | १६ |
| आ.व.२०७९/०८० को कार्यक्रम तथा बजेट एवं ४ वर्षे रणनीतिक व्यवसायिक योजना | २५ |
| लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन | ३१ |
| वित्तीय विवरण सम्बन्धी नीति तथा टिप्पणीहरू | ३८ |
| लेखा सम्बन्धी नीति तथा टिप्पणीहरू | ३९ |
| वासलात विवरण | ४४ |
| आय विवरण | ४५ |
| नगद प्रवाह विवरण | ४६ |
| नाफाको बाँडफाँड हिसाब | ४७ |
| इक्विटी परिवर्तनको विवरण | ४८ |
| वासलात तथा नाफा नोक्सान खातासँग सम्बन्धित अनुसूचीहरू | ४९ |
| सदस्य सुझाव फाराम | ७१ |

**चन्द्रागिरि**
**बचत तथा ऋण सहकारी संस्था लि.**
"दिगो साकास, सुखी र समृद्ध सदस्य"

दर्ता नं.: ७२४/०५७/५८
पान नं. ३०१९५२८०४

प.स. : २०७९/०८०  मिति : २०७९/०८/१६
च.नं. :

श्री ........................................ ज्यू
........................................

## २१ औं वार्षिक साधारण सभा हुने बारे सूचना

यस संस्थाको सञ्चालक समितिको मिति २०७९/०८/१५ गते बसेको बैठकको निर्णय अनुसार संस्थाको २१ औं वार्षिक साधारण सभा तपसिल बमोजिम हुने भएकोले तोकिएको मिति, समय र स्थानमा तोकिएका ईकाइहरूमा उपस्थित भई साधारण सभामा सहभागिता जनाईदिनु हुन अनुरोध छ ।

**तपसिल**:

निर्णयार्थ प्रस्तावित कार्यसूचीहरू:

१. आ.व. २०७८/०७९ को सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा ।
२. आ.व. २०७८/०७९ को लेखासुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
३. आ.व. २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
४. आ.व. २०७९/८० को प्रस्तावित बजेट तथा कार्यक्रम सम्बन्धमा ।
५. संस्थाको रणनीतिक व्यवसायिक योजना सम्बन्धमा ।
६. विनियम संशोधन तथा पुनर्लेखन सम्बन्धमा ।
७. आ.व. २०७९/८० को लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
८. शेयर लाभांस तथा संरक्षित पुँजी फिर्ता सम्बन्धमा ।
९. सहकारी एकीकरण सम्बन्धमा ।
१०. स्थीर सम्पत्ति खरिद तथा बिक्री सम्बन्धमा ।
११. आन्तरिक कार्यविधिहरू सम्बन्धमा ।
१२. कानुनी प्रकृयामा रहेका संस्थाको लेना रकमहरू असुल उपर सम्बन्धमा ।
१३. निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि चयन सम्बन्धमा ।
१४. विविध ।

चन्द्रागिरि नगरपालिका-७, थानकोट, महादेवस्थान, काठमाडौं, नेपाल
०१ - ४३१३०५८, ४३१३०५९, ४३१६७७७
info@chandragiri.coop.np
saccoschandragiri@gmail.com
www.chandragiri.coop.np

**साधारण सभा कार्यक्रमः**

| मिति | ईकाई | क्षेत्र | समय | स्थान |
|---|---|---|---|---|
| २०७९/०९/१६ | १ | शुभतारा सेवाकेन्द्र अन्तर्गत पायक पर्ने ललितपुर तथा अन्य क्षेत्रका सदस्यहरु | विहान ८ बजे | होटल ट्रिनिटी, खुमलटार, ललितपुर |
| २०७९/०९/१७ | २ | काठमाडौं महानगरपालिका र पायक पर्ने अन्य क्षेत्रका सदस्यहरु | विहान ८ बजे | Cafe Jaspar (भिन्तुना रेष्टुरेन्ट) ठमेल, माछापुच्छे बैंक अगाडी |
| २०७९/०९/१८ | ३ | दहचोक सेवाकेन्द्र तथा पायक पर्ने अन्य क्षेत्रका सदस्यहरु | विहान ८ बजे | दहचोक सेवाकेन्द्रको कार्यालय |
| २०७९/०९/१९ | ४ | मुख्य कार्यालय (स.न.: १ देखि स.न. ४,५०० सम्म) | विहान ८ बजे | मुख्य कार्यालय चन्द्रागिरि ७, चेकपोष्ट |
| २०७९/०९/२० | ५ | मुख्य कार्यालय (स.न.: ४,५०१ देखि स.न. ९,००० सम्म) | विहान ८ बजे | मुख्य कार्यालय चन्द्रागिरि ७, चेकपोष्ट |
| २०७९/०९/२१ | ६. | मुख्य कार्यालय (स.न.: ९,००१ देखि स.न. १३,००० सम्म) | विहान ८ बजे | मुख्य कार्यालय चन्द्रागिरि ७, चेकपोष्ट |
| २०७९/०९/२२ | ७ | मुख्य कार्यालय (स.न.: १३,००१ देखि स.न. १९,५०० सम्म) | विहान ८ बजे | मुख्य कार्यालय चन्द्रागिरि ७, चेकपोष्ट |

इकाई सभाबाट चुनीनुहुने प्रतिनिधिहरूको निर्णय प्रमाणित गर्ने सभा : मिति २०७९ पौष २३ गते शनिवार, ११ बजे ह्वाईट दरबार पार्टी प्लालेस, सतुंगल (नेपाल ए.पि.एफ. अस्पताल संगै)

पुनश्चः

१. वार्षिक प्रतिवेदनको विद्युतीय प्रति संस्थाको वेबसाईट र फेसबुकबाट साधारण सभा हुनु भन्दा ३ दिन अगावै डाउनलोड गरी अध्ययन गर्न सकिने छ भने उपस्थिति दर्ता स्थलबाट प्रतिवेदनको छपाई संस्करण प्राप्त गर्न सकिनेछ ।

२. उपस्थित सदस्यहरूलाई यातायात तथा खाजा खर्च वापत रू.४००।- उपलब्ध गराईनेछ ।

३. उपस्थिति दर्ता गराउन आउँदा सदस्यता परिचय पत्र वा सदस्यता खुल्ने कागजातहरू सहित सदस्य स्वयं उपस्थित हुनु पर्नेछ ।

४. इकाई सभाबाट चुनीनुहुने प्रतिनिधिहरूले मिति २०७९ पौष २३ गते शनिवार हुने निर्णय प्रमाणित गर्ने सभामा सहभागी हुनुपर्नेछ ।

.............................................
अच्युतकुमार कार्की
सचिव

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. को संक्षिप्त परिचय

**संक्षिप्त पृष्ठभूमि :**

काठमाण्डौंको पश्चिम तर्फ रहेको चन्द्रागिरि पहाडको उत्तरी काखमा अवस्थित चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.को वि.स.२०५७ साल पौष २२ गते तत्कालीन महादेवस्थान गा.वि.स तथा यसका आसपासका २५ जना किसान, बिभिन्न पेशासँग आवद्ध व्यक्ति तथा सामाजिक अभियन्ताहरू मिली स्थापना गरिएको थियो । स्थापना गर्दा यसको नाम चन्द्रागिरि ग्रामीण विकास सहकारी संस्था लि. रहेको थियो । वि.स. २०५८ साल बैशाख ६ गते डिभिजन सहकारी कार्यालय काठमाण्डौंमा दर्ता भएपछि यसले मिति २०५८ बैशाख १३ गतेदेखि औपचारिक कारोवार प्रारम्भ गरेको थियो । सुरूदेखि नै समुदायमा आधारित रहेर सञ्चालन भएको यस संस्थाको मुख्य कार्यालय चन्द्रागिरि न.पा. वडा नं ७ थानकोट महादेवस्थानमा अवस्थित छ भने चन्द्रागिरि न.पा. १२, सृजनाचोकमा दहचोक सेवाकेन्द्र र ललितपुर महानगरपालिका वडा नं १४ मा शुभतारा सेवाकेन्द्र रहेका छन् ।

**कार्यक्षेत्र :**

यस संस्थाको कार्यक्षेत्र काठमाडौं जिल्ला, ललितपुर जिल्ला र धादिङ जिल्लाको धुनीबेसी नगरपालिका भर रहेको छ ।

**परिकल्पना :**

दिगो साकोस, सुखी र समृद्ध सदस्य ।

**ध्येय :**

बचत तथा ऋण सहकारीको अन्तर्राष्ट्रिय सिद्धान्तहरूलाई आत्मसात गर्दै नवीन विधि र अत्याधुनिक प्रविधिको समुचित प्रयोग गरी उत्कृष्ट वित्तीय सेवा एवं सामाजिक सुरक्षा सहित अन्य सेवाहरू मार्फत सदस्यहरूको जीवनस्तर अभिबृद्धि गर्ने ।

**अन्तर्निहित मूल्य :**

यस संस्था देहायका कुराहरूमा आफ्नो प्रतिवद्धता जाहेर गर्दछ ।

(क) यस संस्था सहकारीका सर्वमान्य अन्तर्राष्ट्रिय सिद्धान्तहरू र मूल्य मान्यताहरूलाई आत्मसात गर्दै आफ्नो कार्य संचालन प्रकृयामा तिनीहरूलाई अनुसरण गर्न प्रतिवद्ध छ ।

(ख) सदस्यता प्रदान गर्दा वा सदस्यहरूलाई सेवा प्रदान गर्दा जाती लिङ्ग धर्म आस्था र आर्थिक स्तरको आधारमा कुनै किसिमको भेदभाव र पक्षपात गर्ने छैन ।




(ग) संस्थामा सुशासन कायम गरी संस्थालाई दिगो रूपमा संचालन गर्न र सदस्यहरूको आर्थिक सामाजिक र सांस्कृतिक विकास गर्न प्रतिवद्ध छ ।

(घ) सदस्यहरूको नि:स्वार्थ सेवा आफ्नो धर्मको रूपमा लिनेछ साथै इमान्दारिता, पारदर्शिता र खुल्लापन मार्गदर्शक सिद्धान्तको रूपमा ग्रहण गर्नेछ ।

(ङ) सदस्यहरूवाट प्राप्त सल्लाह र सुझावहरू संस्था संचालनका आधारहरू बन्नेछन् ।

(च) संचालक एवं कर्मचारीहरू संस्थाप्रति स्वउत्तरदायी र जवाफदेही हुनेछन् र सदस्यहरूको काममा कुनै किसिमको ढिला सुस्ती हुन दिने छैनन् ।

(छ) संस्थाले सदस्यलाई सेवा प्रदान गर्ने सिलसिलामा कुनै किसिमको नाजायज फाईदा उठाउने छैन र कसैलाई पनि उठाउन दिने छैन ।

(ज) सदस्यहरूको आर्थिक कारोवारको गोपनियता राख्न संस्था प्रतिवद्ध छ ।

(झ) गोपनीयता राख्नै पर्ने बाहेक संस्थाका हरेक कारोवार र क्रियाकलापहरू सवै सदस्य तथा सरोकारवालाहरूका लागि पारदर्शी हुनेछन् ।

**आवद्धता :**

यस संस्था देहायका राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ संस्थाहरूमा आवद्ध रहेको छ ।

- एशियाली ऋण महासंघ (ACCU)
- नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कुन)
- राष्ट्रिय सहकारी बैंक लि.,
- बागमती प्रदेश सहकारी संघ लि.
- बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (प्रोस्कुन)
- जिल्ला सहकारी संघ लि. काठमाडौं
- काठमाडौं जिल्ला बचत तथा ऋण सहकारी संघ लि.;

**विशेषता :**

- समुदायमा आधारित
- ३६५ दिन काउन्टर सेवा
- मुख्य कार्यालयमा विहान ८ बजेदेखि साँझ ७ बजेसम्म सेवा
- सामाजिक सुरक्षा, एम्बुलेन्स तथा शव बाहन सुविधा
- डिजिटल सहकारी सेवा
- लघुवित्त कार्यक्रम सञ्चालन

**संस्थाले प्राप्त गरेका पुरस्कार तथा सम्मान :**

- राष्ट्रिय सहकारी महासंघबाट "उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार, २०७६"
- महामारीमा उत्कृष्ट सेवा पुऱ्याए वापत "नेफ्स्कुन प्रशंसा पुरस्कार,२०७८"
- कास्कुनबाट "उत्कृष्ट साकोस सम्मान, २०७७"
- नेफ्स्कुनबाट "सर्वोत्कृष्ट बचत र नवीकरण शुल्क सम्मान, २०७६"
- राष्ट्रिय सहकारी बैंकबाट "उत्कृष्ट कारोवार सम्मान, २०७५"
- ५९ औं राष्ट्रिय सहकारी दिवसमा "उत्कृष्ट संस्था सम्मान, २०७२"
- ५४ औं राष्ट्रिय सहकारी दिवसमा "उत्कृष्ट संस्था सम्मान, २०६७"

**संस्थाको बचत सेवा र ब्याजदर :**

| क्र.सं. | बचतको प्रकार | हालको ब्याजदर |
|---|---|---|
| १. | नियमित बचत | ७% |
| २. | मासिक बचत | ७% |
| ३. | बाल बचत | ७% |
| ४. | साधारण बचत | ६.५% |
| ५. | खुत्रुके बचत | ६.५% |
| ६. | रेमिट्यान्स बचत | ८.५% |
| ७. | छुनुमुनु बचत | ८%-१२.५% |
| ८. | सदस्य उन्नती बचत | ९.२५% |
| ९. | विशेष बचत | ७.५% |
| १०. | जेष्ठ सदस्य बचत | ८.५% |
| ११. | दैनिक बचत | ७% |
| १२. | शेयर लाभांस बचत | ६.५% |
| १३. | कर्मचारी सञ्चय कोष बचत | १२% |
| १४. | कर्मचारी हितकोष | १२% |
| १५. | संरक्षित पुँजी फिर्ता कोष बचत | ६.५% |
| १६. | पेन्सन नियमित बचत | १२% |
| १७. | आवधिक बचत १०० दिने | १३.५% |
| १८. | आवधिक बचत ६ महिने | १३.७५% |
| १९. | सरल आवधिक बचत | १३.७५% |
| २०. | आवधिक बचत १ वर्ष | १४.५% |
| २१. | आवधिक बचत २ वर्ष | १४.७५% |
| २२. | रेमिट्यान्स आवधिक बचत | १५.२५% |

**संस्थाको ऋण सेवा र ब्याजदर :**

| क्र.सं. | ऋणको प्रकार | हालको ब्याजदर |
|---|---|---|
| १. | कृषि तथा पशुपालन ऋण | १५.५% |
| २. | व्यापार तथा व्यवसाय ऋण | १६% |
| ३. | उद्यमी पुनरूत्थान ऋण | १५.५% |
| ४. | उद्यमी ऋण | १६% |
| ५. | युवा उद्यमशीलता ऋण | १५.५% |
| ६. | आवास ऋण | १६% |
| ७. | जग्गा खरिद ऋण | १६% |
| ८. | प्रोफेशनल ऋण | १६% |
| ९. | हायर पर्चेज ऋण | १६% |
| १०. | शैक्षिक ऋण | १५.५०% |

| क्र.सं. | ऋणको प्रकार | हालको ब्याजदर |
|---|---|---|
| ११. | समूह जमानी लघुवित्त ऋण | १६% |
| १२. | सामाजिक कर्म ऋण | १६% |
| १३. | बैदेशिक रोजगार ऋण | १६% |
| १४. | नियमित बचत जमानी ऋण | १४% |
| १५. | लघुवीत्त शेयर जमानी ऋण | १६% |
| १६. | आवास ऋण | १६% |

| क्र.सं. | ऋणको प्रकार | हालको ब्याजदर |
|---|---|---|
| १७. | बैकल्पिक उर्जा ऋण | १६% |
| १८. | चालु पुँजी ऋण | १६% |
| १९. | चन्द्रागिरि सरल ऋण | १६% |
| २०. | बचत जमानी ऋण | १५.५०% |
| २१. | आवधिक बचत ऋण | +२% |
| २२. | कर्मचारी सहुलियत | १४.५% |

**सदस्यहरूले प्राप्त गर्ने सेवा सुविधा :**

| क्र.सं. | सेवा सुविधा | विवरण |
|---|---|---|
| १. | काजक्रिया राहत | सदस्यको मृत्य भएमा रू. ५ हजारदेखि रू. १५ हजार र सदस्यको परिवारको मृत्यु भएमा रू. ५ हजारसम्म । |
| २. | स्वास्थ्य उपचार राहत | अस्पतालमा भर्ना भई उपचार गराउँदा वर्षको ३० हजारसम्म । शल्यक्रिया गर्नु पर्ने भएमा भर्ना नभएतापनि सुविधा प्राप्त हुने । |
| ३. | घातक रोग उपचार राहत | घातक रोग लागेमा कारोवारको आधारमा वर्षमा बढीमा रू. ५ लाख सम्मको घातक रोग उपचार राहत सुविधा प्राप्त हुने । हाल १८ घातक रोगहरूमा यो सुविधा उपलब्ध छ । |
| ४. | सुरक्षित मातृत्व खर्च | अस्पताल भर्ना भई सुत्केरी भएमा रू. ५ हजारदेखि रू. ७ हजारसम्म । |
| ५. | एम्बुलेन्स सुविधा | सदस्यहरूले वर्षको ३ पटकसम्म निःशुल्क सेवा लिन सक्ने । |
| ६. | शववाहन सुविधा | सदस्य र सदस्यको परिवारले निःशुल्क सेवा लिन सक्ने । |
| ७. | आकस्मिक सापटी सुविधा | स्वास्थ्य उपचार, दुर्घटना, दैवीप्रकोप, महामारी, आगलागी, भुकम्प आदि जस्ता आकस्मिक अवस्थाहरूमा १ जना धनजमानी राखी रू. १५ हजार सम्म ९० दिनको लागि निर्ब्याजी सापटी सुविधा उपलब्ध हुने । |
| ८. | तीर्थाटन | वार्षिक कारोवारको आधारमा सदस्यहरूको समेत योगदान रहने गरी देशभित्र, देशबाहिरका विभिन्न धार्मिक तथा पर्यटकीय स्थलहरूको दर्शन कार्यक्रममा सहभागी हुने अवसर । |
| ९. | छात्रवृत्ति | कार्यक्षेत्र भित्रका सामुदायिक विद्यालय तथा क्याम्पसमा अध्ययन गर्ने आर्थिक रूपले बिपन्न र जेहेन्दार विद्यार्थीहरूको लागि चन्द्रागिरि उच्च शिक्षा छात्रवृत्ति प्रदान गरिने । |
| १०. | विभिन्न तालिम तथा परामर्श | वित्त व्यवस्थापन, पारिवारिक योजना र बजेट, उद्यमशीलता विकास, व्यवसाय प्रवर्द्धन, बजारीकरण, व्यक्तित्व विकास, सिप विकास आदिको लागि विभिन्न तालिम तथा परामर्श । |
| ११. | दुर भुक्तानी सेवा | सदस्यहरूले सहकारीमा रहेको आफ्नो खाताको रकम दुर भुक्तानी पुर्जाको आधारमा सहकारीमा उपस्थित नै नभई आफ्नो बैंक खातामा भुक्तानी प्राप्त गर्ने सुविधा । |

**प्रविधिमा आधारित डिजिटल सेवाहरू :**

| क्र.सं. | सेवाको प्रकार | विवरण |
|---|---|---|
| १. | चन्द्रागिरि एम. सर्भिसेस् | बैंकिङ सेवा,<br>बैंकबाट चन्द्रागिरि र चन्द्रागिरिबाट बैंकमा फण्ड ट्रान्स्फर सेवा,<br>वालेटहरूमा रकम लोड सेवा,<br>रेमिट्यान्स सेवा,<br>QR भुक्तानी सेवा,<br>क्रेडिट कार्ड भुक्तानी सेवा,<br>बिल र युटिलिटी बिल भुक्तानी सेवा,<br>टिकेटिङ र बुकिङ सेवा,<br>मोबाईल टपअप, टेलिफोन महशुल, ईन्टरनेट, टि.भी. टुटल पठाओ, ट्राफिक जरिवाना, शेयर र ब्रोकर आदिको भुक्तानी सेवा,<br>बिमा शुल्क, विद्युत महशुल, खानेपानी आदिको भुक्तानी सेवा,<br>एनसेल Ncell Voice/Data Pack खरिद |
| २. | ए.टि.एम सेवाः | चन्द्रागिरि साकोसको एटिएम कार्डबाट रकम निकाल्न सकिने एटिएम धारक बैंक वित्तीय संस्था<br>१. चन्द्रागिरि साकोसको आफ्नै एटिएम ।<br>२. नेपालमा एटिएम सेवा सञ्चालन गर्ने सबै सहकारी संस्था ।<br>३. विभिन्न बाणिज्य बैंक, विकास बैंक तथा फाईनान्स कम्पनि । |

**संस्थाले सञ्चालन गरेका महत्वपूर्ण क्रियाकलापहरू :**

- सामुदायिक विद्यालय तथा क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई कक्षा ११ देखि स्नातकोत्तर तहसम्म अध्ययनको लागि चन्द्रागिरि उच्च शिक्षा छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम ।
- संस्थाको सदस्यहरूको सवारी साधनको ब्लुबुक नवीकरण र कर्मचारी सञ्चयकोषको ऋण सापटीको किस्ता भुक्तानीको लागि स्मार्ट काउन्टर सेवा ।
- वि.स. २०७६ माघ १ गतेबाट संस्थाका सदस्यहरूको लागि बसभाडामा ४० प्रतिशत छुटको व्यवस्था।
- कोभिड १९ को महामारीको समयमा नि:शुल्क पिपिई वितरण तथा भ्यान्टीलेटर निर्माण, स्वावटेस्ट बुथ निर्माणमा हौसला प्रदान गर्ने उद्देश्यले राष्ट्रिय आविष्कार केन्द्रलाई आर्थिक सहयोग ।
- कोरोना भाईरस नियन्त्रणका लागि स्थापित सहकारी केन्द्र तथा अन्य संघ संस्थाहरूलाई आर्थिक सहयोग ।
- कोभिड १९ को महामारीबाट प्रभावित ऋणहरूको भाखा सार्ने सुविधा उपलब्ध गराउनुको साथै ५ देखि १५ प्रतिशत ब्याज रिबेट उपलब्ध गराईएको ।
- लकडाउन अवधिमा अस्पतालमा उपचार गराईरहेका सदस्यहरूलाई उपचार खर्चको अभाव भएमा रू. २५ हजारसम्मको अस्पतालको बिल संस्थाकै तर्फबाट भुक्तानी गर्ने व्यवस्था गरिएको ।
- कोभिड १९ को महामारी तथा लकडाउनको कारण प्रभावित साना स्वरोजगार सञ्चालन गरिरहेका, अनौपचारिक क्षेत्रमा श्रमिक सदस्यहरूलाई रू. १५ हजार सम्म ९० दिनको लागि निशुल्क सापटी उपलब्ध गराईएको ।
- वि.स. २०७२ मा इन्धन अभावको कारण सार्वजनिक यातायात सहज नहुदाँ नि:शुल्क यातायात सञ्चालन ।
- मितब्ययी सामाजिक जागरणका लागि नियमित सामुहिक ब्रतबन्ध कार्यक्रम सञ्चालन ।
- युवाहरू सशक्तिकरणका लागि खेलकुद कार्यक्रम सञ्चालन र सहयोग ।
- स्थानीयस्तरमा वातावरण संरक्षणको लागि प्लाष्टिक झोला मुक्त गर्ने अभियान सफल पार्न सदस्यहरूलाई पुन: प्रयोग गर्न सकिने झोला नियमित वितरण ।

- बिगत ९ बर्षदेखि सदस्य, असक्त, असहाय, बिपन्न बर्गलाई निशुल्क शवबाहन तथा एम्बुलेन्स सेवा प्रदान ।
- आर्थिक रूपमा कमजोर तथा जेहेन्दार बिद्यार्थीहरूलाई कक्षा १० सम्म छात्रबृत्ति प्रदान ।
- सहकारी, शैक्षिक तथा सामाजिक क्षेत्रमा उल्लेखनीय भूमिका निर्वाह गरेका ब्यक्ति तथा संस्थाहरूलाई निरन्तर सम्मान तथा सहयोग ।
- नियमित सदस्य तथा समुदायमा स्वास्थ्य परीक्षण कार्यक्रम स्वरुप विभिन्न विषयको स्वास्थ्य शिविर र महिला प्रजनन् स्वास्थ्यसँग सम्वन्धित रोग निवारण तथा पहिचानका लागि स्वास्थ्य सचेतनात्मक कार्यक्रमको निरन्तरता ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी दिवसमा आयोजित कार्यक्रम तथा सार्वजनिक यातायात, सडक ट्राफिक ब्यवस्थापन सरसफाई लगायत बिभिन्न स्थानीयस्तरमा रहेका समस्याहरू समाधानमा सक्रिय सहभागिता ।

**संस्थाको स्थापनाकालदेखि वर्तमान समयसम्मको कारोवारका झलकहरू**

| आ.ब. | शेयर पुँजी रू. | बचत रू. | ऋण रू. | कुल सम्पत्ति रू. |
|---|---|---|---|---|
| ०५७/५८ | ३,५८,०००।- | ३६,१२९।- | ३४,१२५।- | ३,९६,६८४।- |
| ०५८/५९ | ७,२९,०००।- | ३,०६,०२२।- | ८,९१,२००।- | ११,१२,७२८।- |
| ०५९/६० | १२,३३,०००।- | १३,२२,६०१।- | १८,५९,९७३।- | २६,३७,५५३।- |
| ०६०/६१ | १५,००,०००।- | ३४,९०,३२०।- | ३२,२८,६९६।- | ५३,५०,३७१।- |
| ०६१/६२ | २३,४३,०००।- | १,०३,५१,६३६।- | १,०८,५३,४७३।- | १,३८,५३,३४०।- |
| ०६२/६३ | ३०,००,०००।- | १,६३,२६,८९९।- | १,४२,३१,८२३।- | २,१०,४७,३८३।- |
| ०६३/६४ | ४०,००,०००।- | २,६०,१३,६४३।- | २,५५,६०,५१४।- | ३,२४,५७,६१४।- |
| ०६४/६५ | ६०,००,०००।- | ४,१५,०९,२०३।- | ३,९६,१२,१४८।- | ५,१६,३२,०५३।- |
| ०६५/६६ | १,०२,००,०००।- | ८,३८,९१,५९२।- | ८,५४,४०,०४३।- | १०,३७,४३,२९३।- |
| ०६६/६७ | २,०७,००,०००।- | १४,४४,४८,८४२।- | १२,२२,५६,०४९।- | १७,८८,५६,८३०।- |
| ०६७/६८ | ३,१३,००,०००।- | २३,९७,५०,०२०।- | २१,३०,७८,४६४।- | २९,४४,८४,२८४।- |
| ०६८/६९ | ४,१३,००,०००।- | ३९,४४,२१,८६८।- | २८,०८,३९,५१०।- | ४७,२६,७९,५६५।- |
| ०६९/७० | ४,५५,७२,८००।- | ४४,२३,४०,४५०।- | ४८,०३,३५,६३९।- | ६२,०२,९०,३९३।- |
| ०७०/७१ | ५,२७,३७,९००।- | ५३,९४,६८,३०२।- | ४९,२७,४२,१६१।- | ७०,४१,०३,१७३।- |
| ०७१/७२ | ६,७६,००,०००।- | ६५,८०,९५,६३७।- | ६०,९६,४०,७५५।- | ९५,२४,१८,५९१।- |
| ०७२/७३ | ७,४२,०२,३००।- | ८८,३८,११,२९८।- | ७३,३८,६३,२५३।- | १,२०,४९,६४,३१०।- |
| ०७३/७४ | ८,४९,९३,७००।- | ९५,०३,१४,२५२।- | ८७,४१,३१,६०६।- | १,४०,५२,८७,३९४।- |
| ०७४/७५ | ९,२६,९२,८००।- | १,१०,०३,८४,६७५।- | ८१,०७,५८,७१२।- | १,४५,२६,७२,७०८।- |
| ०७५/७६ | १०,२०,००,०००।- | १,४०,२६,७२,९३९।- | १,१०,६६,१६,३७२।- | १,७२,८५,०२,६७०।- |
| ०७६/७७ | १०,६४,००,०००।- | १,७४,८४,६७,८००।- | १,२८,३९,०४,६८७।- | २,१०,९३,६१,८९५।- |
| ०७७/७८ | १६,१३,८०,०००।- | २,२१,२४,८१,७००।- | १,७३,८५,४७,७८२।- | २,७२,६९,८१,६७८।- |
| ०७८/७९ | १७,४०,४९,५००।- | २,४१,६९,५८,६९१।- | २,००६,७७,६४९८।- | २,९४,२५,५१,२२३।- |

आ.व. २०६४/०६५ देखि सदस्यहरूले प्राप्त गरेको सुविधा रकमको बिवरण:

| आ.ब. | सेवा सुविधाको विवरण | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | काजकिरिया | स्वाथ्य उपचार | घातक रोग उपचार | दुर्घटना क्षति | सुरक्षित मातृत्व | एम्बुलेन्स सुविधा | शव बाहन सुविधा | |
| ०६४/६५ | ९१,०००।- | १,३५,६८०।- | | ४०,०००।- | ३०,१६०।- | | | २,९६,८४०।- |
| ०६५।६६ | १,१६,०००।- | २,७९,०५५।- | | | ३१,१७३।- | ६,९५०।- | | ४,३३,१७८।- |
| ०६६।६७ | १,२३,०००।- | ४,४४,२००।- | | | ३३,६३७।- | ९,२३०।- | | ६,१०,०६७।- |
| ०६७।६८ | १,८५,०००।- | ४,७९,५५५।- | | २०,०००।- | ३६,५८९।- | ७,२५०।- | | ७,२८,३९४।- |
| ०६८।६९ | १,६४,०००।- | ६,०६,०१७।- | | | १,३१५५९।- | २३४३०।- | | ९,२५,००६।- |
| ०६९।७० | १,६८,०००।- | १०,३७,११८।- | | | १,७५,९१३।- | १,०७,२५०।- | ११,०००।- | १४,९९,२८१।- |
| ०७०।७१ | २,२३,८००।- | १६,६०,६१२।- | | | ८७,४११।- | १,१०,७६१।- | १८,५००।- | २१,०१,०८४।- |
| ०७१।७२ | २,१५,५००।- | १३,२७,६६५।- | | ९१,०००।- | १,६०,३५३।- | ७१,९०२।- | १९,७५०।- | १८,८६,१७०।- |
| ०७२।७३ | १,७६,६००।- | ११,५१,७३२।- | | १,०४,०००।- | १,५२,८१८।- | ८७,३१०।- | ११,२६०।- | १६,८३,७२०।- |
| ०७३।७४ | १,६७,७००।- | १५,४८,६५४।- | | | १,०५,,५००।- | ८१,५८५।- | १२,७६२।- | १९,१६,२०१।- |
| ०७४।७५ | ४,०५,५५०।- | १७,७८,७९१।- | | ९९,०००।- | २,५८,४५०।- | १,०५,४९५।- | ९,०६०।- | २६,५६,३५४।- |
| ०७५।७६ | ५,२१,७००।- | ३४,२६,५४२।- | | १,००,०००।- | ४४४,५२६।- | १,२८,७७५।- | ३१,०९०।- | ४६,५२,६३३।- |
| ०७६।७७ | ५,३५,६२५।- | २६,१३,६७४।- | ४८,०००।- | ९०,०००।- | ४,५३,३११।- | १,२४,३१९।- | २७,८८३।- | ३८,९२,८१२।- |
| ०७७।७८ | ५,५३,३७५।- | २५,०९,५३४।- | ५,९६,८२२।- | | ४,२६,९०५।- | ८३,८०५।- | १५,९२०।- | ४१,८६,३६१।- |
| ०७८।७९ | ७,५४,१२५।- | ४०,७०,६७४।- | ३,७६,४९०।- | | ४,९४,८५०।- | १,०९,५५५।- | १४,७५०।- | ५८,२०,४४४।- |
| जम्मा | ४४,००,९७५।- | २,३०,६९,५११।- | १०,२१,३१२।- | ५,४४,०००।- | ३०,२३,१५५।- | १०,५७,६१७।- | १,७१,९७५।- | ३,३२,८८,५४५।- |

आ.व. २०६४/०६५ देखि सदस्य सेवा सुविधा रकम प्राप्त गर्ने सदस्यहरूको संख्यात्मक बिवरण:

| आ.ब. | सेवा सुविधाको विवरण | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | आपतकालिन सापटी | काजकिरिया | घातक रोग उपचार | स्वाथ्य उपचार | दुर्घटना क्षति | सुरक्षित मातृत्व | एम्बुलेन्स सुविधा | शव बाहन सुविधा | |
| ०६४।६५ | २३ | २५ | | २४ | १ | १४ | | | ८७ |
| ०६५।६६ | २७ | ३४ | | ३६ | | ११ | १५ | | १२३ |
| ०६६।६७ | ६१ | ४० | | ५८ | १ | १५ | २० | | १९५ |
| ०६७।६८ | ८६ | ५१ | | ६६ | | १४ | १५ | | २३२ |
| ०६८।६९ | ४७ | ४८ | | ७७ | | ३४ | १४३ | | ३४९ |
| ०६९।७० | १६ | ४७ | | ११६ | | ४८ | १८० | ८ | ४१५ |
| ०७०।७१ | १७ | ६३ | | १७८ | | २४ | १७४ | ८ | ४६४ |
| ०७१।७२ | १० | ६० | | १३५ | ३ | ४५ | १५१ | ९ | ४१३ |
| ०७२।७३ | २२ | ५७ | | ११० | ३ | ५० | १४२ | ६३ | ९० |
| ०७३।७४ | ६५ | ११ | | ४६ | | ३५ | १२९ | ९ | ३७६ |
| ०७४।७५ | ११ | ८७ | | १६७ | ३ | ७६ | १६२ | ६ | ५१२ |
| ०७५।७६ | ६९ | ९ | | २९० | १ | ९२ | १७६ | २१ | ६८५ |
| ०७६।७७ | ४० | १०२ | १ | २१६ | २ | ८९ | १९३ | १८ | ६६१ |
| ०७७।७८ | ९ | ११४ | ७ | २१३ | | ८९ | १२५ | १२ | ५६९ |
| ०७८।७९ | ४ | १७४ | ४ | ३२१ | | १०५ | १६६ | ९ | ७८३ |
| जम्मा | ३८५ | १०५२ | १२ | २१५३ | १४ | ७४१ | १७९१ | ३८५ | ६२५४ |

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लिमिटेडको

## २१ औं वार्षिक साधारण सभा २०७९ पौष १६ देखि २३ गते

## सञ्चालक समितिको तर्फबाट

## अध्यक्ष योगेन्द्रकुमार कुँवरज्यूद्वारा प्रस्तुत प्रतिवेदन

चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्थाको २१ औं वार्षिक साधारण सभाका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरू, संस्थाका शेयर सदस्यज्यूहरू, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, सल्लाहकार परिषदका संयोजक तथा सदस्यज्यूहरू, प्रमुख कार्यकारी अधिकृतज्यू, उपसमितिका सदस्यज्यूहरू, सञ्चारकर्मी मित्रहरू र उपस्थित महिला तथा सज्जनबृन्दहरूलाई यस गरिमामय सभामा हार्दिक स्वागत गर्न चाहन्छु ।

लामो समयसम्म चलेको कोभिड १९ को महामारी, विगत केही समययता रूस र युक्रेनबीच जारी युद्ध, जलबायु परिवर्तनका कारणले ब्यहोर्न परेको प्राकृतिक बिनास तथा मानवीय क्षति आदिको कारण विश्वव्यापी रूपमा आर्थिक गतिविधिहरू प्रभावित भएको अवस्था छ । पेट्रोलियम पदार्थ र खाद्य वस्तुको मूल्यमा उल्लेख्य वृद्धिभएको छ । यसले व्यापारिक गतिविधि तथा पुँजी प्रवाह प्रभावित भएको छ । जसले गर्दा कोभिडबाट थिलथिलो भई पुनरूत्थान हुन लागेको अर्थतन्त्रमा चुनौती थपिएको छ । नेपाली अर्थतन्त्रमा यसले पारेको प्रभाव स्वरूप मूल्य एवम् बाह्य क्षेत्रमा परेको आर्थिक उतारचढावको कारणले लगानीयोग्य साधनमा संकुचन आएको छ । अर्को तर्फ आर्थिक वर्ष २०७८/७९ को नौ महिनासम्म विप्रेषण आप्रवाह घट्दै गएको र बाँकी रहेको ३ महिनामा झिनो बृद्धिदर रहनुको साथै नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार आ.व. २०७८/०७९ मा बैंक वित्तीय संस्थाहरूको निक्षेप (५.७%) र कर्जा प्रवाह (१३.५%)मा असन्तुलित बृद्धि, आयातमा भएको उल्लेख्य वृद्धि आदिका कारण पुरै आर्थिक वर्ष वित्तीय बजार तरलता संकुचनको अवस्थाबाट गुज्रनु परेको देखिन्छ । वित्तीय बजारमा देखिएको तरलता संकुचनको अवस्थाबाट सहकारी संस्थाहरू पनि अछुतो रहन सकेनन् ।

यस प्रकारको विषम परिस्थितिका बावजुत पनि यस संस्थाले 'दिगो साकोस, सुखी समृद्ध सदस्य' भन्ने मुल नारालाई आत्मसाथ गर्दै सदस्य सेवामा पूर्ण रूपमा डटेर समर्पित रह्यो र आर्थिक वर्षको अन्तसम्ममा तदनुरूपको प्रतिफल पनि हासिल गर्न सफल रह्यो । सदस्यता बृद्धि, वित्तीय लक्ष्यहरूको उपलब्धी र कार्यक्रमहरूको कार्यान्वयन स्तर सन्तोषजनक रह्यो ।

चालु आ.व.को हालसम्मको अवस्थालाई हेर्दा सहकारी तथा बैंक वित्तीय संस्थाहरूको अल्पकालीन तथा दीर्घकालीन ब्याजदरहरू बढेको अवस्था देखिन्छ । यसले वस्तुको उत्पादन लागत बढाउने र स्वभाविक रूपमा मूल्यबृद्धि अझ थपिने सम्भावना देखिन्छ । तथापी वित्तीय बजारमा तरलता संकुचनको अवस्था कायमै रहदा लगानी योग्य रकमको अभाव हुन गई ऋण प्रभाव न्यून भईरहेको परिप्रेक्ष्यमा यस संस्थाले भने सुरूको अवधिदेखि तरलता मौज्दात व्यवस्थापनमा विशेष ख्याल राखी होसियारीपूर्वक कर्जा प्रवाह गरेको हुँदा तरलता संचितिको अवस्था मजबुत रहन सकेको छ, परिणाम त सहकारीका सदस्यहरूलाई नभई नहुने साना र मझौला कर्जाहरू कुनै पनि दिन नरोकीकन लगानी गर्न संस्था सफल रहेको छ ।

पछिल्लो समय कतिपय सहकारी संस्थाहरूको गलत अभ्यास, सहकारी सन्दर्भ व्याजदरलाई नियमित रूपमा अद्यावधिक गर्न तालुकदार निकायहरूमा देखिएको उदासिनता, प्रभावकारी अनुगमन संयन्त्रणको कमी र सहकारी अभियानबाट भएको प्रयास र लविङ प्रभावकारी हुन नसकेको कारण सहकारी क्षेत्रले आम जनमानसमा आफ्नो छवी गुमाईरहेको अवस्था छ । सहकारीमा देखिएका समस्याहरू समाधान गर्नको लागि कम्तिमा स्थानीय तहहरूमा अन्य विभिन्न नाउँबाट बचत तथा ऋणको कारोवार गर्ने संस्थाहरू दर्ता गर्ने कार्य रोक्न, सहकारी संस्थाहरूलाई ठुला कार्यक्षेत्र स्वीकृति दिने कार्य बन्द गर्न, सहकारी संस्थाहरू सहकारीको मूल्य र सिद्धान्त अनुरूप सञ्चालन हुन, सहकारी एकीकरणको लागि प्रोत्साहन दिने बाध्यकारी नीति ल्याउन र प्रभावकारी अनुगमन नियमनलाई अगाडि बढाउन सम्बन्धित सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउन चाहन्छौं । साथै यस चन्द्रागिरि साकोस सहकारीका सिद्धान्त र मूल्यहरूको पालना गर्दै सुशासनको पूर्ण प्रत्याभुत हुने गरी सञ्चालन गर्न र सदा झैं सदस्यहरूले जम्मा गर्नुभएको बचत र शेयर रकम सदस्यहरूकै हित र रोजगारी सृजना गर्नको लागि परिचालन गर्न प्रतिवद्ध रहँदै चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्थालाई अझ विपन्न वर्गसम्म पुग्ने रणनीतिका साथ सामुहिक उद्यमको भावना मार्फत वास्तविक सहकारीको रूपमा सञ्चालन गर्न यस सभा समक्ष प्रण गर्दछौं ।

**आदरणीय सदस्य महानुभावहरू,**

संस्थाको यस गरिमामय २१ औं वार्षिक साधारण सभामा यहाँहरू समक्ष आर्थिक वर्ष २०७८/०७९ को वित्तीय विवरण लगायत अन्य विवरणहरूको साथमा वर्षभरि संस्थाले गरेका मुख्य मुख्य कृयाकलाप सहितको प्रतिवेदन प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरी रहेको छु । अब म सञ्चालक समितिको तर्फबाट संस्थाको आ.व. २०७८/०७९ को समग्र आर्थिक कारोवार र संस्थाले हासिल गरेका उपलब्धी तथा प्रगतिहरूको विवरण प्रस्तुत गर्न अनुमती चाहन्छु ।

**१. सदस्यताः १५,८८४**

आ.व. २०७७/०७८ को अन्तसम्ममा संस्थाको सदस्य संख्या १४,२२० जना रहेकोमा आ.व. २०७८/०७९ मा १,६६४ जना सदस्य थप भई कुल सदस्य संख्या १५,८८४ जना कायम भएको छ । जसमध्ये १५,२४८ जना शेयर सदस्य ६३६ जना बाल बचतकर्ता रहेका छन् । कुल संख्या मध्ये ९७४९ जना महिला ६०४३ जना पुरूष र सहकारी ऐन नियमावली बमोजिम सदस्यता लिएका ९२ वटा संस्थागत सदस्य सहित उक्त सदस्य संख्या कायम भएको हो । गत वर्षको तुलनामा ११.७०% ले सदस्य संख्यामा बृद्धि भएको छ ।

**२. शेयर पुँजीः रू. १७,४०,९९,५००।-**

गत वर्षको शेयर पुँजी रू. १६,१३,८०,०००।- मा आ.व. २०७८/०७९ मा रू.१,२६,६९,५००।- बृद्धि भई २०७९ असार मसान्तमा संस्थाको चुक्ता शेयर पुँजी रू. १७,४०,९९,५००।- कायम भएको छ । शेयर पुँजीमा सदस्यहरूको सहभागितालाई तपसिल अनुसार वर्गीकरण गरिएको छ ।

| शेयर कित्ता | सदस्य संख्या | शेयर पुँजी रू. |
|---|---|---|
| न्यूनतम ५० सम्म | ५,०७२ | १,३०,९७,५००।- |
| ५१ देखि १०० सम्म | ५,९२८ | ३,८१,९९,७००।- |
| १०१ देखि ५०० सम्म | ३,७८७ | ७,५१,५०,१००।- |
| ५०१ देखि १,००० सम्म | ३२२ | २,२७,२२,१००।- |
| १००१ देखि माथि | १२९ | २,४८,८०,१००।- |
| जम्मा | १५,२४८ | १७,४०,४९,५००।- |

**३. बचत निक्षेपः रू. २,४१,६९,५८,६९०।४७**

आ.व. २०७९/०८० को अन्तमा संस्थाको कुल बचत निक्षेप रू. २,४१,६९,५८,६९०।४७ रहेको छ । गत आ.व.मा कायम भएको बचत निक्षेप रू. २,२१,२४,८१,७२६।४२ मा उक्त आ.व. मा ९.२४% ले बृद्धि भएको छ । विभिन्न १५ प्रकारका बचत प्रोडक्टहरूलाई नियमित, ऐच्छिक र आवधिक प्रकारमा वर्गीकरण गर्दा २०७९ असारमसान्त सम्ममा आवधिक बचत तर्फ रू. १,६९,४३,१३,२६४।५७ (७०%) ऐच्छिक बचत तर्फ रू. ४७,१५,६०,५४७।९५(२०%) र नियमित बचत तर्फ रू. २५,१०,८४,८७७।९५(१०%) बचत संस्थामा जम्मा भएको छ ।

**४. ऋण लगानी रू. २,००,६७,७६,४९८।०६**

२०७९ असारमसान्तमा संस्थाको लगानीमा रहेको ऋण रू. २,००,६७,७६,४९८।०६ कायम भएको छ । उक्त अङ्क अघिल्लो वर्ष लगानीमा रहेको ऋणमा १५.४३% बृद्धि भई कायम हुन आएको हो मुख्यतः व्यवसायिक, साना तथा मझौला उद्योग सञ्चालन, कृषि, घर जग्गा, शैक्षिक, सवारी साधन, समूह जमानी, युवा उद्यमशीलता आदि क्षेत्रमा संस्थाले प्राथमिकताका साथ लगानीलाई व्यवस्थापन गर्ने नीति लिएको छ । लगानीमा रहेको रकममध्ये समयमा भुक्तानी नभएका ऋणहरूको संस्थाले सम्भावित जोखिम कोषको व्यवस्था गरेको छ ।

**५. संस्थागत पुँजी रू. १०,७९,१५,९०४.१३**

जगेडा रू. ८,०४,३३,६४९.२७, घाटापुर्ति कोष रू. ३८,६५,५०२।३८, सहकारी विकास कोष रू. १६,१०,६२५।९९, संस्थागत पुँजी योगदान कोष रू. २,०५,४६,१२६।४९ लगायत अन्य संस्थागत पुँजी योगदान कोषमा गणना गर्न सकिने रकम रू. १४,६०,०००।०० सहित २०७९ असार मसान्तमा संस्थाको कुल संस्थागत पुँजी रू. १०,७९,१५,९०४।१३ रहेको छ । कुल सम्पत्तिको अनुपातमा संस्थागत पुँजीको अनुपात ३.६७% रहेको छ । गत वर्ष रू. ८,९५,०५,७६६।८० रहेको उक्त पुँजी आ.व. २०७८/०७९ मा २०.५६% ले बृद्धि भएको छ ।

**६. तरलता रू. ३८,४४,८७,७०९।७६**

२०७९ असार मसान्त सम्ममा संस्थाको कुल तरलता रकम रू. ३८,४४,८७,७०९।७६ रहेको छ । कुल बचतको तुलनामा उक्त तरलता अनुपात १६.९१% रहेको देखिन्छ भने बैंक तथा वित्तीय संस्थाहरूमा रहेको मुद्दती निक्षेपको ९०% रकम समेतलाई समावेश गर्दा संस्थाको तरलता २६.७१% रहेको छ ।

**७. लगानी हिसाबः रू. ३१,३५,६७,८२३।१६**

बैंक तथा वित्तीय संस्था, नेफ्स्कुन, राष्ट्रिय सहकारी बैंक तथा अन्य छाता संघहरूमा मुद्दती बचत, शेयर लगानी र नियमित बचत सहित २०७९ असार मसान्तमा संस्थाको लगानी हिसाबमा रहेको रकम रू. ३१,३५,६७,८२३।१६ रहेको छ ।

८. **कुल आम्दानी : रू. ३१,९६,१८,०९३।१३**

सदस्यहरूलाई गरिएको ऋण लगानी, बैंक तथा वित्तीय संस्थामा रहेको वित्तीय लगानी र तरल लगानी, राष्ट्रिय सहकारी बैंक तथा आवद्ध छाता संघहरूको शेयरबाट प्राप्त व्याज तथा लाभांश आम्दानी र अन्य सञ्चालन आम्दानी सहित आ.व. २०७८/०७९ मा संस्थाको कुल आम्दानी रू. ३१,९६,१८,०९३।१३ रहेको छ । आर्थिक वर्षको अधिकांश समय वित्तीय बजार असहज परिस्थितिबाट गुज्रनु परेतापनि संस्थाको आम्दानी गत वर्षको तुलनामा ३२.०७% ले बृद्धि हुनु सकारात्मक रहेको छ । भाखा नाघेको ऋणलाई न्यून गर्न संस्थाको ऋण असुली संयन्त्रको निरन्तर सक्रियताको कारण ब्याज आम्दानीको प्रगति उपलब्धीमूलक रह्यो ।

९. **कुल खर्च : रू. २५,५३,७२,०६४।१४**

गत आ.व.को कुल खर्च रू. २०,६८,५३,७७५।७९ मा यस आ.व.मा सदस्यहरूको बचत र बाह्य ऋणमा ब्याज खर्च, कर्मचारी खर्च, अन्य सञ्चालन खर्च, ह्रासकट्टी र सम्भावित ऋण जोखिम खर्च गरी कुल खर्च रू. २५,५३,७२,०६४।१४ भएको छ । उक्त रकम गत वर्षको तुलनामा २३.४५% बृद्धि भई कायम भएको हो ।

१०. **सञ्चालन बचत (नाफा) : रू. ६,४२,४६,०३१।९९**

आ.व. २०७८/०७९ को कुल आम्दानी रू. ३१,९६,१८,०९६।१३ र कुल खर्च रू. २५,५३,७२,०६४।१४ गरी सञ्चालन बचत (नाफा) रू. ६,४२,४६।०३१.९९ कायम भएको छ । उक्त रकम गत वर्षको तुलनामा ८२.८०% ले बृद्धि भई कायम हुन आएको हो ।

११. **शेयर लाभांश: रू. १,६७,५०,५१०।३३**

आ.व. २०७८/०७९मा कायम भएको सञ्चालन बचतबाट आयकर, जगेडा कोष, सहकारी प्रवर्द्धन कोष र संरक्षित पुँजी फिर्ता कोषमा रकम छुट्याए पछि बाँकी रहेको रकमलाई १००% मानी सोको ५२% ले रू. १,६७,५०,५१०।१३ शेयर लाभांस कोषमा विनियोजन गरिएको छ । उक्त कोषबाट सदस्यहरूको चुक्ता शेयर पुँजीमा दिन गन्तीको आधारमा १०% ले शेयर लाभांश वितरण गर्न निर्णयार्थ यस साधारण सभाको कार्यसूचीमा समावेश गरिएको छ ।

१२. **कर/राजश्व दाखिला: रू. १,९८,६७,७७०।७०**

आ.व. २०७८/०७९ मा संस्थाले बचतमा ब्याजकर रू. ९९,८०,००२।-, अग्रिम आयकर रू. ७०,३२,३४१।७०, शेयर लाभांश कर रू. ७,७४,७५०।-, संरक्षित पुँजी फिर्ता कर रू. २,८०,३५८।- साधारण सभा यातायात तथा खाजा खर्च कर रू. ७,५४,०२४।-, भाडा कर रू. २,००,२२८।-, बैठक भत्ता कर रू. ९०,९००।-, कर्मचारी तलब तथा भत्तामा पारिश्रमिक कर रू ३,६५,२२४।-, बैठक भत्ता कर रू. ९०,९००।-, लेखा परीक्षण शुल्क कर रू १,९९१।- र अन्य कर रू. ३,८७,९५२।- गरी जम्मा रू. १,९८,६७,७७०।७० कर/ राजस्व नेपाल सरकारलाई दाखिला गरेको छ ।

१३. **रेमिट्यान्स कारोवारः रू. ६१,९६,२२,५४३।-**

संस्थाबाट आ.व. २०७८/०७९ मा १५,८१८ वटा कारोवार मार्फत संकलन तर्फ रू. १०,४५,८६,१३९।- र भुक्तानी तर्फ रू. ४७,४४,२९,९९३।- गरी जम्मा रू. ६१,९६,२२,५४३।- को रेमिट्यान्स कारोवार गरी संस्थाका सदस्य तथा रेमिट्यान्स सेवाग्राहीहरूलाई मुख्य कार्यालय तथा सेवाकेन्द्रहरूबाट सेवा उपलब्ध गराईएको छ । उक्त सेवाबाट संस्थाको आय तर्फ रू. ९,८७,२७१।७२ कमिसन स्वरूप थप भएको छ । उक्त कारोवार गत वर्षको तुलनामा ४.५६% ले बृद्धि भई कायम भएको कारोवार हो ।

१४. **ऋणको वर्गीकरणः**

संस्थाले लगानीमा रहेको ऋणलाई असल ऋण, शंकास्पद ऋण र खराब ऋण गरी ३ वर्गमा वर्गीकरण गर्ने गरेको छ । २०७९ असार मसान्तको कुल ऋणमा असल ऋण ९३.८६%, शंकास्पद ऋण ०.७७%, खराब ऋण १.१९% र साविक एच. एण्ड बि. संगको GFP प्रकरण संग सम्बन्धित रकम (अदालती प्रकृयाको कारण ऋण लगानीमा नै देखाईएको) ४.१८% को अनुपातमा रहेको छ । कुल भाखा नाघेको ऋण साविक एच,एण्ड.बि. सँगको GFP प्रकरणसँग सम्बन्धित रकम सहित ६.१३% र सो बाहेक को भाखा नाघेको ऋण १.९५% रहेको छ ।

१५. **भौतिक पूर्वाधारः**

संस्थाले मुख्य कार्यालयको सेवा ब्लक 'क' र ब्लक 'ख' गरी २ वटा संगै जोडिएको संस्थाको आफ्नै भवनबाट प्रदान गर्दै आईरहेको छ । सेवा केन्द्रको हकमा सम्बन्धित क्षेत्रको उपयुक्त घर फ्ल्याट भाडामा लिई चन्द्रागिरि न.पा. १२, सिर्जना चोकमा 'दहचोक सेवा केन्द्र' र ललितपुर महानगरपालिका वडा नं १४, खुमलटारमा 'शुभतारा सेवा केन्द्र' मार्फत आवश्यक भौतिक पूर्वाधार सहित सेवा प्रदान गर्दै आईरहेको छ । सदस्य सेवा प्रभावकारिताको लागि २०७९ असार मसान्तसम्म संस्थामा रहेको भौतिक पूर्वाधारको वर्गीकृत विवरण तपसिल बमोजिम रहेको छ ।

| समुह | सम्पत्ति/सामानको बिबरण | मूल्य रू. |
|---|---|---|
| (क) | स्थीर सम्पत्ति जग्गा | २,११,२९,२५०।५६ |
| | स्थीर सम्पत्ति भवन | ५,८१,७६,०२९।३७ |
| | जम्मा | ७,९३,०५,२७९।९३ |
| (ख) | फर्निचर तथा फिक्चर्स | ४६,४१,१८३।६० |
| | कम्प्युटर तथा अन्य कार्यालय उपकरण | ९७,४०,२१४।९८ |
| | जम्मा | १,४३,८१,३९८।५८ |
| (ग) | सवारी साधन | ७४,७७,२१२।४१ |
| | जम्मा | ७४,७७,२१२।४१ |
| (घ) | अन्य उपकरण | २,६७,९८५.९४ |
| | जम्मा | २,६७,९८५.९४ |
| (ङ) | सफ्टवेयर तथा अन्य अभौतिक सम्पत्ति | ४,९६,६९९।२० |
| | लिज होल्ड सम्पत्ति | - |
| | जम्मा | ४,९६,६९९।२० |
| | **कुल जम्मा** | **१०,१९,२८,५७६।०७** |

### १६. सदस्य राहत सुविधाः

सदस्यहरूको जीवनकालमा आईपर्ने विभिन्न घटना र परिस्थितिहरूमा संस्थाको साथ र सहयोगको प्रत्याभुति गराउने उद्देश्यले संस्थाले सदस्य राहत कार्यक्रम सञ्चालन गर्दै आईरहेको विषय सबैमा विदितै छ । आ.व. २०७८/०७९ मा सोही कार्यक्रम अन्तर्गत १७४ जना सदस्यहरूको देहावशान भएको र आश्रित परिवारले काजकिरिया राहत रू. ७,५४,१२५।-, ३२१ जना सदस्यहरूले स्वास्थ्य उपचार राहत रू. ४०,७०,६७४।-, १०५ जना महिला सदस्यहरूले सुरक्षित मातृत्व राहत रू. ४,९४,८५०।-, ४ जना सदस्यहरूले घातक रोग उपचार राहत रू. ३,७६,४९०।-, १६६ जना सदस्यहरूले निःशुल्क एम्बुलेन्स सुविधा रू. १,०९,५५५।- र ९ जना सदस्यहरूले निःशुल्क शववाहन सेवा रू. १४,७५०।- प्राप्त गर्नुभएको छ । यसरी उक्त आ.व. मा सदस्य राहत सुविधा अन्तर्गत जम्मा ७७९ जना सदस्यहरूले कुल रकम रू. ५८,२०,४४४।- को सदस्य राहत सुविधा प्राप्त गर्नुभएको छ ।

### १७. डिजिटल/स्मार्ट सेवाः

आ.व. २०७८/०७९ मा संस्थाले प्रदान गर्दै आईरहेको मोबाईल बैंकिङ सेवा अन्तर्गत १८,०१२ वटा संख्याबाट रू. ६,६९,४५,२१४।- को कारोवार, एटिएम सेवा अन्तर्गत ६,४८७ पटक गरी रू. ४,०३,९१,५२१।- को कारोवार भएको छ । त्यसै गरी संस्थाबाट ब्लुबुक नवीकरण तथा कर भुक्तानी सम्बन्धी स्मार्ट सेवा लिने सदस्यहरूको संख्या २२६ जना रहेको छ ।

### १८. लघुवित्त कार्यक्रमः

आर्थिक रूपले विपन्न, सीमान्तकृत र पिछडिएको वर्गलाई वित्तीय समावशीकरण गरी आर्थिक, सामाजिक र साँस्कृतिक उत्थान गर्ने उद्देश्यले वि.स. २०७२ सालदेखि सञ्चालन भएको चन्द्रागिरि लघुवित्त कार्यक्रम सफलतापूर्वक सञ्चालन भईरहेको छ । २०७९ असार मसान्तमा लघुवित्त कार्यक्रम अन्तर्गत १४० वटा केन्द्र, २,२७९ जना सदस्यबाट बचत संकलन रू. १,६५,९४,९१२।३५ र लगानी रहेको ऋण रू. २,९४,३४,९८४।- रहेको छ ।

### १९. ब्याजदर परिमार्जनः

आ.व. २०७८/०७९ मा बैंक तथा वित्तीय संस्थाहरूको ब्याजदर स्थिर रहन सकेन । आर्थिक वर्षको अधिकांश समय तरलता संकुचनको अवस्था रहेकोले वित्तीय बजारमा देखा परेको ब्याजदर उतार चढावका कारण संस्थाले पनि समय समयमा सञ्चालक समितिले ब्याजदर परिमार्जन गर्नु परेको छ । संस्थाको विभिन्न प्रकारका बचत र ऋणहरूमा २०७८ आश्विन १ गते, मंसिर १६ गते, फाल्गुण १ गते र २०७९ असार १ गते गरी ४ पटक ब्याजदर परिमार्जन गरी लागु गरिएको छ ।

### २०. ऋणको कानुनी प्रकृयाः

आ.व. २०७८/०७९ मा ऋण वर्गीकरण अनुसार खराब ऋणमा परेका ऋणी सदस्यहरु मध्ये सबै भन्दा बढी अटेर गरी बस्ने ९ जना ऋणी सदस्यहरूको धितो लिलाम तथा कानूनी प्रकृयाद्वारा ऋण असुल उपर कार्य अगाडि बढाईएको छ । मिति २०७९/२/१० गते ३५ दिने सार्वजनिक सूचनाद्वारा ऋण तिर्न बुझाउन सूचित गर्दा पनि अटेर गरी बस्ने सदस्यहरूलाई मिति २०७९/३/२९ गते धितो लिलाम हुने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको थियो । सूचना मुताविक धितो लिलाम हुने दिनसम्मको ऋण बुझाउने सदस्यहरूको धितो लिलाम प्रकृया स्थगित गरी जम्मा १ जना सदस्यको मात्र धितो लिलाम गरिएको थियो ।

### २१. नेतृत्व विकासः

मिति २०७७ साल पौष २५ गते सम्पन्न १९ औं वार्षिक साधारण सभामा र मिति २०७८/०१/०८ मा बाग्मती प्रदेश कृषि तथा सहकारी मन्त्रालय सहकारी महाशाखाबाट स्वीकृत

एकीकरणका शर्त तथा कार्यविधि अनुसार हाल यस सस्थामा १३ सदस्यीय सञ्चालक समिति र ३ सदस्यीय लेखा सुपरिवेक्षण समिति मौजुदा रहेको छ । सञ्चालक समितिको बैठकले ३३ प्रतिशत महिला सहभागिता सहित लैगिंक सन्तुलन र युवा सहभागितालाई समेत ध्यान दिई गठन गरेको सल्लाहकार परिषद् र विभिन्न उपसमिति तपसिल अनुसार रहेको छ ।

| क्र.स. | समिति/उप समिति | संख्या |
|---|---|---|
| १. | सञ्चालक समिति | १३ |
| २. | लेखा सुपरिवेक्षण समिति | ३ |
| ३. | सल्लाहकार परिषद् | ११ |
| ४. | सेवा विस्तार तथा सेवाकेन्द्र व्यवस्थापन उपसमिति | ३ |
| ५. | ऋण उपसमिति | ३ |
| ६. | शिक्षा उपसमिति | ३ |
| ७. | लघुवित्त व्यवस्थापन उपसमिति | ३ |
| ८. | सदस्य विस्तार तथा व्यवस्थापन उपसमिति | ३ |
| ९. | एम्बुलेन्स तथा शव वहान व्यवस्थापन उपसमिति | ३ |
| १०. | सामाजिक सुरक्षा तथा सदस्य राहत उपसमिति | ३ |
| ११. | महिला सशक्तिकरण उपसमिति | ३ |
| १२. | युवा तथा उद्यमशीलता प्रवर्द्धन उपसमिति | ३ |
| १३. | पदपूर्ति उपसमिति | ३ |
| १४. | दहचोक सेवाकेन्द्र व्यवस्थापन उपसमिति | ३ |
| १५. | शुभतारा सेवाकेन्द्र व्यवस्थापन उपसमिति | ३ |
| १६. | एक्सेस ब्राण्डिङ कार्यक्रम उपसमिति | ३ |

## २२. कर्मचारी व्यवस्थापनः

संस्थाको दैनिक नियमित सेवा लगायत मुख्य कार्यालय र सेवा केन्द्रहरूबाट ३६५ दिने र प्रभातकालीन तथा सन्ध्याकालीन सेवा प्रवाहका लागि २०७९ असार मसान्तसम्ममा संस्थामा ४२ जना कर्मचारीहरु कार्यरत रहेका छन् । संस्थामा कार्यरत कर्मचारीहरूको पद, तह र संख्या देहाय बमोजिम रहेको छ ।

| पद | तह | संख्या |
|---|---|---|
| प्रमुख कार्यकारी अधिकृत | १० | १ |
| बरिष्ठ अधिकृत | ७ | १ |
| शाखा अधिकृत | ६ | ३ |
| स.शाखा अधिकृत | ५ | ७ |
| सहायक | ४ | ३ |
| चालक इन्चार्ज | ४ | १ |
| कनिष्ठ सहायक | ३ | १० |
| चालक | ३ | ३ |
| सुरक्षाकर्मी | ३ | २ |
| सुरक्षाकर्मी | २ | १ |
| सहयोगी | २ | २ |
| कनिष्ठ सहयोगी | १ | ४ |
| प्रशिक्षार्थी कर्मचारी | - | ४ |
| **जम्मा** | | **४२** |

## २३. सदस्य सेवाकेन्द्र सञ्चालनः

यस संस्था र काठमाडौं जिल्लाको दहचोक नमुना बचत तथा ऋण सहकारी संस्था लि., र ललितपुर जिल्लाको रिचमन अर्गानिक कृषि सहकारी संस्था तथा शुभतारा बहुउद्देश्यीय सहकारी संस्थासँग एकीकरण कार्य सम्पन्न गरी मिति २०७८ श्रावण ३० गतेदेखि चन्द्रागिरि न.पा. वडा नं १२ सृजनाचोकमा दहचोक सेवाकेन्द्र र मिति २०७९ आश्विन २१ गतेदेखि ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १४, खुमलटारमा शुभतारा सेवाकेन्द्र सञ्चालन गरेको छ । २०७९ असार मसान्तसम्ममा दहचोक सेवाकेन्द्र अन्तर्गत ५३४ जना र शुभतारा सेवाकेन्द्र अन्तर्गत १,१५८ जना सदस्य रहेका छन् । संस्थाले सदस्यहरूलाई जुनसुकै सेवाकेन्द्र वा कार्यालयमा गई वित्तीय तथा अन्य सेवा लिन सकिने प्रबन्ध मिलाएको छ ।

## २४. संस्था पुरस्कृतः

यस संस्थालाई विश्वव्यापी रूपमा फैलिएको कोभिड महामारीमा सदस्य समुदायलाई उत्कृष्ट सेवा प्रदान गर्न सफल रहेको विषय मूल्याङ्न गर्दै नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कुन) ले आफ्नो ३४ औं स्थापना दिवसको अवसरमा नेफ्स्कुन प्रशंसा पुरस्कार विधामा छनौट गरी सो संघको ३० औं वार्षिक साधारण सभा २०७८ मंसिर ३ गते पुरस्कृत गरेको छ । संस्थालाई पुरस्कृत गरी सदस्य सेवामा अझ समर्पित भई कार्य गर्न हौसला प्रदान गरेकोमा नेफ्स्कुन परिवार प्रति कृतज्ञता प्रकट गर्दछौ ।

## २५. २० औं वार्षिक साधारण सभाः

यस संस्था लि.को २० औं वार्षिक साधारण सभा २०७८ पौष २४ गते शनिवार निर्णय प्रमाणिकरण सभा गरी सम्पन्न भएको थियो । भौगोलिक क्षेत्र र सदस्यता नम्बरको आधारमा विभिन्न ईकाईहरूमा उपस्थिति सभा र उपस्थिति सभाबाट निर्णयका लागि चुनिएका सदस्यहरूको उपस्थितिमा निर्णय

प्रमाणिकरण सभा गरी २० औं वार्षिक साधारण सभा सम्पन्न भएको हो । वार्षिक साधारण सभामा कायम रहेको कुल सदस्य संख्या १४,२२६ जना मध्ये १०,६६३ जना सदस्यहरूले उपस्थिति सभामा आफ्नो उपस्थिति दर्ता गरी वार्षिक प्रतिवेदन र संस्थाका सेवाहरूका बारेमा विभिन्न राय, सुझाव र गुनासाहरू राख्नुभएको थियो । सदस्यहरूबाट प्राप्त राय सुझाव तथा निर्णय प्रमाणीकरणका लागि छनौट हुनुभएका सदस्यहरू सहित २०७८ पौष २४ गते ग्रीनल्याण्ड बैंङ्क्वेट थानकोटमा आयोजित निर्णय प्रमाणीकरण सभाको समुद्घाटन प्रमुख अतिथि रहनु भएका बाग्मती प्रदेश, कृषि तथा पशुपंक्षी मन्त्री माननीय बसुन्धरा हुमागाईले गर्नुभएको थियो । प्रमुख अतिथि हुमागाईले सहकारी संस्था दिगो हुनको लागि त्यसमा कार्यरत कर्मचारी, त्यसका सञ्चालक र सदस्यहरू सक्रिय हुनु पर्ने कुरामा जोड दिँदै उत्पादनमुलक क्षेत्रमा सहकारीका सेवाहरू केन्द्रित हुनुपर्ने धारण राख्नुभएको थियो । विशिष्ट अतिथिको रूपमा रहनुभएका चन्द्रागिरि नगरपालिकाका प्रमुख घनश्याम गिरीले सहकारी र स्थानीय तहको सम्बन्ध र आफ्नो कार्यकालमा चन्द्रागिरि नगरपालिकामा भएका विकास निर्माण र प्रगतिहरूको चर्चा गर्नुभएका थियो । उक्त सभाले अध्यक्ष योगेन्द्रकुमार कुँवरले प्रस्तुत गर्नु भएको आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन, लेखा सुपरिवेक्षण समितिका संयोजक भानुप्रकाश ढकालले प्रस्तुत गर्नुभएको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन, प्रमुख कार्यकारी अधिकृत कृष्णकुमार श्रेष्ठले प्रस्तुत गर्नु भएको आ.व. २०७८/०७९ नीति तथा कार्यक्रम र बजेट र ए श्रेष्ठ तथा एशोसिएट्सको चार्टर्ड एकाउन्टेन्ट श्री आनन्द श्रेष्ठको तर्फबाट पेश भएको लेखापरीक्षण प्रतिवेदनका साथ विभिन्न १३ वटा प्रस्तावहरू पारित गर्नुको साथै गत साल उपाध्यक्ष सूर्यनारायण मानन्धरको निधन भएकोले रिक्त रहेको उपाध्यक्ष पदमा संस्थाका सदस्य हरिहर सिग्देललाई निर्वाचित समेत गरेको थियो ।

### २६. Virtual Credit Union Study Program चन्द्रागिरि साकोसमा :

एशियाली ऋण महासंघ(ACCU) र नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.(नेफ्स्कुन) को आयोजनामा यस संस्थाको अन्तर्राष्ट्रियस्तरको भर्च्युअल स्टडी कार्यक्रम २०७८ फाल्गुण २० गते सम्पन्न भएको थियो । उक्त कार्यक्रममा अष्ट्रेलिया, जापान, हङ्कङ, इन्डोनिनेशिया, फिलिपिन्स, थाईल्याण्ड लगायत विभिन्न ८ मुलुकका १ सय भन्दा बढी प्रतिनिधिहरूले सहभागिता जनाउनु भएको थियो । चन्द्रागिरि साकोसका सदस्यहरूको विचार समेटिएको अन्तरवार्ता भिडियो, संस्थागत गतिविधि समेटिएको भिडियो डकुमेन्ट्री र संस्थाको विस्तृत विवरण सहितको पावर प्वाईन्ट प्रस्तुतीकरणबाट सहभागीहरूलाई चन्द्रागिरि साकोसको वस्तु तथा सेवाको बारेमा परिचित गराउनुको साथै र नेपालको सहकारी क्षेत्रको संक्षिप्त चर्चा समेत गरिएको थियो । कार्यक्रममा एशियाली ऋण महासंघ(ACCU) की प्रमुख कार्यकारी अधिकृत Elinita V. San Roque, नेफ्स्कुनका अध्यक्ष परितोष पौड्याल, प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल र चन्द्रागिरि साकोसका अध्यक्ष योगेन्द्रकुमार कुँवरले कार्यक्रमबारे आफ्नो विचार राख्नु भएको थियो भने चन्द्रागिरि साकोसका प्रमुख कार्यकारी अधिकृत कृष्णकुमार श्रेष्ठले चन्द्रागिरि साकोसको माथि उल्लेखित विषयहरूमा प्रस्तुतीकरण गर्नु भएको थियो ।

### २७. ACUNEL मा चन्द्रागिरि साकोसको प्रनिधित्वः

एशियाली मुलुकका बचत तथा ऋण सहकारी संस्थाहरूमा युवाहरूको सवाल व्यवस्थापन गर्ने र युवा नेतृत्व विकास गर्ने उद्देश्यले मिति २०७८ फाल्गुण ४ गते एशियाली ऋण महासंघ (ACCU)ले Asian Credit Union Network of Emerging Leaders (ACUNEL) गठन गरेको थियो । उक्त मितिमा ACUNEL अन्तर्गत एशिया प्रशान्त क्षेत्रीय समिति गठन गरिएको थियो जस्मा बंगलादेश, पपुवान्युगेनिया, फिलिपिन्स, नेपाल, ईन्डोनेसिया र श्रीलंका सहित ६ वटा राष्ट्रका युवाहरूको प्रतिनिधित्व रहेको थियो । नेपालको तर्फबाट चन्द्रागिरि साकोसको युवा तथा उद्यमशीलता प्रवर्द्धन उपसमिति सदस्य रिजु मानन्धर चुनिनु भएको थियो । ACUNEL द्वारा २०७९ वैशाख १५ गते आयोजना गरिएको कार्यक्रममा रिजु मानन्धरले अतिथि वक्ताको भुमिका निर्वाह गर्नुभई एशियाका युवाहरूको आवाज भन्ने विषयमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सोही कार्यपत्रको दौरान नेपालमा सहकारीमा युवाहरूको अवस्था, सहकारीहरूले दिगो विकास लक्ष्य हासिल गर्न खेलिरहेको भुमिकाका विषयमा प्रकाश पारिएको थियो ।

### २८. नवनिर्वाचित जनप्रतिनिधिहरूलाई स्वागत तथा बधाई ज्ञापन कार्यक्रमः

२०७९ असार २ गते चन्द्रागिरि साकोसले २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित चन्द्रागिरि नगरपालिकाका जनप्रतिनिधिहरूलाई स्वागत तथा बधाई कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा चन्द्रागिरि नगरपालिका प्रमुख, उपप्रमुख, सहित १५ वडाका अध्यक्ष, सदस्यहरूका साथै नगर कार्यपालिकाका सदस्यहरू सहित ७१ जनाको उपस्थिति रहेको थियो ।

### २९. चन्द्रागिरि उच्च शिक्षा छात्रवृत्ति कार्यक्रमः

सामुदायिक विद्यालय तथा क्याम्पसमा अध्ययनरत आर्थिक रूपले विपन्न र जेहेन्दार विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्ने उद्देश्य पुरा गर्न मद्दत पुऱ्याउने उद्देश्यले चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्थाको पहलमा विभिन्न व्यक्ति र संघसंस्थाहरूको योगदानबाट चन्द्रागिरि उच्च शिक्षा कोष स्थापना गरी छात्रवृत्ति प्रदान गर्ने कार्य संस्थाले सञ्चालन गरेको छ । मिति २०७९ असार ११ गते सूचना प्रकाशित गरी संस्थाले पहिलो वर्षको छात्रवृत्तिको लागि आवेदन खुल्ला गरिसकेको छ र छनौट भएका विद्यार्थीहरूलाई यसै साधारण सभामा छात्रवृत्ति वितरण गर्ने लक्ष्य लिएको छ ।

### ३०. अन्तर्राष्ट्रिय सहकारी दिवस, अन्तरक्रिया तथा क्षमता अभिबृद्धि कार्यक्रमः

१०० औं अन्तर्राष्ट्रिय सहकारी दिवसको अवसरमा मिति २०७९ असार १८ गते चन्द्रागिरि साकोस र पद्मावती साकोस ललितपुरले संयुक्त रूपमा चन्द्रागिरि साकोसको मुख्य कार्यालयमा सहकारीको छवी विषयमा अन्तरक्रिया तथा व्यवस्थापनको क्षमता अभिवृद्धि तालिम आयोजना गरेको थियो । उक्त कार्यक्रममा बजारमा सहकारीको छवीको अवस्था र प्रतिस्पर्धी अवस्था कायम राख्ने विषयमा अन्तरक्रिया गरिनुको साथै सदस्य र समुदायमा सहकारीको सेवा कसरी अगाडि बढ्नु पर्छ भन्ने विषयमा प्रशिक्षण समेत भएको थियो । प्रशिक्षण कार्यक्रमको सहजीकरण चन्द्रागिरि साकोसका प्रमुख कार्यकारी अधिकृत कृष्णकुमार श्रेष्ठले गर्नु भएको थियो । कार्यक्रममा दुवै संस्थाका कर्मचारीहरू र विषयगत सञ्चालकहरूको सहभागिता रहेको थियो ।

### ३१. कानुनी प्रक्रियामा रहेको विषय सम्बन्धमा :

साविक एच.एण्ड.बी बैंक (हाल लुम्बिनी विकास बैंक) सँग सम्बन्धित गुड फर पेमेन्ट चेकको रकम सम्बन्धी मुद्दा अदालतमा मुल्तबी अवस्थामा रहेको र हालसम्मका फैसलाहरू शतप्रतिशत संस्थाको पक्षमा भएको हुनाले केही समय लागेता पनि प्राप्त हुन बाँकी रकम असुल हुने कुरामा पूर्ण रूपमा विश्वस्त तुल्याउन चाहन्छु । यस सम्बन्धमा सम्मानित अदालतबाट फैसलाको जानकारी भएपछि सदस्यहरूमा सूचित गरिनेछ । यस बाहेक भाखा नाघेका ऋणको कानूनी प्रकृया तथा अन्य गैर वित्तीय विषयहरू उपर भएका प्रकृया र फैसलाहरू संस्थाको पक्ष भई कार्यान्वयनमा समेत गईसकेको जानकारी गराउन चाहन्छु ।

### ३२. २८ औं सिकाई तथा कार्यकुशलता कार्याशाला आयोजनाः

चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. को आयोजनामा २०७८ पौष ५ गते २८ औं कार्यकुशलता तथा सिकाई व्यवस्थापन कार्यशाला सम्पन्न भएको थियो । एक्सेस ब्राण्डिङ कार्यक्रमको तेश्रो मध्य क्षेत्रमा सहभागी १२ वटा संस्थाहरूको सहभागितामा उक्त कार्यक्रम सञ्चालन भएको हो । कार्यक्रममा सहभागी संस्थाहरूले आ–आफ्ना संस्थाको पछिल्लो प्रतिवेदनहरू प्रस्तुत गर्दै तत्कालीन अवस्थाको वित्तीय बजारको समीक्षा गरेका थिए । तरलता संकुचन, ऋण मागको चाप, समाचारमा आएका केही सहकारी संस्थाहरूको गलत अभ्यासका कारण वर्तमान समयमा सामना गर्नुपरेको चुनौतीका विषयमा समेत कार्यक्रममा समीक्षा गरिएको थियो ।

### ३२. नयाँ कोर बैंकिङ सिस्टमः

वर्तमान समयको आवश्यकता, कारोवारहरूको चुस्तता, तथ्यांक आधारको सुरक्षा र विश्वसनीयता आदि लाई मध्यनजर गरी आ.व. २०७८/०७९ मा संस्थाले आई.एस.ओ. गुणस्तर प्रमाणीकरण प्राप्त गर्न सफल प्रिमियम टेक्नोलोजीद्वारा निर्मित प्रिमियम सि.बि.एस. नामक कोर बैंकिङ सिस्टम प्रयोगमा ल्याएको छ । यस अघि प्रयोगमा रहेको फिनासोल सि.बि.एस. लाई अद्यावधिक गरी उक्त प्रविधि संस्थाले प्रयोग गरेको हो । Modular architecture ma (microservice) डिजाईन भएको उक्त सि.बि.एस. Open source technology मा आधारित छ जसमा साधारण कोर बैंकिङ सुविधा बाहेक सदस्यहरूको कारोवार सुरक्षा र शुद्धताको लागि विभिन्न विश्वसनीय औजारहरूको प्रयोग गरिएको छ ।

### ३३. वार्षिक समीक्षा तथा योजना गोष्ठीः

यस संस्थाले आ.व. २०७७/०७८ को वार्षिक प्रगतिहरूको समीक्षा र आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम तय गर्नको लागि २०७८ आश्विन २ र ३ गते वार्षिक समीक्षा तथा योजना गोष्ठीको आयोजना गरेको थियो । कार्यक्रममा सहभागी सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार परिषद्, उपसमिति र व्यवस्थापनको क्षमता अभिवृद्धि गराउनको लागि Grooming the leadership of Credit Union विषयमा एशियाली ऋण महासंघ (ACCU) का निवर्तमान अध्यक्ष एवं नेफ्स्कुनका पूर्व अध्यक्ष श्री ऋषिराज घिमिरेले प्रशिक्षण गर्नु भएको थियो ।

संस्थाको आन्तरिक तथा बाह्य वातावरण विश्लेषण (SWOT Analysis) गर्दै उक्त २ दिवसीय गोष्ठीले वित्तीय सुरक्षा र सक्षमता, सदस्य सन्तुष्टी र गुणस्तरीय वस्तु तथा सेवा, कार्यगत सक्षमता र प्रतिस्पर्धी अवस्था र नेतृत्व र व्यवस्थापन पक्ष समेटेर नीति तथा कार्यक्रमको तय गरेको थियो ।

### ३४. रक्तदान कार्यक्रमः

२०७९ वैशाख ६ गतेबाट चन्द्रागिरि साकोस आफ्नो स्थापनाको २० वर्ष पार गरी २१ औं वर्षमा प्रवेश गर्ने अवसर पारी बैशाख ३ गते शनिवार संस्थाले रक्तदान कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रम कान्तिपुर अस्पतालको ब्लड बैंकको प्राविधिक सहयोगमा सञ्चालन भएको थियो । कार्यक्रममा ९३ जना रक्तदाताहरूले आफ्नो अमूल्य रक्तदान गर्नु भएको थियो ।

### ३५. उद्यमशीलता विकास तालिमः

यस संस्थाले आफ्ना सदस्यहरूमा उद्यमशीलता विकास गर्ने अभिप्रायले लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको प्राविधिक सहयोगमा उद्यमशीलता विकास तालिम २०७८ चैत्र १५ गतेदेखि २२ गतेसम्म सञ्चालन गरेको थियो । तालिममा सहभागीहरूलाई उद्यमशीलता सम्बन्धी विभिन्न विषयहरूमा प्रशिक्षण दिईएको थियो । मुख्यतया व्यवसायिक योजना तर्जुमा, उद्यम सञ्चालन, उद्यमको कारोवार व्यवस्थापन, बैंक वित्तीय संस्थाबाट प्राप्त हुने सहुलियत कर्जा सम्बन्धी ज्ञान र सफल उद्यमीको सफलताको अनुभव साटासाटको विषयहरु तालिममा समावेश गरिएका थिए ।

### ३६. सम्मान तथा पुरस्कारः

आ.व. २०७७/०७८ मा संस्थामा उत्कृष्ट कारोवार गर्ने सदस्यहरू मध्येबाट सर्वोत्कृष्ट वर्ष सदस्य सम्मान तर्फ सदस्य न. २९१७ की श्री कविता शर्मा र स.न. ५५३१ का विश्वनारायण श्रेष्ठ सम्मानित हुनु भएको थियो भने उत्कृष्ट कार्य सम्पादन गरे वापत संस्थाकी बरिष्ठ अधिकृत सुमित्रा त्रिपाठी वर्ष कर्मचारी पुरस्कार र अधिकृत उर्मिला बस्नेत लगनशील कर्मचारी पुरस्कारबाट पुरस्कृत हुनु भएको थियो ।

### ३७. स्वर्गद्वारी भ्रमणः

संस्थासँग नियमित कारोवार गर्ने सदस्यहरूले प्राप्त गर्ने संरक्षित पुँजी फिर्ताको आधारमा सदस्यहरूको समेत योगदान रहने गरी हरेक वर्ष झैं यस वर्ष पनि संस्थाले सदस्य तीर्थयात्राको आयोजना गरेको थियो । उक्त भ्रमण २०७८ फाल्गुण २७ गतेदेखि चैत्र २७ गतेसम्म सञ्चालन भएको थियो । भ्रमणमा मुख्यतया स्वर्गद्वारी महाप्रभु, बर्दिया राष्ट्रिय निकुञ्ज, कर्णाली चिसापानी, लुम्बिनी र सिजिधाम जस्ता प्रशिद्ध स्थलहरूको भ्रमण गराईएको थियो । उक्त कार्यक्रममा १४० जना सदस्यहरूले सहभागिता जनाउनु भएको थियो ।

### ३८. अन्य कार्यक्रमहरू :

माथि उल्लेखित कृयाकलापहरू बाहेक संस्थाले आयोजना गरेका र सहभागिता जनाएको विविध कार्यक्रमहरू तपसिल बमोजिम रहेका छन् ।

(क) तालिम तथा क्षमता विकास कार्यक्रमः

| क्र.स. | कार्यक्रमको नाम | आयोजक | सहभागी |
|---|---|---|---|
| १. | Coop Leaders' Forum | राष्ट्रिय सहकारी महासंघ | सञ्चालक |
| २. | साकोस शिखर गोष्ठी | नेफ्स्कुन | सञ्चालक र कर्मचारी |
| ३. | CULCC Training | नेफ्स्कुन | कर्मचारी |
| ४. | AML/CFT Technical Response Report | प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय | कर्मचारी |
| ५. | AML/CFT risk Management and GoAML Reporting Training | Datum System Pvt. Ltd. | कर्मचारी |

(ख) विभिन्न संस्थाहरूले गरेको अवलोकन भ्रमणः

| क्र.स. | भ्रमण गर्ने संस्थाको नाम | भ्रमण भएको मिति |
|---|---|---|
| १. | एकता प्रगतिशील बचत तथा ऋण सहकारी संस्था लि. र जननौलो विहानी कृषि सहकारी संस्था लि, कैलाली | २०७८।०५।१८ |
| २. | जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.,लमजुङ | २०७८।०८।०५ |
| ३. | थिमी स्वावलम्बन बचत तथा ऋण सहकारी संस्था, भक्तपुर | २०७८।०८।१८ |
| ४. | कोलिय देवदह बचत तथा ऋण सहकारी संस्था लि.,रूपन्देही | २०७८।११।२७ |
| ५. | लक्ष्मी महिला बचत तथा ऋण सहकारी संस्था लि. काभ्रेपलाञ्चोक | २०७८।१२।१२ |
| ६. | विकु बचत तथा ऋण सहकारी संस्था लि.,गैडाकोट नवलपरासी | २०७९।०१।०८ |
| ७. | महिला प्रयास बचत तथा ऋण सहकारी संस्था, काठमाडौं | २०७९।०१।२५ |
| ८. | सर्वेश्वर बचत तथा ऋण सहकारी संस्था लि., चितवन | २०७९।०२।२० |
| ९. | हरदिन बचत तथा ऋण सहकारी संस्था लि., काठमाडौं | २०७९।०३।०८ |

(ग) सस्थाद्वारा आयोजित अन्य कार्यक्रमहरूः

| क्र.स. | कार्यक्रमको नाम | मिति |
|---|---|---|
| १. | छुनुमुनु बचत प्रोडक्ट लञ्च | २०७८।०४।०१ |
| २. | निःशुल्क स्वास्थ्य शिविर | २०७८।०६।१६ |
| ३. | भर्च्युअल सदस्य शिक्षा कार्यक्रम | २०७८।०६।१६ |
| ४. | सदस्य शिक्षा कार्यक्रम तथा विस्तारित मञ्च | २०७८।११।१३<br>२०७८।१२।१७ |
| ५. | ६५ औं राष्ट्रिय सहकारी दिवसमा ऱ्याली | २०७८।१२।२० |
| ६. | २९ औं सिकाई तथा कार्यकुलता कार्यशालामा सहभागिता | २०७९।०१।२४ |
| ७. | छुनुमुनु बचतकर्ताहरूलाई स्कुल ब्याग र कापी कलम वितरण | २०७९।०२।३१<br>२०७९।०१।०८ |

**आदरणीय सदस्य महानुभावहरू,**

समग्रमा आ.व. २०७८/०७९ यस संस्थाको लागि सफलतम् वर्षको रूपमा रहेको छ । हामीले संस्थाको कुल सम्पत्ति, सदस्य र सञ्चालन आय निरन्तर बृद्धि गर्न सफल भएका छौं । हामीले प्रतिकूलताका बिचमा अनुकूलता र चुनौतीका बिचमा पनि सफलता हात पारेका छौं भन्दा फरक नपर्ला । यस वर्ष संस्थाको प्रथम रणनीतिक योजनाको अन्तिम वर्ष भएकोले आगामी वर्षहरूको लागि नयाँ रणनीतिक दिशाबोधका साथ सदस्य र समुदायको समृद्धिको लागि दत्तचित्त भएर लाग्नु पर्नेछ । यस अभियानमा प्रत्यक्ष रूपमा विश्वास र सहयोग गर्ने सम्पूर्ण सदस्यहरू र संस्थाको निर्दिष्ट योजना र विधि, प्रविधि अनुसार समर्पित भएर अहोरात्र खटिने प्रमुख कार्यकारी अधिकृत लगायत सम्पुर्ण कर्मचारीवर्ग, हातमा हात मिलाएर साथ दिने सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारी तथा सदस्यहरू विभिन्न उपसमितिका सदस्यहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । त्यसैगरी हामीलाई निरन्तर मार्गदर्शन गर्ने नियामक निकाय, नेफ्स्कुन लगायत जिल्ला, प्रदेश र केन्द्रीय तहका सहकारी संघहरू, राष्ट्रिय सहकारी बैंक, सहकारी अभियन्ताहरू, लेखापरीक्षक, विषयविज्ञ र संस्थाको गतिविधि जनसमुदायमा प्रचार प्रसार गर्न मद्दत पुऱ्याउने सञ्चारकर्मी साथीहरू प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

अब म यस सभामा निर्णयार्थ प्रस्तावित कार्यसूचीहरू पेश गर्ने अनुमति चाहन्छु ।

१. आ.व. २०७८/०७९ को सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा ।
२. आ.व. २०७८/०७९ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
३. आ.व. २०७८/०७९ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
४. आ.व. २०७९/८० को प्रस्तावित बजेट तथा कार्यक्रम सम्बन्धमा ।
५. संस्थाको रणनीतिक व्यवसायिक योजना सम्बन्धमा ।
६. विनियम संशोधन तथा पुनर्लेखन सम्बन्धमा ।
७. आ.व. २०७९/८० को लागि लेखा परीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
८. शेयर लाभांस तथा संरक्षित पुँजी फिर्ता सम्बन्धमा ।
९. सहकारी एकीकरण सम्बन्धमा ।
१०. स्थीर सम्पत्ति खरिद तथा बिक्री सम्बन्धमा ।
११. आन्तरिक कार्यविधिहरू सम्बन्धमा ।
१२. कानुनी प्रकृयामा रहेका संस्थाको लेना रकमहरू असुल उपर सम्बन्धमा ।
१३. निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि चयन सम्बन्धमा ।
१४. विविध ।

अन्तमा,

आगामी वर्षहरू समेत यहाँहरूबाट सदाझै साथ, सहयोग र विश्वास प्राप्त भईरहने कुरामा म पूर्ण रूपमा विश्वस्त छु । बिगत दुई दशकदेखि समुदाय र सदस्यहरूले संस्था प्रति देखाउनु भएको माया विश्वास र सद्भावले गर्दा नै यस विषम परिस्थितिमा पनि संस्थाले सदस्यहरूलाई आवश्यक सबै सेवा प्रदान गर्दै आफ्नो शाख उच्च राख्न सफल भएको महसुस हामीले गरेका छौ ।

यस प्रतिवेदन लगत्तै संस्थाका प्रमुख कार्यकारी अधिकृत मार्फत आ.व. २०७९/८०को बजेट तथा कार्यक्रम र आगामी ४ वर्षे रणनीतिक व्यवसायिक योजना प्रस्तुत हुनेछ । त्यसलाई पनि अध्ययन, गहन छलफल र विचार विमर्श गरी आवश्यक सल्लाह र मार्गदर्शन प्रदान गर्नुहुन अनुरोध गर्दछु र यस सभामा निर्णयार्थ पेश भएका कार्यसूचीहरूमा बृहत छलफल गरी रचनात्मक सल्लाह तथा सुझावहरू सहित पारित गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद । जय सहकारी । जय चन्द्रागिरि ।।

..................................................
योगेन्द्रकुमार कुँवर
अध्यक्ष

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लिमिटेडको

## २१ औं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको आज्ञाले
## प्रमुख कार्यकारी अधिकृत कृष्णकुमार श्रेष्ठद्वारा प्रस्तुत
## आ.व.२०७९/०८० को कार्यक्रम तथा बजेट एवं
## चार वर्षीय रणनीतिक व्यवसायिक योजना

चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्थाको यस गरिमामय २१ औं वार्षिक साधारण सभाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू र विशेष अतिथि गण, संस्थाका सदस्यज्यूहरू, समिति उपसमितिका पदाधिकारी तथा सदस्यज्यूहरू, कर्मचारी साथीहरू, पत्रकारज्यूहरू र उपस्थित महिला तथा सज्जनबृन्द । संस्थाको सञ्चालक समितिको आज्ञाले म यस २१ औं वार्षिक साधारण सभासमक्ष आ.व. २०७९/८० को कार्यक्रम तथा बजेट र आगामी ४ वर्षको रणनीतिक व्यवसायिक योजना प्रस्तुत गर्दछु ।

**आ.व. २०७८/०७९ को कार्यसम्पादन र उपलब्धीहरूको समीक्षा :**

कोभिड् १९ को महामारीबाट थलिएको विश्व अर्थतन्त्र विस्तारै लयमा फर्कदै गर्दा रूस र युक्रेनबिचको युद्ध, पेट्रोलिय पदार्थ तथा खाद्य वस्तुमा भएको मूल्य बृद्धि आदिको कारणबाट विश्व अर्थतन्त्रमा परेको प्रभावबाट वित्तीय क्षेत्र प्रभावित भयो । आर्थिक वर्षको करिब पुरै अवधि वित्तीय क्षेत्रले तरलता संकुचन व्यहोर्नु पर्‍यो । बैंक वित्तीय संस्था र सहकारीहरूको ब्याजदर अनपेक्षित ढंगले बृद्धि हुन गयो । जसले गर्दा नेपालमा मात्रै नभई विश्वमा नै मुद्रास्फिति दर बढ्न गई वस्तु तथा सेवामा अत्यधिक मूल्य बृद्धि हुन पुगको छ ।

अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार विश्वव्यापी मूल्यबृद्धि ४.७% बाट बढेर ८.८% मा पुग्ने प्रक्षेपण गरिएको छ । नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्यांक अनुसार पनि आ.व. २०७८/०७९ को मुद्रास्फिती दर ६.०९% कायम भएको थियो भने चालु आ.व.को यस अवधिसम्म उक्त दर ८.५% रहेको देखिन्छ । विश्वव्यापी आर्थिक बृद्धिदर दर ६% बाट घटेर ३.२%मा पुग्ने अनुमान गरिएको देखिन्छ भने आ.व. २०७८/०७९ मा नेपालको आर्थिक बृद्धि दर ५.८४% मा सिमित भएको देखिन्छ ।

नेपालले अंगिकार गरेको ३ खम्बे अर्थनीति (सरकारी, निजी र सहकारी) अनुसार सहकारी क्षेत्र पनि अर्थतन्त्रको प्रमुख हिस्सेदार भएको हुँदा अर्थतन्त्रमा आएको उतारचढावले यस क्षेत्रलाई प्रभावित पार्ने कुरा नकार्न सकिन्न । यस प्रकारको प्रतिकुल परिस्थितिका बावजुत संस्थाले सदस्य र समुदायमा दत्तचित्त भई सेवा प्रवाह गर्न कुनै कसर बाँकी राखेन । फलस्वरूप संस्थाद्वारा लक्षित वित्तीय तथा अन्य लक्ष्यहरू तर्फको उपलब्धी उल्लेखनीय रह्यो । आ.व. २०७८/०७९ मा लक्षित सदस्यता तर्फको लक्ष्य ९७%, शेयर पुँजी तर्फको लक्ष्य ८९%, संस्थागत पुँजी तर्फको लक्ष्य ९७%, बचत निक्षेप तर्फको लक्ष्य ९६%, ऋण लगानी तर्फको लक्ष्य ८६% र सञ्चालन नाफा तर्फको लक्ष्य १३१% हासिल गर्न सफल रहेको छ । समग्रतामा संस्थाको बृद्धिदर सदस्यता तर्फ ११.७१% र कुल सम्पत्तिको बृद्धिदर ७.९१% रह्यो । वित्तीय र सदस्यता तर्फको लक्ष्यको अतिरिक्त संस्थाले लक्षित गरेको विभिन्न कार्यक्रमहरूको कार्यसम्पादन स्तर ९०% भन्दामाथि रहेको छ । संस्थाको आ.व. २०७८/०७९ को सदस्यता तथा वित्तीय लक्ष्य र उपलब्धी देहाय अनुसार रहेको छ ।

### (क) सदस्यता र कर्मचारी लक्ष्य र उपलब्धी

| क्र.स. | विवरण | लक्ष्य (२०७९/३/३२) | उपलब्धी (२०७९/३/३२) | उपलब्धी % |
|---|---|---|---|---|
| १. | सदस्यता | १६३५० | १५८८४ | ९७.१५% |
| २. | कर्मचारी | ५६ | ४२ | ७५.००% |

### (ख) आ.व. २०७८/०७९ को वासलात तर्फको लक्ष्य र उपलब्धी

| क्र.स. | विवरण | लक्ष्य (२०७९/३/३२) | उपलब्धी (२०७९/३/३२) | उपलब्धी % |
|---|---|---|---|---|
| | पुँजी तथा दायित्व हिसाब | | | |
| १. | शेयर पुँजी | १९,५०,००,०००.०० | १७,४०,४९,५००.०० | ८९.२६% |
| २. | जगेडा तथा अन्य कोषहरु | ११,००,१९,१०५.९० | १०,६४,७५,९०४.१३ | ९६.७८% |
| ३. | ऐच्छीक कोषहरु | ४०,६०,०००.०० | ४,५७,६१,८६६.६२ | ११२७.१४% |
| ४. | बाह्य ऋण | १७,००,००,०००.०० | २,६६,६१,८१२.७८ | १५.६८% |
| ५. | बचत (निक्षेप) हिसाब | २,५१,००,३७,३४७.८८ | २,४१,६९,५८,६९०.४७ | ९६.२९% |
| ६. | भुक्तानी दिनु पर्ने हिसाव | २,५८,९०,०००.०० | १,८७,१२,२७२.२२ | ७२.२८% |
| ७. | अन्य दायित्व हिसाब | १५,९७,७५,१३९.६३ | १५,३९,३१,१७६.५६ | ९६.३४% |
| | जम्मा | ३,१७,४७,८१,५९३.४१ | २,९४,२५,५१,२२२.७८ | ९२.६९% |

(ख) आ.व. २०७८/०७९ को वासलात तर्फको लक्ष्य र उपलब्धी

| क्र.स. | विवरण | लक्ष्य (२०७९/३/३२) | उपलब्धी (२०७९/३/३२) | उपलब्धी % |
|---|---|---|---|---|
| | सम्पत्ति तथा जायदात हिसाब | | | |
| १. | स्थीर सम्पत्ति | ९,७५,३४,८७२.६८ | १०,१४,३१,८७६.८७ | १०४.००% |
| २. | अमूर्त सम्पत्ति | १०,००,०००.०० | ४,९६,६९९.२० | ४९.६७% |
| ३. | शेयर तथा अन्य लगानी हिसाब | १९,६७,२२,९४३.८५ | ३१,३५,६७,८२३.१६ | १५९.४०% |
| ४. | ऋण लगानी | २,३२,४०,९८,७२०.५४ | २,००,६७,७६,४९८.०६ | ८६.३५% |
| ५. | अन्य सम्पत्ति हिसाब | १०,००,०००.६२ | २,८५,८०,४०५.८४ | २८५८.०५% |
| ६. | पाउनु पर्ने हिसाब | १४,९८,४६,११८.०५ | १०,७२,१०,१०९.८९ | ७१.५५% |
| ७. | नगद तथा नगद समान | ४०,४५,७८,९३७.६६ | ३८,४४,८७,७०९.७६ | ९५.०३% |
| | **जम्मा** | **३,१७,४७,८१,५९३.४१** | **२,९४,२५,५१,२२२.७८** | **९२.६९%** |

(ग) आ.व. २०७८/०७९ को सञ्चालन आयतर्फको लक्ष्य र उपलब्धी ।

| विवरण | लक्ष्य (२०७९/३/३२) | उपलब्धी (२०७९/३/३२) | उपलब्धी % |
|---|---|---|---|
| ब्याज आम्दानी | २६,२३,६२,८४४.०० | २५,२०,१८,००१.१२ | ९६.०६% |
| ब्याज खर्च | २१,१८,०३,३३३.९४ | २०,२८,८५,१७६.३० | ९५.७९% |
| खुद ब्याज आम्दानी | ५,०५,५९,५१०.०६ | ४,९१,३२,८२४.८२ | ९७.१८% |
| बैंक ब्याज आम्दानी | ३,११,६६,४०२.१५ | ४,४०,५८,६००.११ | १४१.३७% |
| अन्य सञ्चालन आम्दानी | १,७७,५२,४००.०० | २,३५,४१,४९४.९० | १३२.६१% |
| **कुल सञ्चालन आम्दानी (क)** | **९,९४,७८,३१२.२२** | **११,६७,३२,९१९.८३** | **११७.३५%** |
| खर्चहरु | | | |
| - कर्मचारी खर्च | २,२८,१६,४७०.३० | २,१७,६८,२६०.९६ | ९५.४१% |
| - सञ्चालन खर्च | १,१०,०४,५४०.४० | १,१५,२४,७२८.१४ | १०४.७३% |
| - ह्रास कट्टी तथा अपलेखन खर्च | १९,८०,५८२.४३ | २०,६२,७७४.७४ | १०४.१५% |
| - सदस्य सेवा तथा कार्यक्रम | ६१,७२,०६१.६० | ६२,६९,३१६.०० | १०१.५८% |
| - ऋण नोक्सानी व्यवस्था खर्च | ७८,९४,७४२.२९ | १,००,००,०००.०० | १२६.६७% |
| - सम्पत्ति बिक्रीमा घाटा/(नाफा) | - | | |
| मर्मत सम्भार | ६,३८,४९७.२० | ८,६१,८०८.०० | १३४.९७% |
| **कुल खर्च (ख)** | **५,०५,०६,८९४.२२** | **५,२४,८६,८८७.८४** | **१०३.९२%** |
| **आयकर व्यवस्था अघिको नाफा (क)-(ख)** | **४,८९,७१,४१७.९९** | **६,४२,४६,०३१.९९** | **१३१.१९%** |

**संस्थाका सवल पक्षहरूको समीक्षा :**

चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था निर्दिष्ट परिकल्पना, ध्येय र उद्देश्य पुरा गर्नको लागि स्रोतसाधन र क्षमताहरूको समुचित परिचालन गर्दै सदस्यहरूको सेवामा समर्पित रहँदै आईरहेको छ । संस्थासँग थुप्रै सबल पक्षहरूको रहेकै कारण हजारौं सहकारीहरूको बिचमा यस संस्था आफ्नो छुट्टै पहिचान कायम गर्न सफल रहेको छ । संस्थाको खास खास सबल पक्षहरु देहाय अनुसार रहेका छन् ।

- वित्त बजारमा तरलता अभाव रहँदा पनि संस्थासंग प्रशस्त तरलता सञ्चय (२६.७१%) कायम रहेको छ ।
- सदस्यहरूको आवश्यकता परिपूर्ति गर्नको लागि संस्थाले निरन्तर ऋण लगानी गरिरहेको छ ।
- ऋण असुली उल्लेखनीय रूपमा रहेको छ । भाखा नाघेको ऋण नियन्त्रणभित्र रहेको छ ।
- सदस्यहरूको विश्वास र साथ निरन्तर रहेको छ । बचत निक्षेपको बृद्धिदर सन्तोषजनक रहेको छ ।

- युवामैत्री बचत र ऋणको प्रोडक्ट रहेको छ र स्मार्ट बैंकिङ सेवा उपलब्ध छ ।
- समुदायको विश्वास जीत्न सफल रहेको छ । विभिन्न डिजिटल सेवाहरू उपलब्ध छ ।
- सेवाकेन्द्रहरूमार्फत सदस्यमैत्री सेवा प्रवाह गरिएको छ । सञ्चालनमा आएको पहिलो वर्षमा नै सेवाकेन्द्रहरूले सफलता हासिल गरेका छन् ।
- स्वास्थ्य उपचार राहत, घातक रोग उपचार राहत, सुरक्षित मातृत्व कार्यक्रम, काजकिरिया राहत, दुर्घटना राहत, निःशुल्क एम्बुलेन्स सुविधा, निःशुल्क शव बाहन सुविधा उपलब्ध छन् ।
- विभिन्न स्वास्थ्य संस्था र अस्पतालहरूमा सदस्यहरूलाई स्वास्थ्य उपचारमा छुट उपलब्ध छन् ।
- बसभाडा छुट, ब्लुबुक नवीकरण तथा कर भुक्तानी सुविधा उपलब्ध हुनु ।
- वर्षको ३६५ दिन कार्यालय खुल्ला रहेको छ ।
- सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र विभिन्न उपसमितिहरूमा महिला र युवा सदस्यहरूको समावेशिता रहेको छ ।
- संस्थाको पहिचान राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरसम्म फैलिएको छ ।

**आदरणीय सदस्य महानुभावहरू,**

अब म आ.व. २०७९/०८० को लागि प्रक्षेपित कार्यक्रम तथा बजेट र आगामी ४ वर्षका लागि प्रक्षेपित रणनीतिक व्यवसायिक योजना यहाँहरू समक्ष प्रस्तुत गर्दछु ।

## क. आ.व. २०७९/८० को लागि प्रस्तावित कार्यक्रमहरू :

### १. वित्तीय सक्षमता कायम गर्ने :

हालको चुनौतीपूर्ण वित्तीय बजारमा चन्द्रागिरि साकोसको विशिष्ट पहिचान निरन्त कायम राख्नको लागि वित्तीय सक्षमता कायम गर्नु अनिवार्य हुन्छ । जसका लागि देहायका कार्यहरू गरिनेछ ।

(क) पर्ल्स(PEARLS) का मापदण्डहरूले तोकेको लक्ष्य पुरा गर्न सम्झौता रहित वित्तीय अनुशासन कायम गर्ने ।

(ख) संस्थाको सम्पत्ति तथा दायित्व नीति अद्यावधिक गरी नियमित रूपमा संस्थाका बचत, अल्पकालीन तथा दीर्घकालीन दायित्व, ऋण, तरल लगानी आदिको एजिङ गर्ने र सो अनुसारको योजना बनाई कार्यान्वयन गर्ने ।

(ग) ऋण लगानी तथा असुलीमा प्रभावकारिता बृद्धि गर्ने ।

(घ) सदस्यहरूको माग अनुरूपको बचत प्रोडक्टहरूको विकास गर्ने र प्रोडक्टहरूमा भ्यालु एड गर्ने ।

### २. सेवा विस्तार गर्ने :

संस्थामा आवद्ध हुन बाँकी कार्यक्षेत्रभित्रका समुदायलाई यस संस्थाको सेवा तथा सुविधाहरू प्रवाहको लागि ग्रामीण क्षेत्रलाई प्राथमिकतामा राखी सेवा विस्तार गरिनेछ । सेवा विस्तार अनुसार चालु आ.व. देहायका कार्यहरू गरिनेछ ।

(क) चालु आ.व. मा कम्तिमा १ वटा सेवाकेन्द्र थप गर्ने ।

(ख) सम्भावित सहकारी संस्थाहरूसंग एकीकरण गर्ने ।

(ग) कम्तिमा थप ५ जना चन्द्रागिरि साथीहरू परिचालन गर्ने ।

(घ) पूर्व सदस्यता र सहकारी व्यवसाय सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।

### ३. बिपन्न वर्गमा केन्द्रित सेवा विस्तार :

विपन्न वर्गको लागि संस्थाद्वारा सञ्चालित चन्द्रागिरि लघुवित्त कार्यक्रम यस वर्ष थप विस्तार गरिनेछ । लघुवित्त कार्यक्रम अन्तर्गत चालु आ.व.मा थप ७० वटा समूहहरू गठन गरी १७०० जना महिलाहरूलाई उक्त सेवामा समावेश गरिनेछ ।

### ४. सदस्य प्रोत्साहन तथा उद्यमशीलता विकास कार्यक्रम :

बेरोजगार सदस्यहरूलाई लक्षित गरी उनीहरूमा भएको श्रमसीपको उपयोगद्वारा रोजगारी सृजना गर्न मद्दत पुऱ्याउने उद्देश्यले सदस्य प्रोत्साहन गर्ने विभिन्न कार्यक्रमहरूको गर्ने ।

(क) मुख्य कार्यालय र सेवाकेन्द्रहरूबाट १/१ वटा उद्यमशीलता विकास सम्बन्धी तालिम सञ्चालन गर्ने ।

(ख) सदस्यहरूलाई प्रशिक्षण दिई सहकारीको प्रशिक्षकको रूपमा विकास गर्ने ।

(ग) सदस्यहरूमा भएको सीपको बजारीकरण गर्ने संयन्त्रको विकास गर्ने ।

(घ) उत्कृष्ट कारोवार गर्ने सदस्यहरूलाई प्रोत्साहन स्वरूप सम्मानित र पुरस्कृत गर्ने ।

(ङ) सदस्य सन्तुष्टी सर्वेक्षण गर्ने ।

### ५. नेतृत्व र व्यवस्थापनको क्षमता अभिबृद्धि गर्ने :

सदस्य सेवामा प्रभावकारीता कायम राख्नको लागि संस्थाको समिति उपसमिति र व्यवस्थापन सक्षम हुन जरूरी हुन्छ । तसर्थ संस्थाको समिति उपसमिति र व्यवस्थापनको क्षमता अभिबृद्धिको लागि यस आ.व.मा देहायका कार्यक्रमहरू गरिनेछ ।

(क) फिट एण्ड प्रोपर टेस्टिङ सम्बन्धी तालिम ।

(ख) सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी तालिम ।

(ग) सदस्य सम्बन्ध व्यवस्थापन तालिम ।

(घ) व्यवसायिकता विकास तालिम ।

(ङ) अध्ययन अवलोकन ।

### ६. प्रविधिमा आधारित सेवा :

चालु आ.व. संस्थाले ईटेलर र ट्याब बैंकिङ सेवा सञ्चालनमा ल्याउनेछ भने मोबाईल बैकिङ र एटिएम सेवाको प्रयोगकर्ता सदस्य कम्तिमा १० हजार पुर्‍याईनेछ ।

### ७. कार्यगत सक्षमता बृद्धि गर्ने :

व्यवस्थापनको कार्यगत सक्षता बृद्धि गर्नको लागि चालु आ.व. मा सहकारीता सम्बन्धी अझ स्पस्ट हुनको लागि चन्द्रागिरि ह्याण्डबुक र चन्द्रागिरि दर्पण प्रकाशन, कर्मचारी ज्ञान तथा सीप परीक्षण, श्रम अडिट र कर्मचारीको सेवासुविधा पुनरावलोकन गरिनेछ ।

### ८. आन्तरिक नियन्त्रण प्रणाली :

संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई सुचारू राखी स्वनियमन र सुशासनलाई प्रवर्द्धन गर्नको लागि आन्तरिक लेखापरीक्षणलाई थप प्रभावकारी बनाईनेछ । जसको लागि संस्थाको लेखा सुपरिवेक्षण समितिको क्षमता अभिबृद्धि गरिनेछ भने आन्तरिक नियन्त्रण प्रणालीको प्राविधिक पक्षमा सहायताको लागि आन्तरिक लेखा परीक्षक नियुक्त गरिनेछ । संस्थाको वित्तीय, मानवीय तथा अन्य स्रोतसाधन उपयोग, चल अचल सम्पत्तिहरूको भौतिक सम्परीक्षण, सेवाकेन्द्रबाट भए गरेको कारोवारहरूको अनुगमन र डिजिटल कारोवारहरूको सुपरिवेक्षण गर्ने प्रबन्ध मिलाईनेछ ।

### ९. सामाजिक उत्तरदायित्व :

सहकारी संस्थाहरूले निरन्तर समुदायप्रति चासो राखिरहनु पर्ने हुन्छ । चन्द्रागिरि साकोसले पनि विगत वर्षहरूदेखि नै विभिन्न सामाजिक कृयाकलापहरू गर्दै आफ्नो सामाजिक उत्तरदायित्व निर्वाह गर्दै आईरहेको छ । सामाजिक उत्तरदायित्व स्वरूप विगतका वर्षहरूको कार्यक्रमलाई निरन्तरता दिँदै यस वर्ष देहायका थप कृयाकलापहरू अगाडि बढाउनेछ ।

(क) चन्द्रागिरि उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम सञ्चालन ।

(ख) चन्द्रागिरि नगरपालिका स्तरीय सहकारी अन्तरक्रिया कार्यक्रम आयोजना ।

(ग) नि:शुल्क स्वास्थ्य शिविर र रक्तदान कार्यक्रम आयोजना ।

### १०. प्रभावकारी ऋण व्यवस्थापन :

ऋण लगानी र असुलीलाई प्रभावकारी बनाउँदै संस्थाको सक्रिय ऋणको अनुपात बृद्धि गर्नको लागि देहायका कृयाकलापहरू सञ्चालन गरिनेछ ।

(क) ऋण लगानी सदुपयोगिता अनुगमन ।

(ख) ऋण फाईलिङ प्रणालीलाई स्तरोन्नति ।

(ग) खराब ऋणीहरूको कानुनी प्रकृयाद्वारा ऋण असुली ।

(घ) ऋणको धितोसुरक्षणको मालपोत दृष्टिबन्धक तथा रोक्काको अवस्था जाँच ।

### ११. सम्पत्ति शुद्धिकरण निवारण जोखिम व्यवस्थापन :

सम्पत्ति शुद्धिकरण निवारण र आतंकवादी कृयाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा यस आ.व.मा देहायका कृयाकलापहरू गर्नेछ ।

(क) सदस्य पहिचान तथा सम्पुष्टिको कार्य पूर्ण रूपमा सम्पन्न गर्ने ।

(ख) संस्थाको सञ्चालक र व्यवस्थापनका सबै सदस्यहरूलाई AML/CFT तालिम प्रदान गर्ने ।

(ग) AML/CFT सम्बन्धी IT System स्थापना गर्ने ।

### १२. विनियम, आन्तरिक नीति, कार्यविधि र निर्देशिकाहरू :

संस्थाको सुशासकीय कार्यढाँचालाई मजबुत बनाउँदै स्वनियमनलाई थप प्रभावकारी बनाउन चालु आ.व.मा देहायका कार्यहरू गरिनेछ ।

(क) विनियम संशोधन तथा पुनर्लेखन ।

(ख) विद्यमान आन्तरिक नीति, कार्यविधि र निर्देशिकाहरू संशोधन र अद्यावधिक ।

(ग) आवश्यक आन्तरिक नीति, कार्यविधि र निर्देशिकाहरू तर्जुमा ।

### १३. भौतिक पूर्वाधार तथा कार्यालय व्यवस्थापन :

चालु आ.व. मा संस्थाको मुख्य कार्यालयको भवन ब्लक ए र ब्लक बी लाई मिलाई आन्तरिक कार्यालय बनावटलाई नवीकरण र व्यवस्थापन गरिनेछ भने थप सेवाकेन्द्रहरूमा कार्यालय व्यवस्थापनको लागि आवश्यक भौतिक पूर्वाधारहरूको प्रबन्ध गरिनेछ । यसको साथै नियमित रूपमा कार्यालयको लागि आवश्यक पर्ने कार्यालय उपकरण, फर्निचर लगायतका भौतिक सम्पत्तिहरूको व्यवस्थापन गरिनेछ ।

## ख. रणनीतिक कार्यदिशा :

संस्थाको रणनीतिक कार्यदिशाको लागि आ.व. २०७९/८० देखि आ.व. २०८२/०८३ सम्मको दोश्रो ४ वर्षे रणनीतिक व्यवसायिक योजना तयार पारी लागु गरिनेछ । यस अघिको रणनीतिक व्यवसायिक योजना अवधिमा विश्वमा अप्रत्यासित रूपमा कोभिड १९ को महामारी तथा अन्य आर्थिक गतिविधिहरूमा उतारचढावका कारण वित्तीय बजारले असहज परिस्थिति सामाना गर्नुपरेतापनि यस संस्थाको निर्धारित कार्यलक्ष्य र वित्तीय प्रगति सन्तोषजनक रहन सफल रह्यो । विगतको अनुभव, वर्तमान समयमा संस्थामा कायम रहेको सबल पक्षहरूको सदुपयोग गर्दै बाह्य वातावरणमा रहेको अवसरहरूको समुचित उपयोग गरी चुनौतीहरूको निर्भिकताका साथ सामाना गर्दै संस्थाले आगामी ४ वर्षमा सदस्य संख्या ४०,२०१ जना र कुल सम्पत्ति रू. ६ अर्ब ५ करोड पुर्‍याउने लक्ष्य लिएको छ । संस्थाको आकार, बदलिँदो

वित्तीय बजार र सदस्यहरूको आवश्यकतालाई मध्यनजर गरी सदस्य सुविधाहरू समय सापेक्ष बृद्धि गर्ने योजना रहेको छ । त्यसै गरी दिगो विकास लक्ष्यमा योगदान पुग्ने गरी सो सम्बन्धी प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नको लागि आगामी ४ वर्षको लागि तपसिल अनुसारको रणनीतिक व्यवसायिक योजनाको प्रस्ताव गरिएको छ । उक्त रणनीतिक व्यवसायिक योजनाले संस्थाको कार्यसम्पादन स्तरलाई थप सबल र सक्षम बनाउँदै सदस्य र समुदायको आर्थिक, सामाजिक र साँस्कृतिक जीवनस्तरलाई सुदृढ तुल्याउन कार्यक्षेत्रमा व्याप्त बिपन्नता, गरिबी र बेरोजगारीको समस्या न्यूनिकरण गर्ने प्रमुख लक्ष्य लिएको छ ।

**तपसिल**:

आ.व. २०७९/८० देखि २०८२/०८३ सम्मको लागि प्रस्तावित व्यवसायिक योजना ।

**१. प्रक्षेपित सदस्य संख्या :**

| क्र.स. | विवरण | ३१ असार, २०८० | ३१ असार, २०८१ | ३२ असार, २०८२ | ३२ असार, २०८३ |
|---|---|---|---|---|---|
| १ | सदस्यता | १८२६७ | २१९२० | २८७१५ | ४०२०१ |

**२. कर्मचारी दरबन्दी:**

| पद | तह | ३१ असार, २०८० | ३१ असार, २०८१ | ३२ असार, २०८२ | ३२ असार, २०८३ |
|---|---|---|---|---|---|
| प्रमुख कार्यकारी अधिकृत | १० | १ | १ | १ | १ |
| ना. प्रमुख कार्यकारी अधिकृत | ९ | १ | १ | १ | १ |
| व्यवस्थापक | ८ | – | १ | १ | १ |
| बरिष्ठ अधिकृत | ७ | १ | १ | २ | ३ |
| शाखा अधिकृत | ६ | ४ | ५ | ७ | ८ |
| स शाखा अधिकृत | ५ | ८ | ९ | ११ | १२ |
| सहायक | ४ | ३ | ४ | ६ | ९ |
| चालक ईञ्चार्ज | ४ | १ | १ | १ | १ |
| कनिष्ठ सहायक | ३ | १५ | १७ | २१ | २४ |
| सुरक्षा गार्ड | ३ | २ | १ | १ | १ |
| चालक | ३ | ३ | ३ | ३ | ३ |
| सुरक्षा गार्ड | २ | ३ | ४ | ५ | ७ |
| सहयोगी | २ | २ | २ | ३ | ४ |
| कनिष्ठ सहयोगी | १ | ५ | ६ | ७ | ८ |
| प्रशिक्षार्थी कर्मचारी | – | ४ | ६ | १२ | १७ |
| **जम्मा** | | **५३** | **६२** | **८२** | **१००** |

**३. अनुमानित वासलात:**

| विवरण | ३१ असार, २०८० | ३१ असार, २०८१ | ३२ असार, २०८२ | ३२ असार, २०८३ |
|---|---|---|---|---|
| पुँजी तथा दायित्व हिसाब | | | | |
| शेयर पुँजी | २१,५१,५७,०००.०० | ३१,१९,७८,१००.०० | ४३,६७,६९,७९०.०० | ६१,१४,७८,१५६.०० |
| जगेडा कोष | १०,४५,६३,७४४.०० | १३,५९,३२,८६७.०० | १७,६७,१२,७२७.०० | २२,९७,२६,५४५.०० |
| संस्थागत पुँजी कोष | २,९९,४८,५९३.०० | ३,४४,४०,८८२.०० | ३,९६,०७,०१५.०० | ४,५५,४८,०६८.०० |
| अन्य कोषहरू | ५,२६,२६,१४७.०० | ६,०५,२०,०७०.०० | ६,९५,९८,०८३.०० | ८,००,३७,७९५.०० |
| सम्भावित ऋण जोखिम व्यवस्था | ५,४४,०४,६४४.०८ | ६,८०,०५,८०५.०९ | ८,५०,०७,२५६.३७ | १०,६२,५९,०७०.४६ |
| बाह्य ऋण दायित्व | २,३९,९५,६३१.०० | २,५९,८३,३५३.०० | २,८८,८५,०१८.०० | ३,१९,९६,५१६.०० |
| बचत (निक्षेप) हिसाब | २,८४,२८,६९,४४४.१५ | ३,३५,५४,४४,७१४.३३ | ४,०३,९२,३०,४०६.७७ | ४,७७,६५,४९,६५९.३८ |
| भुक्तानी दिनु पर्ने हिसाव | १,९२,७३,६४०.३९ | १,९८,५१,८४९.६० | २,०४,४७,४०५.०९ | २,१०,६०,८२७.२४ |
| अन्य दायित्व हिसाब | १२,१४,४८,२११.०० | १२,९९,४९,५८५.७७ | १३,९०,४६,०५६.७७ | १४,८७,७९,२८०.७५ |
| **जम्मा** | **३,४६,४२,८७,०५४.६२** | **४,१४,२१,०७,२२६.७९** | **५,०३,५३,०३,७५८.००** | **६,०५,१४,३५,९१७.८३** |

| विवरण | ३१ असार, २०८० | ३१ असार, २०८१ | ३२ असार, २०८२ | ३२ असार, २०८३ |
|---|---|---|---|---|
| नगद मौज्दात | ३५,७८,२०४.०० | ३८,२८,६७९.०० | ४,०९,६६८६.०० | ४३,८३,४५४.०० |
| बैंक मौज्दात | ४१,९३,५८,२७८.०० | ४६,१२,९४,१०६.०० | ५३,४५,८८,२३७.८९ | ६८,८०,४७,०६१.०० |
| लगानी हिसाब | ४१,८२,४४,९३४.७३ | २९,७३,३२,६८८.०० | २०,८६,८०,६३९.०० | २,१२,८५,४,२५१.०० |
| ऋण लगानी | २,३८,३३,४१,३७९.०१ | ३,१२,९६,३७,८२४.१८ | ४,०२,६५,८२,३२२.१७ | ४,८७,१३,४३,५७९.१८ |
| स्थीर सम्पत्ति | १०,७०,२५,००४.८७ | ११,७७,२७,५०५.०० | १२,९५,००,२५५.०० | १४,३३,६०,६१४.२६ |
| अन्य सम्पत्ति | २,९१,५२,११५.०० | २,९७,३५,१५७.०० | ३,०३,२९,८६३.०० | ३,०९,३६,४६१.०० |
| पाउनुपर्ने हिसाब | १०,३५,८७,१३९.०१ | १०,२५,५१,२६७.६२ | १०,१५,२५,७५४.९४ | १०,०५,१०,४९७.३९ |
| जम्मा | ३,४६,४२,८७,०५४.६२ | ४,१४,२१,०७,२२६.७९ | ५,०३,५३,०३,७५८.०० | ६,०५,१४,३५,९१७.८३ |

**३. अनुमानित आय (नाफा नोक्सान) बिवरणः**

| विवरण | ३१ असार, २०८० | ३१ असार, २०८१ | ३२ असार, २०८२ | ३२ असार, २०८३ |
|---|---|---|---|---|
| ब्याज आम्दानी | ३३,८६,८१,२७४.४० | ४२,५५,८४,३१९.७३ | ५५,६३,८१,६३८.३७ | ६९,४९,८३,००९.५२ |
| ब्याज खर्च | २९,८१,०७,८४७.५३ | ३४,९२,७६,९३९.६५ | ४१,३७,२६,३१६.५८ | ४८,५५,४८,३४९.१८ |
| खुद ब्याज आम्दानी | ४,०५,७३,४२६.८७ | ७,६३,०७,३८०.०८ | १४,२६,५५,३२१.७९ | २०,९४,३४,६६०.३४ |
| बैंक ब्याज आम्दानी | ६,०६,९५,६१५.९८ | ५,०४,९१,५०३.५७ | ४,४९,२४,५३४.६१ | ५,२२,४७,५४२.८५ |
| अन्य सञ्चालन आम्दानी | ३,२८,८२,५००.०० | ३,६१,७०,७५०.०० | ३,९७,८७,८२५.०० | ४,३७,६६,६०८.०० |
| कुल सञ्चालन आम्दानी (क) | १३,४१,५१,५४२.८५ | १६,२९,६९,६३३.६५ | २२,७३,६७,६८१.३९ | ३०,५४,४८,८११.१९ |
| खर्चहरु | | | | |
| - कर्मचारी खर्च | २,७३,३९,२८२.३० | ३,३१,९४,१९९.९० | ४,६०,३५,३६४.६० | ५,५०,७८,४९२.४० |
| - सञ्चालन खर्च | १,८४,९०,०००.०० | १,९४,१४,५००.०० | २,०३,८५,२२९.०० | २,१४,०४,४९७.०० |
| - ऱ्हास कट्टी खर्च | २७,८४,७४५.९० | ३०,६३,२२०.४९ | ३३,६९,५४२.५४ | ३७,०६,४९६.७९ |
| - सदस्य सेवा तथा कार्यक्रम | ७८,३६,६४५.०० | ८६,२०,३०९.५० | ९४,८२,३४०.४५ | १,०४,३०,५७४.५० |
| - ऋण जोखिम व्यवस्था खर्च | १,०८,८०,९२८.८२ | १,३६,०१,१६१.०२ | १,७०,०१,४५१.२७ | २,१२,५१,८१४.०९ |
| - मर्मत सम्भार | ९,००,०००.०० | ९,२५,०००.०० | ९,५०,०००.०० | ९,७५,०००.०० |
| कुल खर्च (ख) | ६,८२,३१,६०२.०१ | ७,८८,१८,३९०.९१ | ९,७२,२३,९२७.८६ | ११,२८,४६,८७४.७८ |
| **आयकर व्यवस्था अघिको नाफा (क)- (ख)** | **६,५९,१९,९४०.८३** | **८,४१,५१,२४२.७४** | **१३,०१,४३,७५३.५३** | **१९,२६,०१,९३६.४१** |

**यस गरिमामय सभाका अध्यक्षज्यू तथा सदस्य महानुभावहरू,**

यस वार्षिक कार्यक्रम तथा बजेट र आगामी ४ वर्षको रणनीतिक व्यवसायिक योजना 'दिगो साकोस, सुखी र समृद्ध सदस्य' भन्ने परिकल्पना साकार पार्ने उद्देश्यले तयार पारिएको छ । हाम्रा सामु धेरै सम्भावना र चुनौतीहरू रहेका छन् । प्रतिकुलतालाई अनुकुलतामा बदल्ने हाम्रो अभ्यासलाई निरन्तर अगाडि बढाउँदै सदस्यहरूको जीवनस्तर परिवर्तनकोलागि सहकारी नै सर्वोत्कृष्ट माध्यम हो भन्ने विश्वासमा अविचलित भई अगाडि बढ्ने प्रतिवद्धता सहित संस्थाको आजसम्मको प्रगति र सफलताहरूकालागि आदरणीय सदस्यज्यूहरू प्रति कृतज्ञ हुँदै संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार परिषद्, उपसमिति, कर्मचारीहरू र सम्बन्ध सबैमा धन्यवाद ज्ञापन गर्दै प्रस्तुत वार्षिक कार्यक्रम तथा बजेट र आगामी ४ वर्षको रणनीतिक व्यवसायिक योजना उपर रचनात्मक सल्लाह र सुझाव सहित पारित गरिदिनु हुन अनुरोध गर्दछु ।

धन्यवाद । जय सहकारी । जय चन्द्रागिरि ।

.................................................

कृष्ण कुमार श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

अनुसूची – २

(दफा ११(क) सँग सम्बन्धित)

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## लेखा सुपरिवेक्षण समितिको

## वार्षिक प्रतिवेदन आ.व. २०७८/०७९

यस चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष एवं यस २१ औं वार्षिक साभारणसभाका आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू अतिथिज्यू, सल्लाहकार परिषद्का संयोजकज्यू तथा सदस्यज्यूहरू, संचालक समितिका सदस्यज्यूहरू विभिन्न उपसमितिका संयोजकज्यू तथा सदस्यज्यूहरू र यस साधारणसभामा गरिमामय उपस्थिति जनाउनुहुने सम्पूर्ण आदरणीय सदस्यज्यूहरू एवम् कर्मचारी मित्रहरूमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक स्वागत तथा अभिनन्दन ।

विगत केहि वर्ष देखिको विविध कारणले विश्व बजारमा आएको आर्थिक मन्दीसँगै नेपाली अर्थ बजारमा देखिएको उतार चढावको प्रभाव साथै सहकारी क्षेत्रलाई लागू सन्दर्भ ब्याजदरको प्रभावको कारण यस संस्थाको आर्थिक कारोवार (बचत तथा ऋण), सामाजिक सुरक्षणका सेवाहरू तथा सामाजिक दायित्वका गतिविधिहरूमा समेत प्रभाव परेको देखिन्छ । केहि सहकारीहरूमा भै रहेका गलत अभ्यासहरूले पनि सहकारी अभियानलाई नै चुनौती रहेको देखिन्छ । संचित तरलता लगानी गर्न बैंक तथा वित्तीय संस्था र सहकारी संस्थाहरू बिच तीव्र प्रतिस्पर्धा भईरहेको छ । त्यसै गरी लगानीयोग्य कोष बृद्धिको लागि बचत आकर्षित गर्ने प्रतिस्पर्धा जस्ता अनेकन परिदृश्य देखा परेका छन् । साथै साविक एच.एण्ड बी बैंक हाल लुम्बिनी विकास बैंकबाट यस संस्थाको बैंक खाताको रकम (GFP) हिनामिनाले संस्थाको कोष र मुनाफामा असर पारेको देखिन्छ । यस्तो चुनौतीपूर्ण अवस्थामा पनि व्यवस्थापकीय कुशलता र दक्षताका आधारमा संस्थाका सदस्यहरूको सेवामा सहकारीको मुल्य, मान्यता र सिद्धान्तहरूको अधिनमा रही संचालक समितिबाट उचित निर्णय र व्यवस्थापनबाट कार्यान्वयन गरेको कारणले हाल यो चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्थाको यात्रामा संस्थागत कारोवारका हरेक पक्षमा निरन्तर बृद्धि भएको देखिन्छ र राष्ट्रिय विकासको दृष्टिकोले पनि चालु पञ्च वर्षीय पन्ध्रौं योजनामा उल्लेख वित्तीय समावेशिकरणको लागि नीति र कार्यनीति तथा नेपाल सरकारले अंगिकार गरेको दिगो विकास लक्ष्यमा गरीवी निवारण सम्बन्धी कार्यमा सहयोगी बनेको कारणले पनि यस संस्थाले काठमाण्डौ जिल्लामा मात्र नभै प्रदेश र राष्ट्रमा नै सफल बचत तथा ऋण सहकारी संस्थाको रूपमा आफ्नो छवि बनाएको छ । सदस्य समुदायलाई उत्कृष्ट सेवा प्रदान गर्न सफल रहेको विषय मूल्याङ्न गर्दै नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कुन) ले 'नेफ्स्कुन प्रशंसा पुरस्कार' विधामा छनौट गरी पुरस्कृत गरेको छ ।

**आदरणीय सदस्यज्यूहरू,**

"सहकारी ऐन २०७४" र " प्रदेश सहकारी ऐन २०७६को दफा ४५को उपदफा ( १ ) (क) (ख) (ग) (घ) (ङ) मा उल्लेखित लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्यको अधिनमा रही यस समितिले, संस्थाद्वारा आ. व. २०७८/०७९मा भए गरेका नीतिगत निर्णय प्रकृया तथा व्यवस्थापनबाट गरिएका कार्यान्वयन पक्षको समय समयमा गरेको सुपरिवेक्षणको सन्दर्भमा देखिएका तथा संस्थाले विभिन्न नियमनकारी निकायमा पेश गर्न प्रदेश सहकारी नियमावलीको दफा १८ मा उल्लेखित विवरणहरूको अध्ययन समेतका आधारमा तयार परिएको प्रतिवेदन सोही ऐन को दफा ४५ को उपदफा (१)(च)को परिपालना गर्दे यस २१ औँ गरिमामय वार्षिक साधारण सभामा प्रस्तुत गर्न पाएकोमा हामी गौरवान्वित भएका छौं ।

**आदरणीय सदस्यज्यूहरू,**

यस समितिले सहकारी संस्था संचालनमा अन्तर्राष्ट्रिय सहकारी महासंघले प्रतिपादन गरेका सात सिद्धान्त र विश्व ऋण परिषदद्वारा प्रतिपादित १० वटा सिद्धान्तले मार्गदर्शन गरेका पूर्ण पालना सहित कार्यक्रमहरू संचालन गर्न संस्थामा संलग्न समिति र व्यवस्थापन पक्षलाई अभिप्रेरित गर्दै आएको छ । साथै संस्थाका अभिलेख र कार्यक्रमहरूको सुपरिवेक्षण गर्ने सन्दर्भमा, संस्थाद्वारा आ. व. २०७८/०७९मा निर्धारण गरेका लक्ष्य र कार्यक्रमहरूको सन्दर्भमा भए गरेका नीतिगत निर्णय प्रकृया तथा व्यवस्थापन पक्षवाट गरिएका कार्यान्वयन पक्षको Credit Union Governance Principles का तीन तत्वहरू बाह्य सुशासन, आन्तरिक सुशासन र व्यक्तिगत सुशासनका महत्वपूर्ण कुराहरू जस्तै पारदर्शिता, अनुपालन,

जनउत्तरदायित्व, संरचना, निरन्तरता, सन्तुलन र जवाफदेहिता, ईमान्दारिता, दक्षता र प्रतिबद्धता जस्ता कुराहरूको परिपालना समेतलाई आधार मानेको छ ।

यस समितिको जिम्मेवारी र भूमिका अनुसार गत साधारण सभाबाट निर्देशित विषयमा निर्णय प्रकृया र कार्यान्वयन पक्षको यथोचित अनुगमनका साथै लेखा सुपरिवेक्षण समितिको ५ पटक बैठक बसी विभिन्न समयमा भएका निर्णय, कार्यान्वयन तथा आर्थिक अभिलेखहरूको अध्ययन गरी त्रैमासिक प्रतिवेदन र सुझाव समेत दिईएको छ । संस्थाको २० औं वार्षिक साधारण सभाबाट पारित निर्णयहरूको कार्यान्वयनको लागि संचालक समितिद्वारा गरेका संस्थागत आन्तरिक निर्णय प्रकृया र व्यवस्थापन पक्षवाट त्यसको कार्यान्वयन तथा संस्थाको मुख्य आर्थिक कारोवार (बचत तथा ऋण), को सन्दर्भमा सहकारी ऐन २०७४ को कोष सम्बन्धी व्यवस्था, ऋण तथा बाँकी वक्यौता असुली सम्बन्धी, प्रदेश सहकारी ऐन, नियमावली, मापदण्ड, निर्देशिका तथा कार्यविधिमा भएको व्यवस्था अनुरूप आन्तरिक नीति, कार्यविधि तथा निर्देशिकाहरू बनाई कार्यान्वयनमा ल्याएको छ / छैन भन्ने कुरा का साथै समाजिक सुरक्षाका सेवाहरू एवं अन्य कृयाकलापहरूको प्रगति र उपलब्धीका बारेमा सुपरिवेक्षण गरेका थियौं ।

यसै परिप्रेक्षमा यस समितिबाट सहकारी ऐन, नियमावली तथा सहकारी संस्था संचालन, अनुगमन तथा नियमन सम्वन्धी मापदण्डको पालना र संस्थाको विनियममा उल्लेखित उद्देश्य अनुरूप बचत तथा ऋण सहकारी सम्बन्धी राष्ट्रिय / अन्तर्राष्ट्रिय सिद्धान्तहरूको पालना, एक्सेस ब्राण्डिङ कार्यान्वयन जस्ता संस्थागत सुशासन, वित्तीय अनुशासन, पर्ल्स अनुगमन प्रणाली, आवधिक रणनीति, नीति, नियम र सम्वन्धित निकायको निर्देशन समेतको निरन्तर पालना गर्दै सदस्यहितलाई दृष्टिगत गरी संस्थाको निर्धारित लक्ष्य प्राप्तीका लागि कार्यक्रम तयार गरी नीति, विधि र प्रविधिमा आधारित भै संस्थागत स्थायित्वको लागि सुशासन पालना गर्दै निर्णय र कार्यान्वयन गर्न संचालक समिति र व्यवस्थापन पक्षलाई निरन्तर ध्यानाकर्षण समेत गराईएको छ ।

**आदरणीय सदस्यज्यूहरू,**

यस समितिले समय समयमा संस्थाको मुख्य आर्थिक कारोवार (बचत तथा ऋण), समाजिक सुरक्षाका सेवाहरू तथा अन्य गतिविधिहरूको अनुगमन र सुपरिवेक्षणको सन्दर्भमा देखिएका तथा सदस्यहरूबाट औपचारिक-अनौपचारिकरूपमा प्राप्त सुझाव र गुनासाहरूका आधारमा यो प्रतिवेदन तयार गरी प्रस्तुत गरेका छौं । अब म, संस्थाले आ.व. २०७८/०७९ को लागि लक्षित तथा सम्पन्न कार्यक्रमको वित्तीय कारोवार, संस्थाको भौतिक तथा जनशक्ति, सदस्यहरूका लागि प्रदान गरेका सेवा सुविधाहरू एवं अन्य क्रियाकलापबारे तयार पारिएको विवरण र अभिलेखहरूको अध्ययन तथा लेखा सुपरिवेक्षणको सन्दर्भमा समष्टिगत समीक्षाबाट औंल्याईएका विषयवस्तुहरूको सन्दर्भमा लेखा सुपरिवेक्षण समितिको यो प्रतिवेदन यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**१. अघिल्लो साधारण सभाको निर्णयहरूको कार्यान्वयनको अवस्था :**

**(क) अघिल्लो साधारण सभाको निर्णयहरू यस संस्थाको अघिल्लो २० औं वार्षिक साधारण सभावाट आ.व.२०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम अन्तर्गत निम्न मुख्य शिर्षकमा कार्यक्रमहरू प्रस्तुत भै पारित गरिएका थिए :**

- वित्तीय सुरक्षा तथा सक्षमता कायम राख्ने,
- सदस्यता वृद्धि गर्ने,
- सदस्य सन्तुष्टी तथा गुणस्तरीय वस्तु तथा सेवा प्रदान गर्ने,
- कार्यगत सक्षमता र प्रतिस्पर्धी अवस्था कायम गर्ने,
- नेतृत्व र व्यवस्थापन पक्ष,
- कर्मचारी दरबन्दी र व्यवस्थापन गर्ने

**ख) निर्णयहरूको कार्यान्वयनको अवस्था :**

सदस्यता वितरण, शेयर पुँजी वृद्धि, बचत निक्षेप, ऋण लगानी, संस्थागत पुँजी वृद्धि, तरलता व्यवस्थापन, शेयर लाभांस वितरण, रेमिट्यान्स कारोवार, ऋणको वर्गीकरण, भौतिक पूर्वाधार विकाश, सम्पत्ति / सामानको विवरण अद्यावधिक तथा मूल्याङ्कन, सदस्य राहत सुविधा तथा वितरण, डिजिटल / स्मार्ट सेवा, लघुवित्त कार्यक्रम, ब्याजदर परिमार्जन, ऋणको कानुनी प्रकृया, नेतृत्व विकास, कर्मचारी व्यवस्थापन, सदस्य सेवाकेन्द्र सञ्चालन, २० औं वार्षिक साधारण सभा, Virtual Credit Union Study Program, ACUNEL मा प्रतिनिधित्व, नवनिर्वाचित जनप्रतिनिधिहरूलाई स्वागत तथा बधाई ज्ञापन कार्यक्रम, चन्द्रागिरि उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम, अन्तराष्ट्रिय सहकारी दिवस, अन्तरक्रिया तथा क्षमता अभिबृद्धि कार्यक्रम, २८ औं सिकाई तथा कार्यकुशलता कार्याशाला आयोजना, नयाँ कोर बैंकिङ सिस्टम, वार्षिक समीक्षा तथा योजना गोष्ठी, रक्तदान कार्यक्रम, उद्यमशीलता विकास तालिम, सदस्य सम्मान तथा पुरस्कार वितरण, संरक्षित पुँजी फिर्ता कोष रकमको अनुमान र सदस्यहरूलाई

भ्रमण कार्यक्रम, सञ्चालक तथा कर्मचारी क्षमता विकास अन्य कार्यक्रमहरू, विभिन्न संस्थाहरूको यस साकोसमा अवलोकन भ्रमण, २० औं साधारण सभाबाट पारित नीति तथा कार्यत्तम कार्यान्वयन तालिका, ऋण लगानी, भाखा नाघेको ऋण असुली सदस्यता विस्तार, स्मार्ट बैंकिङ सञ्चालन, सेवाकेन्द्रहरू सञ्चालन, सदस्य राहत, छात्रवृती, पदपूर्ति, कर्मचारी मुल्यांकन, प्रगति समिक्षा जस्ता विषयमा कार्यान्वयन भएको पाईयो ।

**२. आ.व. २०७८/०७९मा बसेको बैठक संख्या निणर्यहरू र निर्णयहरूको कार्यान्वयनको अवस्था :**

आ. व. २०७८/०७९ मा संचालक समितिको कुल १५ पटक बैठक बसी निम्न विषयहरूमाथि निर्णय भै कार्यान्वयन भएको पाईयो :

**क)** वर्ष भरिमा सदस्य संख्या १५,८८४ जना शेयर पुँजी रू. १७,४०,४९,५००।-, बचत रू. २,४१,६९,५८,६९०।४७, ऋण लगानी रू. २,००,६७,७६,४९८।०६ र सञ्चालन बचत रू. ६,४२,५०,५१०।९९ को प्रगति गर्न संस्था सफल भएको देखिन्छ । यसका अतिरिक्त कर राजस्व तर्फ रू. १,९८,६७,७७०।७० दाखिला गरी राज्यलाई योगदान गर्न समेत सफल भएको छ ।

**ख) कार्यान्वयन भएका अन्य विषयवस्तुहरू:**

- आवश्यकता अनुरूप संस्थागत वित्तीय तथा भौतिक प्रगति र अवस्थाको समीक्षा, आवश्यक नीति, कार्यविधि पुनरावलोकन/निर्माण गरिएको ।
- लेखा सुपरिवेक्षण समितिले दिएको त्रैमासिक प्रतिवेदन र सुझावहरूलाई संचालक समितिको बैठकमा छलफल भै संचालक समिति र व्यवस्थापनमा कार्य विभाजन गरी कार्यान्वयन गरिएको ।
- एक्सेस ब्राण्डिङ प्रकृया कार्यान्वयनमा रहेको ।
- सदस्यहरूको टेलिफोन, बिद्युत महशुल भुक्तानी सुविधा तथा संचार सेवा, ब्लुबुक नवीकरण तथा कर भुक्तानी सेवा, भित्तेपात्रो प्रकाशन तथा सामाजिक सञ्जालको माध्यमबाट सुचना प्रवाह भईरहेको ।
- कर्मचारीहरूलाई विषयगत तालिममा सहभागी गराईएको । कर्मचारीलाई नयाँ सफ्टवेयर सम्बन्धी तालिम दिईएको ।
- संस्थाबाट उपलब्ध हुने सेवा सुविधामा सदस्यहरूको सहज पहुँचका लागि थप भवनको निर्माण भएको ।
- सम्पत्तिहरूको नियमानुसार वर्गीकरण प्रकृया थालनी भएको ।
- समय सापेक्ष कर्मचारीहरूको सेवा सुविधा पुनरावलोकन गरिएको, मुल्याङ्कन र पदोन्नती तथा पुरस्कृत गरिएको ।
- संस्थामा कायम हुन आएको अधिक तरलता समेत व्यवस्थापन गर्ने र सदस्यहरूमा उद्यमशीलता अभिबृद्धि गर्ने अभिप्रायले संस्थाबाट उद्यमी पुनरूत्थान कर्जा तथा ऋणका नयाँ स्किमहरू लागु गरेको पाईयो ।
- उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम संचालन गरिएको ।
- सदस्यहरूको अवलोकन भ्रमण चन्द्रागिरि साथी छनौट जस्ता कार्यक्रम संचालन गरिएको ।
- भाखा नाघेका ऋणको कानुनी प्रकृयामा प्राथमिकता दिईएको ।

**ग) गत साधारण सभाबाट पारित तर कार्यान्वयनमा प्राथमिकता नपाएका :**

- निष्कृय सदस्य वहिर्गमन व्यवस्था, अनुसन्धानात्मक कार्यहरू, सदस्यहरूको आग्रहको आधारमा घरदैलोबाट बचत संकलन सुविधा ।
- सामाजिक उत्तरदायित्व अन्तर्गत संस्थाको नियमित कार्यक्रम जस्तै स्थापना दिवस, रक्तदान, स्वास्थ्य सचेतना कार्यक्रम, आँखा शिविर, स्वास्थ परीक्षण, सहकारी शिक्षा कार्यक्रम मध्ये केही कार्यक्रम लक्ष्य अनुरूप सम्पन्न हुन नसकेको देखिन्छ ।
- व्यवसायिक ऋणको पर्याप्त अनुगमन हुन नसकेको ।
- लामो समयदेखि पाउनु पर्ने हिसाबमा देखिएका केही शिर्षकका रकम मिलान गर्न अझै बाँकी देखिएको ।
- सदस्यहरूको बचत रकम मध्ये ७३.२९प्रतिशत रकम मात्र ऋण लगानी भएको र बाँकी (२६.७१%) प्रतिशत रकम ऋण लगानीयोग्य कोषमा रहेको देखिन्छ ।
- अस्तित्वमा नरहेका या प्रयोगमा आउन नसक्ने सम्पत्तिहरूको विस्तृत सूची बनाई अपलेखन हुन बाँकी रहेको ।
- कार्यालय व्यवस्थापन क्षमता विकास सम्बन्धी (5 S) तालिमको पूर्ण कार्यान्वयन नभएको ।

उपरोक्त विषयहरूका अतिरिक्त अन्य कार्यान्वयन या सुधार गर्नु पर्ने कतिपय विषयहरू मध्ये कार्यान्वयन भै सकेकोमा संचालक समिति र व्यवस्थापन पक्षलाई धन्यवाद दिनै पर्छ । साधारण सभाबाट पारित तर कार्यान्वयनमा प्राथमिकता नपाएका उल्लेखित विषयहरूको सम्बन्धमा संचालक समितिले निर्णय प्रकृयामा अग्रसरता देखाई व्यवस्थापन पक्षवाट कार्यान्वयनमा ल्याउन सुझाव सहित सिफारिस गरिन्छ ।

३. **ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :**

- सानो ऋण बाहेकका अन्य ऋणहरूमा ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था गरिएको । बिना धितो ऋणको सुरक्षणको रूपमा धन/व्यक्तिगत जमानी राख्नुको साथै ऋणको बिमा गरिएको ।
- ऋण उपसमितिका कुल ४६ वटा बैठक बसी सबै प्रकारका ऋणहरू आवश्यक प्रकृया अनुरूप प्रवाह भएको ।
- ऋण लगानी गर्दा मुल्याङ्कनको आधार (5 C) अर्थात शेयर सदस्यको चरित्र, क्षमता, पुँजीको अवस्था, धितो र बजारको अवस्था विश्लेषण गरेर ऋण प्रवाह भएको ।
- घर जग्गा खरिद/निर्माण तथा व्यवसायिक ऋण लगानी गर्दा धितोका अतिरिक्त अन्य आय स्रोतको अवस्था विश्लेषण हुने गरेको ।
- खराव ऋणीबाट ऋण असुलीवारे कानुनी कार्वाही सम्बन्धी प्रकृया थालनी गरिएको ।
- हायरपर्चेज ऋणमा ऋणको सुरक्षाको लागि अन्य थप धितो समेत सुरक्षणको रूपमा लिने गरेको ।

४. **सहकारी विभागबाट जारी गरिएका मापदण्डहरूको पालना सम्बन्धी संक्षिप्त विवरण :**

पर्ल्स अनुगमन विश्लेषण गरिने गरेको, संघीय सरकारद्वारा जारी "सहकारी ऐन, २०७४" र "सहकारी नियमावली, २०७५" तथा प्रदेश सरकारद्वारा जारी गरिएको" सहकारी ऐन, २०७५" तथा" सहकारी नियमावली, २०७६" र सहकारी मापदण्ड, २०७७ कार्यान्वयनमा आए पश्चात् संस्थालाई वचत तथा ऋण कारोवारका संगसंगै प्रचलित ऐनको परिधिभित्र सदस्यहरूको अझ बढी हित र जीविकोपार्जनको पक्षमा सहजता हुने कार्यक्रम समावेशमा जोड दिई सहकारी विभागबाट जारी गरिएका नीति निर्देशनहरूको पालनालाई प्रथमिकता दिई कार्य गरेको छ ।

५. **सहकारी विभाग, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरू कार्यान्वयन सम्बन्धी विवरणहरू :**

यस आ. व. मा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ(नेफ्स्कुन) बाट १ पटक एक्सेस ब्राण्डिङ स्थलगत अनुगमन गरेको पाईयो । सम्बन्धित निकायबाट यस संस्थाको अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझाव सम्बन्धी कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरेको पाईएको ।

६. **पदाधिकारीहरूको परिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण :**

६.१ परिश्रमिक : यस संस्थाका कुनै पनि पदाधिकारीहरूले आ–आफ्नो दायित्व र भूमिका निर्वाह गर्ने सिलसिलमा परिश्रमिक लिएको देखिदैन ।

६.२ भत्ता : सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र विषयगत उपसमितिहरूको तोकिए बमोजिमको बैठक बस्दा उपस्थित पदाधिकारीलाई प्रदान गर्ने गरेको छ ।

६.३ अन्य सुविधाहरू : अन्य सुविधाहरूमा संचालक समिति, लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूलाई संस्थागत आन्तरिक निर्णय प्रकृया र व्यवस्थापन पक्षबाट त्यसको कार्यान्वयन संस्थागत कारोवारका हरेक पक्षमा निरन्तर अनुगमनका साथै अन्तर सम्बन्ध स्थापित गर्न र सदस्यहरूसंग सह–सम्बन्ध स्थापित गर्न निर्धारित यातायात तथा संचार खर्चको सोधभर्ना उपलब्ध गराएको देखिन्छ ।

७. **कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरू :**

७.१ साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको :

यस संस्थाको कर्मचारी प्रशासन सम्बन्धी नियमावली रहेको र साधारण सभाबाट पारित भएको छ ।

७.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको / नल्याइएको :

यस संस्थाको कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको छ ।

७.३ भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको/नभएको :

यस संस्थाको भर्ना नीति समेत रहेको र कर्मचारी प्रशासन नियमावलीमा पनि कर्मचारी भर्ना सम्बन्धी प्रावधान उल्लेख रहेको छ । कर्मचारी पदपूर्ति उपसमितिबाट पारदर्शी र प्रतिस्पर्धी प्रकृयाबाट विधि सम्मत रूपमा कर्मचारी भर्ना गरेको तथा कार्यसम्पादन मुल्याङ्कनको आधारमा पदोन्नती गरेको देखिन्छ ।

७.४ कार्यरत कर्मचारीहरू र कार्यवोझ बिच तादम्यता रहेको/नरहेको :

यस संस्थामा कुल १५,८८४ जना सदस्य रहेको र कार्यरत कुल नियमित र समयगत गरी ४२ जना कर्मचारीहरू रहेका छन् । जसमा १ जना कर्मचारीले औसत ३७८ जना

सदस्यलाई सेवा उपलब्ध गराएको देखिन्छ । तसर्थ संस्थामा कार्यरत कर्मचारीहरू र उनीहरूलाई दिईएको भूमिका दायित्व बिच तादम्यता अनुरूप कार्यभार रहेको पाईन्छ ।

७.५ व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण :

हाल यस संस्थाका व्यवस्थापन प्रमुखको रूपमा वाणिज्य विषयमा स्नातक र ग्रामीण विकास विषयमा स्नातकोत्तर गरी सहकारीताको क्षेत्रमा २३ वर्ष लामो अनुभव हासिल गर्नु भएको, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा बचत तथा ऋण सहकारी सम्बन्धी विभिन्न कार्यशालाहरूमा कार्यपत्र प्रस्तुत गर्नु भएको र विकास सम्बन्धी प्रशिक्षक (Development Educator)को रूपमा भूमिका निर्वाह व्यक्ति रहनु भएको छ । यस संस्थालाई समय सापेक्ष रणनैतिक योजनामा ढाली संस्थागत विकासमा निरन्तर योगदान पुऱ्याईरहेको प्रतिकुल वित्तीय अवस्थामा पनि व्यवस्थापकीय कुशलता र दक्षताका आधारमा संस्थाका सदस्यहरूको सेवामा निरन्तर प्रयास गरी रहने, नीतिगत सर्वोच्चता र संस्थागत सुशासनलाई कायम गर्दै दिगो सहकारी बनाउन सक्षम र सदस्यको लगानी सुरक्षण गर्ने मान्यता अनुरूप कार्यक्रम संचालित गर्ने साथै व्यवसाय निरन्तरता योजना समेत तर्जुमा गरी Result oriented भै समय सापेक्ष कार्यक्रम र योजना कार्यान्वयन गर्न सक्षम कार्यकारी प्रमुख कार्यरत रहेको छ ।

७.६ कर्मचारीहरूको भर्ना प्रकृया र संख्या :

संस्थाको कर्मचारी प्रशासन सम्बन्धी नियमावली रहेका र कर्मचारी प्रशासन नियमावलीमा पनि कर्मचारी भर्ना सम्बन्धी प्रावधान उल्लेख रहेको छ । कर्मचारी पदपूर्ति उपसमितिबाट पारदर्शी र प्रतिस्पर्धी प्रकृयाबाट विधि सम्मत रूपमा कर्मचारी भर्ना गरेको तथा कार्य सम्पादन मुल्याङ्कनको आधारमा पदोन्नति समेत गरेको देखिन्छ । गत वर्ष कुल ४२ जना कर्मचारी रहेकोमा यस वर्ष पनि मुख्य कार्यालय र सेवाकेन्द्रहरू मार्फत दैनिक नियमित सेवा सञ्चालन गर्नको लागि ४२ जना कर्मचारीहरू कार्यरत रहेका छन् ।

७.६.१ नियमित सेवा : १६ जना

७.६.२ समयगत : २६

८. **लेखा सुपरिवेक्षण समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्था :**

संस्थाबाट भएका निर्णय, कार्यान्वयन तथा आर्थिक अभिलेखहरूको सुक्ष्म अध्ययन गरी त्रैमासिक प्रतिवेदन र सुझावहरूको कार्यान्वयनको अवस्था निम्न पाईयो ।

- समिति तथा उपसमितिका पदाधिकारीहरूका नेतृत्व विकासका साथै कर्मचारीहरूको दक्षता अभिवृद्धिका लागि तालिम, अन्तरक्रियाहरू समय सापेक्ष गरिएको ।
- संस्थाका पुराना सदस्यहरूलाई नयाँ सहकारी ऐनमा सामञ्जस्यता हुने गरी संस्थाका नीतिहरूमा आवश्यक परिमार्जन गरिएको र सदस्यहरूलाई सो सम्बन्धमा अनुशिक्षण हुने गरेको तथा सदस्यहरूलाई निरन्तर परिचयपत्र उपलब्ध गराएको ।
- लामो समयसम्म ऋण तिर्न अटेर गर्ने ऋणी सदस्यहरूलाई कानुनी प्रकृयाबाट ऋण असुलउपर गर्न तदारूकता दिईएको ।
- संस्थागत सुशासन पालना, जोखिम न्यूनीकरण र संस्थाको सवलिकरण जस्ता सुधारात्मक पक्षमा सम्बन्धित निकाय, बाह्य लेखापरीक्षक तथा समितिले दिएका सुझावहरू पालना भएको ।
- संस्थाको रणनैतिक योजनामा पुनरावलोकन गरिएको ।
- सबै सदस्यहरूमा संस्थाप्रति उत्तरदायित्वको भावना जागृत गर्न सरकारबाट उपलब्ध सेवामा सहज पहुँच होस भन्ने उद्देश्य अनुरूप सेवामुखी कार्यहरूमा सरकारी निकायहरूसँग समन्वयकारी भूमिका गरिएको ।
- कोभिड १९ र आर्थिक मन्दीको कारण भाखा नाघेको ऋणको अनुपातमा वृद्धि भैरहेकोले सोलाई पर्ल्स मापदण्डभित्र ल्याउन र ऋण नोक्सानी कोषको आवश्यक मापदण्ड अनुरूप व्यवस्था गर्न थालनी भएको छ ।
- यस संस्थाका कार्यक्रमहरू समय सापेक्ष कार्यान्वयन गर्न संस्थाको विनियममा विधिसम्मत रूपले संशोधन गर्नुका साथै नीतिहरूमा आवश्यक परिमार्जन तथा निर्माण गरिएको देखिन्छ ।
- ऋणीहरूबाट व्यवसायिक ऋणको उपयोग उद्देश्य अनुरूप भएको छ कि छैन भन्ने विषयमा अनुगमनमा प्रभावकारिता ल्याउन आवश्यक कार्यले प्राथमिकता नपाएको ।
- साधारण सभाबाट पारित कार्यक्रमहरू केही कार्यक्रमहरू लक्ष्य अनुरूप संचालन नभएको ।

**लेखा सुपरिबेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरू :**

- संस्थाले व्यवसाय निरन्तरता योजना समेत तर्जुमा गरी लागु गरिसकेकोले हुँदा विषम परिस्थितिमा पनि निरन्तर सेवा सञ्चालन भएको छ ।

- नीतिगत सर्वोच्चता र संस्थागत सुशासनलाई कायम गर्दै दिगो सहकारी बनाउने र सदस्यको लगानी सुरक्षण गर्ने मान्यता अनुरूप कार्यक्रम संचालन गरेको पाईयो ।
- ऋण असुलीमा कानूनी प्रकृया अवलम्वन गरेकोले खराव ऋणको अनुपात घट्दै गएको ।
- कतिपय कार्यक्रमहरू संयुक्त राष्ट्र संघले परिलक्षित गरी नेपालले अंगिकार गरेको दिगो विकास लक्ष्य प्राप्तिमा सघाउ पुग्ने देखिन्छन् ।

**१०. लेखा समितिको सुझावहरू :**

१०.१"सहकारी ऐन २०७४" प्रदेश सहकारी ऐन २०७६, सहकारी मापदण्ड,२०७७ बचत तथा ऋण सहकारी सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय सिद्धान्तहरूको पालना, संस्थागत सुशासन, वित्तीय अनुशासन, निर्धारित रणनीति, नीति नियम र सम्बन्धित निकायको निर्देशनहरू समेतको पालनामा जोड दिंदै संस्थाको परिकल्पना दिगो साकोस, सुखी र समृद्ध सदस्य"लाई साकार पार्न निर्धारित लक्ष्य प्राप्तीका लागि लिईएका उद्देश्य अनुरूप योजना र कार्यक्रमहरू तयार गरी सर्वोच्च निकाय साधारणसभाबाट अनुमोदित कार्यहरूमा प्राथमिकता दिई कार्य गर्न गराउन निरन्तर संचालक समिति र व्यवस्थापन पक्षको ध्यानाकर्षण हुनु पर्ने देखिन्छ । साथै आगामी दिनमा निम्न विषयमा प्राथमिकता दिन समेत यस समितिले ध्यानाकर्षण गराउन चाहेको छ ।

- ऋणीहरूबाट व्यवसायिक ऋणको उपयोग उद्देश्य अनुरूप भएको छ कि छैन भन्ने विषयमा ऋण उपयोगिता अनुगमन कार्यविधि तयार पारी ऋणी अनुगमनमा प्रभावकारिता ल्याउन आवश्यक कार्य गर्नुपर्ने ।
- संस्थाको स्थायित्व र अझ सुशासित रूपमा संचालन गर्न समिति तथा उपसमितिका पदाधिकारीहरूको नेतृत्व विकासका साथै कर्मचारीहरूको दक्षता अभिवृद्धिका लागि नीति, विधि र प्रविधिमा आधारित तालिम, गोष्ठी, अन्तरक्रियाहरू जस्ता कार्यक्रमहरूलाई निरन्तरता दिनुपर्ने ।
- उपसमितिहरूलाई अझ जिम्मेवारीपूर्वक सक्रिय भई कार्य गर्न अनुशिक्षण दिने ।
- संस्थाका पुराना सदस्यहरूलाई नयाँ सहकारी ऐनमा सामञ्जस्यता हुने गरी संस्थाका नीतिहरूमा अझ आवश्यक परिमार्जन गर्ने र विस्तारित मञ्च कार्यनीति वनाई सबै सदस्यहरूलाई सो सम्बन्धमा अनुशिक्षण गराउनु पर्ने तथा सदस्यहरूलाई निरन्तर परिचयपत्र उपलब्ध गराउँदै जानुपर्ने ।
- लामो समयसम्म ऋण तिर्न अटेर गर्ने ऋणी सदस्यहरूलाई कानुनी प्रकृयाबाट ऋण असुलउपर गर्न अझ तदारूकता दखाउनु पर्ने ।
- संस्थागत सुशासन पालना, जोखिम न्यूनीकरण र संस्थाको सवलीकरण जस्ता सुधारात्मक पक्षमा सम्बन्धित निकाय, बाह्य लेखापरीक्षक तथा समितिले दिएका सुझावहरू पालना गर्न/गराउन निरन्तर अग्रसर रही रहनु पर्ने ।
- सदस्यहरूको स्वास्थ्य सेवामा सरल र सहज पहुँचकालागि स्वास्थ्य क्षेत्रमा कार्यरत निकायहरू समन्वय गरी कार्यक्रम संचालन गर्ने ।
- सुरक्षित लगानीका लागी नयाँ क्षेत्र पहिचान गर्ने ।
- भाखा नाघेको ऋणको अनुपातमा वृद्धि हुन नदिने र पर्याप्त सम्भावित ऋण नोक्सानी कोषको व्यवस्था गर्ने ।
- संस्थामा रहेका तथा भाडामा लिईएका भौतिक संरचनाहरूको पूर्ण उपयोग गरिनु पर्ने ।
- संस्थाको अनुत्पादक खर्चमा मितव्ययिता अपनाउन निरन्तर प्रयास गर्ने ।
- पर्ल्स अनुगमन विश्लेषण र एक्सेस ब्राडिङ कार्यक्रम अनुरूप कार्यक्रम संचालन गर्न प्राथमिकता दिने ।
- सेवा केन्द्रहरूमा सदस्यता वृद्धिको लागि विशेष कार्यक्रम संचालन गरिनु पर्ने ।
- संस्थाको तरलताको अवस्था अनुसार सदस्यहरूको दिगो जिविकोपार्जनमा सघाउ पुग्ने र लगानी सुरक्षित हुने कार्यक्रमलाई अझ प्राथमिकता दिने ।
- स्थानीय कला र संस्कृतिलाई संरक्षण र सम्वर्द्धन गर्न सहकार्य गर्ने ।
- सबै सदस्यहरूमा संस्थाप्रति उत्तरदायित्वको भावना जागृत गर्न सरकारबाट उपलब्ध सेवामा सहज पहुँच होस भन्ने उद्देश्य अनुरूप सेवामुखी कार्यहरूमा सरकारी निकायहरूसँग समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने ।
- साधारण सभाबाट पारित सबै कार्यक्रमहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने/गराउने ।
- तत्कालीन एच.एण्ड.बि. बैंक बाट प्राप्त हुन बाँकी रकम असुल गर्नको लागि थप प्रभावकारी पहल अगाडि बढाउने ।
- समय सापेक्ष कार्यान्वयन गर्न संस्थाको विनियममा आवश्यक परिमार्जन या पुन:लेखन का साथै नीतिहरूमा आवश्यक परिमार्जन तथा निर्माण गर्न सुझाव दिईन्छ ।

- सदस्यहरूको बृहत्तर स्वास्थ्य र समृद्धिलाई ध्यानमा राखी खेलकुद, योगा र ध्यान जस्ता कार्यक्रमलाई पनि समावेश गर्नुपर्ने ।
- समिति उपसमिति गठन गर्दा सुशासनको प्रत्याभुत गर्न आगामी दिनमा ध्यान दिनुपर्ने ।
- साधारण सभा लगायत बृहतस्तरका कार्यक्रमहरू सञ्चालन सम्बन्धी स्पष्ट कार्यविधि बनाउनु पर्ने ।

**संस्थाको रणनीतिक कार्यदिशा र योजनामा समावेश गरिनु पर्ने विषयहरू :**

यस सभामा सञ्चालक समितिको आज्ञाले प्रमुख कार्यकारी अधिकृत मार्फत प्रस्तुत भएको वार्षिक कार्यक्रम तथा बजेत एवं रणनीतिक व्यवसायिक योजनालाई सफलतापूर्वक सञ्चालन गर्न यस समिति सञ्चालक समिति र व्यवस्थापनलाई सुझाव दिन चाहन्छ ।

**आदरणीय सदस्यज्यूहरू,**

मानवोदय इन्स्टिच्युट अफ पार्टिसिपेटरी डेबलभमेन्ट, भारतका निर्देशक वरूण विद्यार्थीले भनेका छन् मानव जीवनका लागि २ वटा कुरा सवै भन्दा बढी महत्वपूर्ण छन् एक नियम र अर्को प्रेम यी दुई चीजले जीवनलाई सार्थक बनाउँछ । सहकारीको नेतृत्वले समस्त समुदायलाई प्रेम गर्नु पर्दछ र प्रेम गर्न सिकाउनु पर्दछ । यस अर्थमा सहकारी संस्थाको स्थायित्व र निरन्तर प्रगतिको लागि संचालन वर्गमा बाह्य सुशासन, आन्तरिक सुशासन र व्यक्तिगत सुशासनले उत्तिकै महत्व राख्दछ । मानिसहरूमा पैसाको आकांक्षा बढेको छ हामी सकारीकर्मीहरूले संस्थागत नाफाका साथै संस्थाका कृयाकलापमा कति सदस्यहरूको सक्रिय सहभागिता भयो भन्ने कुरालाई प्राथमिकता दिनु पर्ने हुन्छ । तसर्थ माथि उल्लेखित विषय वस्तुहरूमा सञ्चालक समितिले गहन रूपमा मनन् गरी समीक्षा गर्दै संस्थाको सवलता, सफलता र प्रगतिको लागि व्यवस्थापन पक्षवाट यथोचित कार्यान्वयन गर्दै लैजाने कुरामा यस समिति विश्वस्त रहेको छ । साथै हालसम्म यस संस्थाको लेखा सुपरिवेक्षण समितिलाई सुम्पिएको जिम्मेवारी प्रति सबै सदस्यज्यूमा हार्दिक आभार र कृतज्ञता व्यक्त गर्दछौं । वर्तमान सञ्चालक समितिले सबै सदस्यहरूको सर्वाङ्गिण विकास लागि "वहुजन हिताय, वहुजन सुखाय"लाई दृष्टिगत गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रियरूपमा संस्थाको छवि उच्च राख्ने कार्यमा अझ अग्रसर भै कार्य गर्न प्रेरण मिलोस् भनी अग्रिम शुभकामना व्यक्त गर्दछौं । कुनै पनि संस्थामा व्यवस्थापन पक्ष भनेको स्थायी सरकार मानिन्छ त्यस कारण संस्थाको उद्धेश्य अनुरूप योजना कार्यान्वयन गरी लक्ष्य प्राप्ति गर्न व्यवस्थापन समुहको महत्वपूर्ण भूमिका हुन्छ । व्यवस्थापन प्रमुखको कार्य दक्षता र कुशलताको प्रभावले पनि यो संस्था अझ सदस्य हितमुखी उत्कृष्ट साकोसको रूपमा स्थापित हुने अपेक्षा रहेको छ ।

अन्त्यमा, यस प्रतिवेदनमा उल्लेख भएका आर्थिक भौतिक प्रगति र लक्षित कार्यक्रमहरू यस समितिले उल्लेख गरेका विषयवस्तुहरूमा सवै सदस्यज्यूहरूबाट सँधै चासोको विषय बन्नु पर्दछ भन्ने कुरा पनि अनुरोध छ ।

यस संस्थामा आबद्ध भई सहकार्य गरिरहनु भएका आदरणीय सदस्यज्यूहरू र संस्थाको प्रगतिका लागि सद्भाव चाहने सबै व्यक्ति तथा संघसंस्था प्रति हार्दिक आभार व्यक्त गर्दछौं । संस्थाको साखमा अझ बृद्धि गर्न सञ्चालक समिति, सल्लाहकार परिषद्, उपसमितिहरू र व्यवस्थापनबाट निरन्तर सहयोग, सहकार्य र सद्भाव प्राप्त भएकोमा वहाँहरू सबैलाई आभार सहित धन्यवाद व्यक्त गर्दछौं । र यस समितिको वार्षिक प्रतिवेदन उपर आवश्यक सल्लाह सुझाव सहित पारित गरिदिनु हुन अनुरोध गर्दछौं ।

धन्यवाद । जय सहकारी । जय चन्द्रागिरि साकोस

भानुप्रकाश ढकाल, संयोजक ..............

ईन्द्रबहादुर महर्जन, सदस्य ..............

सुष्मा कुँवर, सदस्य ..............

**के तपाईले सदस्यता पहिचना फारम (KYM) अध्यावधिक गर्नु भयो ?**

**यदि गर्नु भएको छैन भने संस्थामा गई सदस्यता पहिचान फारम (KYM) अध्यावधिक गर्नुहोला ।**

चन्द्रागिरि
"दिगो साकोस, सुखी र समृद्ध सदस्य"
बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि नगरपालिका-७, थानकोट, महादेवस्थान, काठमाडौं, नेपाल
०१ - ४३१३०५८, ४३१३०५९, ४३१६७७७
info@chandragiri.coop.np
saccoschandragiri@gmail.com
www.chandragiri.coop.np

## वित्तीय विवरण सम्बन्धी नीति तथा टिप्पणीहरू
## २०७९ साल आषाढ मसान्तको

**परिचय :**

काठमाण्डौं जिल्लाको चन्द्रागिरि नगरपालिका वडा. नं. ७ मा अवस्थित चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. सहकारी ऐन, २०४८ अनुसार २०५८ साल बैशाख ६ मा दर्ता भई संचालनमा आएको हो । संस्थाका सदस्यहरूलाई मितव्ययिताको भावना जागृत गराई नियमित रुपले बचत गर्ने बानीको विकास गर्ने, सदस्यहरूको व्यक्तिगत एवं सामुहिक हित अभिबृद्धि गरी स्वावलम्बी एवं आत्मनिर्भर समाजको निर्माणमा योगदान पुऱ्याउने, सदस्यहरूको आयआर्जन क्षमताको पहिचान गरी उत्पादनशील र आयमुलक क्षेत्रमा सदस्यहरू मार्फत लगानी प्रबर्द्धन गरी छरिएर रहेको पुँजीको उपयोग बृद्धि गरी सदस्यहरूको आर्थिक, सामाजिक र साँस्कृतिक अवस्थामा सुधार गर्ने उद्देश्यले यस संस्थाको स्थापना भएको हो । यस संस्थाको दर्ता नम्बर ७२४/२०५७/५८ र स्थायी लेखा नम्बर ३०१९५२८०४ रहेको छ ।

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सदस्यता:**

यस संस्था काठमाण्डौं जिल्लास्तरमा काठमाडौं जिल्ला बचत तथा ऋण सहकारी संघ र जिल्ला सहकारी संघ काठमाण्डौं, प्रदेशस्तरमा बाग्मती प्रदेश बचत तथा ऋण सहकारी संघ र बाग्मती प्रदेश सहकारी संघ, राष्ट्रिय स्तरमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कुन) र राष्ट्रिय सहकारी बैंक लि. को सदस्य रहेको छ । त्यसैगरी अन्तर्राष्ट्रियस्तरमा यस संस्था एशियाली ऋण महासंघ(ACCU) सपोर्टर सदस्य रहेको छ ।

**सदस्य विवरण**

| विवरण | २०७९ असार मसान्त |
|---|---|
| पुरुष सदस्य | ६०४३ |
| महिला सदस्य | ९७४९ |
| संस्थागत सदस्य | ९२ |
| वाल बचतकर्ता | ६३६ |
| **जम्मा** | **१५,८८४** |

**प्रतिवेदनको समयावधि तथा वित्तीय विवरणको स्वीकृति**

संस्थाले नेपाली क्यालेण्डर अनुसार नेपाली आर्थिक वर्षको सुरुवात २०७८ श्रावण १ गते र अन्त्य २०७९ असार ३२ गतेलाई मानी आफ्नो वित्तीय विवरण तयार पारेको छ । सहकारी संस्थाको सञ्चालक समितिले आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण २०७९ आश्विन २२ गतेका दिन पारित गरेको साथै शेयरधनी सदस्यको आगामी वार्षिक साधारण सभाको अनुमोदनको निमित्त सिफारिश गरिएको छ ।

## लेखासँग सम्बन्धित नीति तथा टिप्पणीहरू

**१. लेखाङ्कनको आधार :**

संस्थाको बित्तीय विवरणहरू अन्यथा उल्लेख भएको अवस्थामा बाहेक ऐतिहासिक मुल्य अवधारणाको सिद्धान्तमा (Historical) तथा नेपालमा अपनाईने सर्वमान्य लेखा सिद्धान्त तथा सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ एवम् बाग्मती प्रदेश सहकारी ऐन २०७६ र नियमावली २०७६ अनुसार तयार गरिएका छन् ।

**आय तथा व्यय लेखाङ्कन सम्बन्धी नीति**

(क) ऋण तथा सापटीको ब्याज नगद प्राप्तीको आधारमा (Cash basis) लेखाङ्कन गरिएको छ तर श्रावण ०९, २०७९ सम्मको ऋण तथा सापटीको ब्याज आम्दानी (रु. १,०२१,४८४) भने प्रोदभावी आधारमा (Accrual Basis) लेखाङ्कन गरी प्रस्तुत गरिएको छ ।

(ख) शेयर लगानीमा प्राप्त हुने लाभांश र मुद्दती निक्षेपमा प्राप्त हुने ब्याज प्राप्तिको आधारमा (Cash Basis) लेखाङ्कन गर्ने नीति लिएको छ ।

(ग) कमिशन तथा शुल्क नगद प्राप्तिको आधारमा (Cash Basis) लेखाङ्कन गरिएको छ ।

(घ) निक्षेपमा भुक्तानी हुने ब्याज रकमलाई पाकेको आधारमा लेखाङ्कन गरिएको छ । बचतमा पाकेको ब्याजलाई त्रैमासिक रुपमा सम्बन्धित बचत खातामा जम्मा गर्ने गरिएको छ ।

(ङ) ऋण तथा बचत निक्षेपको ब्याज गणना गर्दा ३६५ दिन बराबर एक वर्षको हिसाब गरिएको छ ।

(च) अन्य सञ्चालन खर्च तथा आम्दानीहरू प्रोदभावी आधार (Accrual Basis) नगद आधारमा लेखाङ्कन गरिएको छ ।

साथै सस्थांले ब्याज आम्दानीलाई नगद लेखाङ्कन (Cash Basis) नीतिअनुरूप हिसाब राखेको छ ।

**२. प्रविधि (Technology) :**

संस्थाको कारोबारलाई व्यवस्थित, छिटो छरितो तथा सरल रुपमा राख्न र व्यवस्थित ढंगले लेखाङ्कन गर्न संस्थालाई पूर्ण रुपमा कम्प्युटराइज्ड गरिएको छ । त्यसको साथै सदस्यहरूसँगको वित्तीय कारोबारलाई विश्वसनीय तथा व्यवस्थित गर्नका लागि संस्थामा प्रिमियम सफ्ट्वेयर जडान गरिएको छ ।

**३. कानुनी मुद्दा मामिला (Litigation):**

हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण अनुसार संस्थाको कर्मचारी तथा सञ्चालकले संस्था र सदस्यको हित विपरित कुनै पनि काम नगरेको पाइयो ।

**४. सम्बन्धित व्यक्तिसँगको कारोवार :**

यस लेखा परीक्षणको अवधिमा देहायका निकाय वा व्यक्ति यस संस्थासँग सम्बन्धित रहेका छन् । संस्थाका सञ्चालक तथा मुख्य प्रबन्धकलाई सम्बद्ध व्यक्तिको रूपमा लिइएको छ । आर्थिक वर्ष २०७८/७९ मा सम्बद्ध व्यक्तिहरूको विवरण निम्न बमोजिम रहेको छ ।

| क्र.सं | नाम | पद |
|---|---|---|
| १ | योगेन्द्रकुमार कुँवर | सञ्चालक समिति अध्यक्ष |
| २ | हरिहर सिग्देल | सञ्चालक समिति उपाध्यक्ष |
| ३ | अच्युतकुमार कार्की | सञ्चालक समिति सचिव |
| ४ | मीनाकुमारी पाठक | सञ्चालक समिति कोषाध्यक्ष |
| ५ | शरद कुँवर | सञ्चालक समिति सह-सचिव |
| ६ | शिवशंकर मानन्धर | सञ्चालक समिति सदस्य |
| ७ | ऋषिराम घिमिरे | सञ्चालक समिति सदस्य |
| ८ | लक्ष्मीबहादुर महर्जन | सञ्चालक समिति सदस्य |
| ९ | दीलकुमारी महर्जन | सञ्चालक समिति सदस्य |
| १० | गोबिन्द बस्नेत | सञ्चालक समिति सदस्य |
| ११ | रबिना महर्जन | सञ्चालक समिति सदस्य |

| क्र.सं | नाम | पद |
|---|---|---|
| १२ | सुबास श्रेष्ठ | सञ्चालक समिति सदस्य |
| १३ | भानुप्रकाश ढकाल | लेखा सुपरिवेक्षण समिति संयोजक |
| १४ | ईन्द्रबहादुर महर्जन | लेखा सुपरिवेक्षण सदस्य |
| १५ | शुष्मा कुँवर | लेखा सुपरिवेक्षण सदस्य |

समिति तथा उपसमितिका व्यक्तिहरूलाइ गरिएको आर्थिक भुक्तानीको विवरण निम्न बमोजिम रहेको छ।

| खर्च शीर्षक | रकम (रु.) |
|---|---|
| बैठक भत्ता | ७,३६,५००/- |

**५. सम्पत्ति तथा उपकरण र अदृश्य/अमूर्त सम्पत्ति :**

कुनै पनि सम्पत्ति त्यस सम्पत्तिसँग सम्बन्धित भविष्यका आर्थिक लाभहरू संस्थामा प्रवाहित हुने सम्भावना भएमा र वस्तुको लागत विश्वासिलो तरिकाले मापन गर्ने अवस्था भएमा मात्र जायजेथा, प्लान्ट तथा उपकरणको रुपमा त्यस सम्पत्तिलाइ समावेश गरिन्छ। स्थिर सम्पत्तिको मूल्याङ्कन गर्दा सो सम्पत्ति खरिद र निर्माण गर्दा लागेको लागत मूल्यका साथै सोसँग सम्बन्धित प्रत्यक्ष खर्चहरू समेत समावेश गरिएका छन्। यसै सन्दर्भमा, संस्थाको स्वामित्वमा नरहेको पनि त्यस सम्पत्तिसँग सम्बन्धित भविष्यका आर्थिक लाभहरू संस्थामा प्रवाहित हुने सम्भावना भएकोले संस्थाले उपभोग गरेको जग्गालाई सो को पहिचान गरिएको छ।

उपकरणहरूको कार्यक्षमतासँग अभिन्न अंशको रुपमा रहने सफ्टवेयरलाई उपकरणको अंशको रूपमा पुँजीकृत गरिएको छ। खर्च गरेको कारणले यदि भविष्यमा आर्थिक लाभहरू संस्थामा प्रवाहित हुने सम्भावना छ भने पछिका खर्चहरू पनि पुँजीकृत गरिने छ। सम्पत्तिलाई चलायमान राख्न गरिने मर्मत संभार कार्य खर्चमा गणना गरिन्छ। सम्पत्ति र उपकरणको निसर्ग हुँदा भएको कुनै लाभ वा नोक्सान निसर्गको खुद प्राप्त रकम र वस्तुको किताबी मूल्यबीचको भिन्नताका रूपमा गणना गरिएको नाफा नोक्सान विवरणमा अन्य आयमा लेखांकन गरिएको छ।

**६. ह्रासकट्टी :**

संस्थाको स्थिर सम्पत्तिमा घट्दो ह्रासकट्टी प्रणाली (Reducing Balance Method) मा संस्थाको आर्थिक नियावली अनुसार ह्रासकट्टी हिसाब गरिएको छ। जग्गाको ह्रासकट्टी गरिएको छैन र जग्गालाई लागत मुल्यमा देखाइएको छ। सम्पत्तिमा ह्रासकट्टी, सहकारी भवनको १% र अन्य सबै सम्पत्तिमा ५% को दरले ह्रासकट्टी गरिएको छ। अमूर्त सम्पत्तिलाई ५% को दरले ह्रासकट्टी गरिएको छ। आयकर प्रयोजनकालागि आयकर ऐन बमोजिम ह्रासकट्टी गरिएको छ।

**७. प्रतिस्थापन (De- recognition):**

सम्पत्ति र उपकरणहरूको निसर्ग भएमा वा भविष्यमा त्यसको प्रयोग वा निसर्गबाट आर्थिक लाभको आशा नभएमा सम्पत्ति र उपकरणहरूलाई पहिचानबाट हटाईएको छ। सहकारी संस्थाले जायजेथा, प्लान्ट तथा उपकरणको प्रतिस्थापनमा हुने लाभ वा नोक्सानीलाई निसर्गकै बेला आय विवरणमा समावेश गर्दछ।

**८. आयकर व्यवस्था :**

बचत (नाफा) को आयकर ऐन २०५८ (संशोधित) बमोजिम आयकर व्यवस्था वापत रकम छुट्याइएको छ।

आ.व. २०७८।०७९

करयोग्य आयको गणना

| विवरण | | रकम |
|---|---|---|
| आयकरअघिको खुद नाफा नोक्सान हिसाव बमोजिम | | **६४,२४६,०३१.९९** |
| **क. आयमा समावेश गर्नु पर्ने रकमहरू** | | ४,३७०,७४७.८५ |
| लाभांश आम्दानी | (१,९६१,७५०.००) | |
| कोषमा प्राप्त | ६,३३२,४९७.८५ | |
| **ख. आयको गणना गर्दा कट्टी नहुने खर्चहरू** | | २,६३६,३०९.७४ |
| कर्मचारी बिदा बापतको खर्च | ५७३,५३५.०० | |
| लेखा अनुसारको ह्रासकट्टी खर्च | २,०६२,७७४.७४ | |
| **ख. आयको गणना गर्दा कट्टी हुने खर्चहरू** | | (५,३०३,१९२.१८) |
| आयकर ऐन अनुसारको ह्रासकट्टी खर्च | (५,३०३,१९२.१८) | |
| | | **१,७०३,८६५.४१** |
| आय(नोक्सानी) | | ६५,९४९,८९७.४० |

**करको गणना**

| विवरण | कर |
|---|---|
| करको दर | १०.००% |
| लाग्ने रकम | ६,५९४,९८९.७४ |

९. **लगानी :**
संस्थाले छाता संघहरूमा गरेको शेयर लगानी तथा वित्तीय संस्था र संघहरूमा मुद्दती निक्षेपमा भएका लगानीहरूलाई परल मूल्यमा लेखांकन गरिएको छ ।

१०. **ऋण जोखिम व्यवस्था :**
ऋण जोखिम व्यवस्था निम्नानुसार गरिएको छ ।

- असल ऋणको जोखिम व्यवस्था गरिएको छैन
- १ वर्षभन्दा कम भाखा नाघेको ऋणको जोखिम व्यवस्था रु. १,८७६,८६५।०५
- १ वर्षभन्दा बढी भाखा नाघेको ऋणको जोखिम व्यवस्था रु. ४,१६,४६,८५०।२१
- जम्मा ऋण जोखिम व्यवस्था रु. ४,३५,२३,७१५।२६

११. **व्याज खर्च सम्बन्धी व्यवस्था :**
बचत तथा निक्षेपमा पाकेको व्याजलाई दैनिक रुपमा हिसाव गरी भुक्तानी दिनु पर्ने हिसावमा राखी आवधिक बचतको मासिक रुपमा र अन्य बचतको त्रैमासिक रुपमा सम्बन्धित सदस्यको खातामा जम्मा गर्ने व्यवस्था गरिएको छ ।

१२. **कर्मचारी बोनस:**

संस्थाले खुद आय (नाफा) लाई २५ प्रतिशत साधारण जगेडा कोषमा छुट्टयाई सोपछिको बाँकी हुन आउने आय (नाफा) लाई शतप्रतिशत मानी संरक्षित पुँजी फिर्ता कोषमा २५% र सहकारी प्रवर्द्धन कोषमा ०.५% छुयाई बाँकी रकमलाई शतप्रतिशत मानी उक्त रकमको ११% कर्मचारी बोनस कोषमा छुट्ट्याएको छ ।

१४. **शेयर पुंजी :**

यस वर्ष चुक्ता शेयर पुँजीमा रू. १००।- दरका १,२६,६९५ कित्ता शेयर थप भएका छन् ।

१५. **जगेडा तथा अन्य कोषहरू :**

यस आ.व.को खुद आय (नाफा) लाई सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, बाग्मती प्रदेश सहकारी ऐन २०७६ र सहकारी नियमावली २०७६ अनुसार २५ प्रतिशत साधारण जगेडा कोषमा छुट्टयाई सो पछिको बाँकी हुन आउने आय (नाफा) लाई शतप्रतिशत मानी निम्न बमोजिम बाँडफाँड गरिएको छ ।

| कोष विवरण | प्रतिशत |
|---|---|
| संरक्षित पुँजी फिर्ता कोष | २५% |
| सहकारी प्रवर्द्धन कोष | ०.५% |

खुद आय (नाफा) बाट साधारण जगेडा कोष, संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा समेत छुट्ट्याइसकेपछि बाँकी आयलाई शतप्रतिशत मानी संस्थाको २०७९/०६/२२ को निर्णय बमोजिम निम्न बमोजिम बाँडफाँड गरिएको छ ।

| कोष विवरण | प्रतिशत |
|---|---|
| शेयर लाभांश कोष | ५२% |
| कर्मचारी बोनस कोष | ११% |
| घाटा पूर्ति कोष | १२% |
| सहकारी शिक्षा कोष | ५% |
| सहकारी विकास कोष | ५% |
| सामुदायिक विकास कोष | ५% |
| स्थिरीकरण कोष | ५% |
| अन्य जोखिम व्यवस्थापन कोष | ५% |

१६. **सामाजिक सुरक्षा कोषमा आवद्धता**

यस संस्थाले सम्पूर्ण कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराएको छ । कर्मचारीको तलब स्केल (ग्रेडसहित) बाट ११% कट्टा गरी संस्थाले २०% थप गरेर नियमित रुपमा उक्त कोषमा जम्मा गर्ने गरिएको छ ।

१७. **बाह्य ऋण**

संस्थामा कुल सम्पत्तिको ०.९१% बाह्य ऋण रहेको छ ।

१८. **कर्जा अपलेखन**

यस आर्थिक बर्षमा संस्थाले कर्जा अपलेखन गरेको छैन ।

१९. **तरलता (Liquidity)**

संस्थामा १५.९१% तरलता भएकाले पाइयो । मुद्दती लगानीको ९०% समेतलाई तरलता मान्दा २६.७१% रहेको पाईयो ।

२०. **औसत फरक (Spread)**

संस्थाको लिने दिने व्याज दर बीचको औसत फरक (Spread) ४.९४% रहेको छ ।

२१. **गैर बैकिङ्ग सम्पत्ति :**

संस्थामा हाल कुनै प्रकारको गैर बैकिङ्ग सम्पत्ति रहेको छैन ।

२२. **अन्य कारोबार**

संस्थाले यस आ.वा.मा बचत र ऋण बाहेक रेमिटेन्सको कारोबार गरेको देखिन्छ ।

२३. **गत वर्षको अंकहरू आवश्यकता अनुसार पुनर्गठन/पुन: वर्गीकरण गरिएको छ ।**

२४. **संलग्न लेखा विवरणहरू निकटतम रुपैयाँमा प्रस्तुत गरिएको छ । आर्थिक विवरणमा लेखिएका रकमहरू नेपाली रुपैंयामा लेखिएका छन् ।**

२५. **बैंक मौज्दात बैंकले तथा नगद मौज्दात र अन्य सम्पत्ति व्यवस्थापनले प्रमाणित गरे बमोजिम छ ।**

P.B.K.P & Associates
Kathmandu Nepal
Chartered Accountants

**सि.ए. विनोद फुयाल**
पी.बी.के.पी. एण्ड एसोसिएट्स
**चार्टड एकाउन्टेन्ट्स**

चन्द्रागिरि नगरपालिका-७, थानकोट, महादेवस्थान, काठमाडौं, नेपाल
०१ - ४३१३०५८, ४३१३०५९, ४३१६७७७
info@chandragiri.coop.np saccoschandragiri@gmail.com
www.chandragiri.coop.np


## वित्तीय अवस्थाको विवरण (वासलात)
### २०७९ साल असार मसान्त

| सम्पत्ति विवरण | अनुसूची | असार मसान्त २०७९ | असार मसान्त २०७८ |
|---|---|---|---|
| नगद तथा नगद समान | ७ | ३,२५२,९१२.०० | ३,४०३,६६८.०० |
| बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ८ | ३८१,२३४,७९७.७६ | ३००,१२९,५६६.५४ |
| लगानी हिसाव | ९ | ३१३,५६७,८२३.१६ | ४३४,८७६,८८८.८१ |
| सदस्यलाई कर्जा तथा सापटी | १० | २,००६,७७६,४९८.०६ | १,७३८,५४७,७८१.५४ |
| चालु सम्पत्ति (धरौटी तथा अन्य) | ११ | १३२,६४६,५९०.८० | १४६,२१०,९३२.४४ |
| स्थीर सम्पत्ति | १२ | १०१,९२८,५७६.०७ | १०१,६१७,८६४.७९ |
| अन्य सम्पत्ति (मसलन्द मौज्दात) | | ३,१४४,०२४.९३ | २,१९४,९७६.१० |
| **कुल सम्पत्ति** | | २,९४२,५५१,२२२.७८ | २,७२६,९८१,६७८.२२ |

| पुँजी तथा दायित्व विवरण | अनुसूची | असार मसान्त २०७९ | असार मसान्त २०७८ |
|---|---|---|---|
| **दायित्व** | | | |
| सदस्यको बचत निक्षेप | ३ | २,४१६,९५८,६९०.४७ | २,२१२,४८१,७२६.४२ |
| तिर्न बाँकी कर्जा तथा सापटी | ४ | २६,६६१,८१२.७८ | ५६,७४१,३२९.०२ |
| सम्भावित ऋण जोखिम व्यवस्था | ५ | ४३,५२३,७१५.२६ | ३२,१०५,२५७.७१ |
| चालु कर दायित्व | | ६,५९४,९८९.७४ | ३,२४६,०५०.०० |
| चालु दायित्व तथा व्यवस्था | ६ | १४३,५९५,३६२.२७ | १६०,६५४,८०७.८४ |
| **कुल दायित्व** | | २,६३७,३३४,५७०.५२ | २,४६५,२२९,१७०.९९ |
| **पुँजी** | | | |
| शेयर पुँजी | १ | १७४,०४९,५००.०० | १६१,३८०,०००.०० |
| साधारण जगेडा कोष | २ | ८०,४३३,६४९.२७ | ६३,५१४,८३०.७१ |
| अन्य कोष | २ | ५०,७३३,५०२.९९ | ३६,८५७,६७६.५२ |
| **कुल पुँजी** | | ३०५,२१६,६५२.२६ | २६१,७५२,५०७.२३ |
| **कुल पुँजी तथा दायित्व** | | २,९४२,५५१,२२२.७८ | २,७२६,९८१,६७८.२२ |

प्रमुख लेखा नीति र लेखा सम्बन्धी टिप्पणीहरु - अनुसूची १९

*१ देखि १२ सम्मका अनुसूचीहरू वासलातका अभिन्न अंग हुन् ।*

मिति: २०७९/०६/३१

स्थान : चन्द्रागिरि न पा-७ थानकोट महादेवस्थान काठमाडौं ।

**हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा**

**सुमित्रा त्रिपाठी**
**वरिष्ठ अधिकृत**

**कृष्णकुमार श्रेष्ठ**
**प्रमुख कार्यकारी अधिकृत**

**शरद कुँवर**
**सह सचिव**

**सि.ए. विनोद फुयाल**
**पी.बी.के.पी. एण्ड एसोसिएट्स**
**चार्टड एकाउन्टेन्ट्स**

**मिनाकुमारी पाठक**
**कोषाध्यक्ष**

**अच्युतकुमार कार्की**
**सचिव**

**हरिहर सिग्देल**
**उपाध्यक्ष**

**योगेन्द्रकुमार कुँवर**
**अध्यक्ष**

चन्द्रागिरि
"दिगो साकोस, सुखी र समृद्ध सदस्य"
नेफस्कून
बचत तथा ऋण सहकारी संस्था लि.
चन्द्रागिरि नगरपालिका-७, थानकोट, महादेवस्थान, काठमाडौं, नेपाल
०१ - ४३१३०५८, ४३१३०५९, ४३१६७७७
info@chandragiri.coop.np
saccoschandragiri@gmail.com
www.chandragiri.coop.np

## आय विवरण (नाफा वा नोक्सान हिसाब)
### मिति २०७८ श्रावण १ गतेदेखि २०७९ असार ३२ गतेसम्मको

| विवरण | अनुसूची | असार मसान्त २०७९ | असार मसान्त २०७८ |
|---|---|---|---|
| ब्याज आम्दानी | १३ | २९६,७७९,९३७.२३ | २२२,९६०,५२३.३८ |
| ब्याज खर्च | १४ | २०२,८३८,६७६.३० | १६३,७३२,९०९.७६ |
| **खुद ब्याज आम्दानी** | | **९३,९४१,२६०.९३** | **५९,२२७,६१३.६२** |
| अन्य सञ्चालन आम्दानी | १५ | २२,८३८,१५८.९० | १९,०३७,२७४.७६ |
| **कुल सञ्चालन आम्दानी** | | **११६,७७९,४१९.८३** | **७८,२६४,८८८.३८** |
| कर्मचारी खर्च | १६ | २१,९२१,२६०.९६ | १५,२३५,७१३.०० |
| अन्य सञ्चालन खर्च | १७ | १८,५४९,३५२.१४ | १४,३५१,६३८.९१ |
| **ह्रासकट्टी अघिको संचालन मुनाफा** | | **७६,३०८,८०६.७३** | **४८,६७७,५३६.४७** |
| ह्रासकट्टी खर्च | १२ | २,०६२,७७४.७४ | १,५३२,५४१.१२ |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | | **७४,२४६,०३१.९९** | **४७,१४४,९९५.३५** |
| सम्भावित नोक्सानी व्यवस्थाहरु | १८ | १०,०००,०००.०० | १२,०००,९७३.०० |
| **सञ्चालन मुनाफा** | | **६४,२४६,०३१.९९** | **३५,१४४,०२२.३५** |
| गैर सञ्चालन आम्दानी/नोक्सान | | - | - |
| **नियमित कारोवारवाट भएको मुनाफा** | | **६४,२४६,०३१.९९** | **३५,१४४,०२२.३५** |
| असामान्य कारोवारहरुबाट भएको मुनाफा/खर्च | | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | | **६४,२४६,०३१.९९** | **३५,१४४,०२२.३५** |
| कर्मचारी बोनस खर्च | | - | २,०००,०००.०० |
| **आयकर व्यवस्था अघिको मुनाफा** | | **६४,२४६,०३१.९९** | **३३,१४४,०२२.३५** |
| आयकर व्यवस्था | | **६,५९४,९८९.७४** | **३,२४६,०५०.००** |
| • यस वर्षको आयकर व्यवस्था (१० प्रतिशत) | | ६,५९४,९८९.७४ | ३,२४६,०५०.०० |
| • यस वर्षको स्थगन कर (आम्दानी)/खर्च | | - | - |
| **खुद नाफा/नोक्सान** | | **५७,६५१,०४२.२५** | **२९,८९७,९७२.३५** |

*१३ देखि १८ सम्मका अनुसूचीहरू नाफा नोक्सान हिसावका अभिन्न अंग हुन् ।*

मिति: २०७९/०६/३१

स्थान : चन्द्रागिरि.न.पा-७, थानकोट महादेवस्थान, काठमाडौं ।

**हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा**

सुमित्रा त्रिपाठी
वरिष्ठ अधिकृत

कृष्णकुमार श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

शरद कुँवर
सह सचिव

P.B.K.P & Associates, Kathmandu Nepal, Chartered Accountants

सि.ए. विनोद फुयाल
पी.बी.के.पी. एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स

मिनाकुमारी पाठक
कोषाध्यक्ष

अच्युतकुमार कार्की
सचिव

हरिहर सिग्देल
उपाध्यक्ष

योगेन्द्रकुमार कुँवर
अध्यक्ष

चन्द्रागिरि नगरपालिका-७, थानकोट, महादेवस्थान, काठमाडौं, नेपाल
०१ - ४३१३०५८, ४३१३०५९, ४३१६७७७
info@chandragiri.coop.np
saccoschandragiri@gmail.com
www.chandragiri.coop.np


## नगद प्रवाह विवरण
## २०७९ साल असार मसान्त

| विवरण | असार मसान्त २०७९ | असार मसान्त २०७८ |
|---|---|---|
| कारोबार सञ्चालनबाट भएको खुद नगद प्रवाह (क) | ५९,७१३,८१६.९९ | ३१,५४८,४५७.७१ |
| नगद प्राप्ति | ३२१,६८०,८७०.८७ | २४३,५३०,३३९.२६ |
| १.१ ब्याज आम्दानी | २५२,७२१,३३७.१२ | १९०,४३३,४६०.८४ |
| १.२ बैंक ब्याज आम्दानी | ४४,०५८,६००.११ | ३६,१२९,९५३.५४ |
| १.३ अन्य आम्दानी | २२,८३८,१५८.९० | १५,४३४,३८३.७६ |
| जोड :ह्रास कट्टी | २,०६२,७७४.७४ | १,५३२,५४१.१२ |
| नगद भुक्तानी | (२६१,९६७,०५३.८८) | (२११,९८१,८८१.५५) |
| २.१ ब्याज खर्च | (२०२,८३८,६७६.३०) | (१६३,७३२,९०९.७६) |
| २.२ कर्मचारी खर्च | (२१,९२१,२६०.९६) | (१५,२३५,७१३.००) |
| २.३ कार्यालय सञ्चालन खर्च | (३७,२०७,११६.६२) | (३३,०१३,२५८.७९) |
| लगानीबाट खुद नगद प्रवाह (ख) | (१३६,६७७,८४४.०६) | (५७७,३५९,०४५.३०) |
| १. ऋण लगानीमा कमी/(बृद्धि) | (२६८,२२८,७१६.५२) | (४५४,६४३,०९४.५४) |
| २. लगानीमा कमी/(बृद्धि) | १२१,३०९,०६५.६५ | (८९,२३५,६३६.८०) |
| ३. स्थीर सम्पत्तिमा कमी/(बृद्धि) | (२,३७३,४८६.००) | (३८,०२९,८४७.९१) |
| ४. अन्य सम्पत्तिमा कमी/(बृद्धि) | (९४९,०४८.८३) | ४,५४९,५३३.९५ |
| ५. पाउनुपर्ने हिसावमा कमी/(बृद्धि) | १३,५६४,३४१.६४ | - |
| वित्तीय कारोबारबाट भएको खुद नगद प्रवाह (ग) | १५७,९१८,५०२.३१ | ५८७,७२१,८१०.९२ |
| १. बचत तथा निक्षेप दायित्वमा बृद्धि/(कमी) | २०४,४७६,९६४.०५ | ४६४,०१३,८३७.५३ |
| २. शेयर पुँजीमा बृद्धि/(कमी) | १२,६६९,५००.०० | ५४,९८०,०००.०० |
| ३. ऋण सापटीमा बृद्धि/(कमी) | (३०,०७९,५१६.२४) | ५६,७४१,३२९.०२ |
| ४. कोषमा बृद्धि/(कमी) | (१५,४३७,९३९.६८) | (२,९९३,८८४.०७) |
| ५. भुक्तानी दिनुपर्ने दायित्वमा बृद्धि/(कमी) | (१३,७१०,५०५.८३) | १४,९८०,५२८.४४ |
| यस अवधिको खुद नगद प्रवाह ( क+ख+ग ) | ८०,९५४,४७५.२४ | ४१,९११,२२३.३३ |
| वर्षको शूरुको मौज्दात | ३०३,५३३,२३४.५४ | २६१,६२२,०११.२१ |
| नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात | ३८४,४८७,७०९.७८ | ३०३,५३३,२३४.५४ |

मिति: २०७९/०६/३१

स्थान : चन्द्रागिरि.न.पा-७, थानकोट महादेवस्थान, काठमाडौं ।

हाम्रो आजको मितिको
संलग्न प्रतिवेदनको आधारमा

सुमित्रा त्रिपाठी
बरिष्ठ अधिकृत

कृष्णकुमार श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

शरद कुँवर
सह सचिव

सि.ए. विनोद फुयाल
पी.बी.के.पी. एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स

मिनाकुमारी पाठक
कोषाध्यक्ष

अच्युतकुमार कार्की
सचिव

हरिहर सिग्देल
उपाध्यक्ष

योगेन्द्रकुमार कुँवर
अध्यक्ष

चन्द्रागिरि नगरपालिका-७, थानकोट, महादेवस्थान, काठमाडौं, नेपाल
०१ - ४३१३०५८, ४३१३०५९, ४३१६७७७
info@chandragiri.coop.np
saccoschandragiri@gmail.com
www.chandragiri.coop.np

## नाफाको बाँडफाँड हिसाब

### मिति २०७८ श्रावण १ गतेदेखि २०७९ असार ३२ गतेसम्मको

| विवरण | प्रतिशत | असार मसान्त २०७९ | असार मसान्त २०७८ |
|---|---|---|---|
| **यस वर्षको मुनाफा** | | ५७,६५१,०४२.२५ | २९,८९७,९७२.३५ |
| साधारण जगेडा कोष | २५ | १४,४१२,७६०.५६ | ७,४७४,४९३.०९ |
| **संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा नाफा बाँडफाँड अगाडिको नाफा** | | ४३,२३८,२८१.६९ | २२,४२३,४७९.२६ |
| संरक्षित पुँजी फिर्ता कोष | २५ | १०,८०९,५७०.४२ | ५,६०५,८६९.८२ |
| सहकारी प्रवर्द्धन कोष | ०.५ | २१६,१९१.४१ | ११२,११७.४० |
| **अन्य कोषमा बाँडफाँड अगाडिको नाफा** | | ३२,२१२,५१९.८६ | १६,७०५,४९२.०५ |
| **अन्य कोषको बाँडफाँड** | | | |
| शेयर लाभांस कोष | ५२ | १६,७५०,५१०.३३ | ११,६९३,८४४.४४ |
| घाटापूर्ति कोष | १२ | ३,८६५,५०२.३८ | ८३५,२७४.६१ |
| कर्मचारी बोनस कोष | ११ | ३,५४३,३७७.१८ | - |
| सहकारी शिक्षा कोष | ५ | १,६१०,६२५.९९ | ८३५,२७४.६० |
| सहकारी विकास कोष | ५ | १,६१०,६२५.९९ | ८३५,२७४.६० |
| सामुदायिक विकास कोष | ५ | १,६१०,६२५.९९ | ८३५,२७४.६० |
| सहकारी स्थिरीकरण कोष | ५ | १,६१०,६२५.९९ | ८३५,२७४.६० |
| अन्य जोखिम व्यवस्थापन कोष | ५ | १,६१०,६२६.०१ | ८३५,२७४.६० |
| **जम्मा** | १०० | ३२,२१२,५१९.८६ | १६,७०५,४९२.०५ |

मिति: २०७९/०६/३१

स्थान : चन्द्रागिरि.न.पा-७, थानकोट महादेवस्थान, काठमाडौं ।

**हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा**

सुमित्रा त्रिपाठी
बरिष्ठ अधिकृत

कृष्णकुमार श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

शरद कुँवर
सह सचिव

सि.ए. विनोद फुयाल
पी.बी.के.पी. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

मिनाकुमारी पाठक
कोषाध्यक्ष

अच्युतकुमार कार्की
सचिव

हरिहर सिग्देल
उपाध्यक्ष

योगेन्द्रकुमार कुँवर
अध्यक्ष

चन्द्रागिरि नगरपालिका-७, थानकोट, महादेवस्थान, काठमाडौं, नेपाल
०१ - ४३१३०५८, ४३१३०५१, ४३१६७७७
info@chandragiri.coop.np
saccoschandragiri@gmail.com
www.chandragiri.coop.np

## इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण
### २०७९ साल असार मसान्त

| विवरण | शेयर पुँजी | साधारण जगेडा कोष | अन्य कोष | जम्मा |
|---|---|---|---|---|
| **श्रावण १, २०७७ सालको मौज्दात** | १०६,४००,०००.०० | ५१,९२०,७०३.१६ | २१,५४७,७१५.७९ | १७९,८६८,४१८.९५ |
| समायोजन | - | - | - | - |
| **श्रावण १, २०७७ सालको समायोजित मौज्दात** | **१०६,४००,०००.००** | **५१,९२०,७०३.१६** | **२१,५४७,७१५.७९** | **१७९,८६८,४१८.९५** |
| यस वर्षको आय विवरणबाट | | ७,४७४,९७२.३५ | २२,४२३,०००.०० | २९,८९७,९७२.३५ |
| कोष समायोजन | | ४,११९,१५५.१९ | (७,११३,०३९.२६) | (२,९९३,८८४.०७) |
| शेयर पुँजीमा बृद्धि/कमी | ५४,९८०,०००.०० | | | ५४,९८०,०००.०० |
| **आषाढ ३१, २०७८ सम्मको मौज्दात** | **१६१,३८०,०००.००** | **६३,५१४,८३०.७१** | **३६,८५७,६७६.५३** | **२६१,७५२,५०७.२४** |
| **श्रावण १, २०७८ सालको मौज्दात** | **१६१,३८०,०००.००** | **६३,५१४,८३०.७१** | **३६,८५७,६७६.५३** | **२६१,७५२,५०७.२४** |
| समायोजन | - | - | - | - |
| **श्रावण १, २०७८ सालको समायोजित मौज्दात** | **१६१,३८०,०००.००** | **६३,५१४,८३०.७१** | **३६,८५७,६७६.५३** | **२६१,७५२,५०७.२४** |
| यस वर्षको आय विवरणबाट | - | १४,४१२,७६०.५६ | ४३,२३८,२८१.६९ | ५७,६५१,०४२.२५ |
| कोष समायोजन | - | २,५०६,०५८.०० | (२९,३६२,४५५.२३) | (२६,८५६,३९७.२३) |
| शेयर पुँजीमा बृद्धि/कमी | १२,६६९,५००.०० | - | - | १२,६६९,५००.०० |
| **आषाढ ३२, २०७९ सम्मको मौज्दात** | **१७४,०४९,५००.००** | **८०,४३३,६४९.२७** | **५०,७३३,५०२.९९** | **३०५,२१६,६५२.२६** |

मिति: २०७९/०६/३१

स्थान : चन्द्रागिरि.न.पा-७, थानकोट महादेवस्थान, काठमाडौं ।

**सुमित्रा त्रिपाठी**
**बरिष्ठ अधिकृत**

**कृष्णकुमार श्रेष्ठ**
**प्रमुख कार्यकारी अधिकृत**

**शरद कुँवर**
**सह सचिव**

**मिनाकुमारी पाठक**
**कोषाध्यक्ष**

**अच्युतकुमार कार्की**
**सचिव**

**हरिहर सिग्देल**
**उपाध्यक्ष**

**योगेन्द्रकुमार कुँवर**
**अध्यक्ष**

**सि.ए. विनोद फुयाल**
**पी.बी.के.पी. एण्ड एसोसिएट्स**
**चार्टड एकाउन्टेन्ट्स**

T.B.K.P. & Associates
Kathmandu
Nepal
Chartered Accountants

चन्द्रागिरि नगरपालिका-७, थानकोट, महादेवस्थान, काठमाडौं, नेपाल
०१ - ४३१३०५८, ४३१३०५९, ४३१६७७७
info@chandragiri.coop.np
saccoschandragiri@gmail.com
www.chandragiri.coop.np

# शेयर पुँजी

## २०७९ असार मसान्त

अनुसूची १

| विवरण | असार मसान्त २०७९ | असार मसान्त २०७८ |
|---|---|---|
| शेयर पुँजी | १७४,०४९,५००.०० | १६१,३८०,०००.०० |
| (क) सदस्य शेयर प्रति शेयर रू. १०० ले | १७४,०४९,५००.०० | १६१,३८०,०००.०० |
| जम्मा रकम | १७४,०४९,५००.०० | १६१,३८०,०००.०० |

| शेयर स्वामित्व विवरण | असार मसान्त २०७९ | असार मसान्त २०७८ |
|---|---|---|
| स्वदेशी स्वामित्व | १७४,०४९,५००.०० | १६१,३८०,०००.०० |
| (क) शेयर सदस्य | १७४,०४९,५००.०० | १६१,३८०,०००.०० |
| (ख) अन्य | - | - |
| बैदेशिक स्वामित्व | - | - |
| कुल जम्मा | १७४,०४९,५००.०० | १६१,३८०,०००.०० |

उपरोक्त तालिका अनुसार आ.व. २०७८/७९ को असार मसान्तमा अघिल्लो आ.व. २०७७/७८ को तुलनामा शेयर रकम ७.८५% अर्थात रु. १२,६६९,५००।- ले वृद्धि भएको छ ।

सुमित्रा त्रिपाठी
बरिष्ठ अधिकृत

कृष्णकुमार श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

शरद कुँवर
सह सचिव

मिनाकुमारी पाठक
कोषाध्यक्ष

अच्युतकुमार कार्की
सचिव

हरिहर सिग्देल
उपाध्यक्ष

योगेन्द्रकुमार कुँवर
अध्यक्ष

सि.ए. विनोद फुयाल
पी.बी.के.पी. एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स

चन्द्रागिरि नगरपालिका-७, थानकोट, महादेवस्थान, काठमाडौं, नेपाल
०१ - ४३१३०५८, ४३१३०५९, ४३१६७७७
info@chandragiri.coop.np
saccoschandragiri@gmail.com
www.chandragiri.coop.np

## साधारण जगेडा तथा अन्य कोषहरू

### २०७९ असार मसान्त

अनुसूची २

| विवरण | असार मसान्त २०७९ | असार मसान्त २०७८ |
|---|---|---|
| **साधारण/बैधानिक जगेडा कोष** | ८०,४३३,६४९.२७ | ६३,५१४,८३०.७१ |
| **पुँजीगत जगेडा कोष** | - | - |
| **संरक्षित पुँजी फिर्ता कोष** | १०,८०९,५७०.४२ | ६,५९९,०००.०० |
| **सहकारी प्रवधर्द्धन कोष** | ३५१,५६१.२१ | १३५,३६९.८० |
| **अन्य कोषहरु** | ३९,५७२,३७१.३६ | ३०,१२३,३०६.७३ |
| (क) शेयर लाभांस कोष | १६,७५०,५१०.३३ | १४,३५२,०००.०० |
| (ख) घाटापूर्ति कोष | ३,८६५,५०२.३८ | ७,३७१,३९२.६० |
| (ग) सहकारी शिक्षा कोष | २,०४७,५८०.४३ | ८९६,७८७.०० |
| (घ) सहकारी विकास कोष | १,६१०,६२५.९९ | ८८५,०००.०० |
| (ङ) सामुदायिक विकास कोष | १,६१०,६२५.९९ | ८८५,०००.०० |
| (च) स्थिरीकरण कोष | १,६१०,६२५.९९ | ८८५,०००.०० |
| (छ) कर्मचारी बोनस कोष | ३,५४३,३७७.१८ | - |
| (ज) अन्य जोखिम व्यवस्थापन कोष | १,६१०,६२६.०१ | ८८५,०००.०० |
| **ऐच्छिक कोषहरू** | | |
| (झ) सदस्य हित कोष | ३,५२४,४०४.०६ | ३,९०३,१२७.१३ |
| (ञ) घातक रोग उपचार कोष | १,९३८,४९३.०० | - |
| (ट) उच्च शिक्षा छात्रवृति कोष | १,४४०,०००.०० | ४०,०००.०० |
| (ठ) उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार | २०,०००.०० | २०,०००.०० |
| **सञ्चित नाफा/नोक्सान** | - | - |
| **कुल जम्मा** | १३१,१६७,१५२.२६ | १००,३७२,५०७.२४ |

चन्द्रागिरि नगरपालिका-७, थानकोट, महादेवस्थान, काठमाडौं, नेपाल
०१ - ४३१३०५८, ४३१३०५९, ४३१६७७७
info@chandragiri.coop.np
saccoschandragiri@gmail.com
www.chandragiri.coop.np

## सदस्यको बचत निक्षेप

### २०७९ असार मसान्त

अनुसूची ३

| विवरण | असार मसान्त २०७९ | असार मसान्त २०७८ |
|---|---|---|
| नियमित बचत | २५१,०८४,८७७.९५ | २१५,१५५,६१२.५० |
| (क) नियमित बचत | २०४,५२५,३४६.८६ | १७२,५९२,८२९.४८ |
| (ख) बाल बचत | २९,९६४,६१८.७४ | २९,३४५,४४९.५० |
| (ग) मासिक बचत | १६,५९४,९१२.३५ | १३,२१७,३३३.५२ |
| ऐच्छिक बचत | ४७१,५६०,५४७.९५ | ६६५,०३६,०५९.०४ |
| (क) साधारण बचत | २८२,४५३,४६५.९३ | ३७५,७००,८९८.१३ |
| (ख) विशेष बचत | ५५,८९०,३०५.९५ | ११८,४२४,२२४.२० |
| (ग) सदस्य उन्नती वचत | ४२,५९४,०२५.८४ | ६९,५७८,२१०.८३ |
| (घ) जेष्ठ नागरिक बचत | २६,६९६,०१५.८९ | - |
| (ङ) दैनिक बचत | १६,८५९,२६०.७२ | ९९३,३२८.२५ |
| (च) खुत्रुके वचत | १२,७०९,१३८.२३ | १०,६०१,४४९.३३ |
| (छ) अन्य बचत | १२,००७,८९३.१८ | - |
| (ज) रेमिट्यान्स बचत | ११,७३०,०६२.०६ | - |
| (झ) पेन्सन बचत | ४,१९९,७८७.२१ | १०,७७८,०००.०० |
| (ञ) छुनुमुनु बचत | २,३९२,४३१.०७ | - |
| (ट) चन्द्रागिरि विशेष वचत | १,६७०,५५६.४० | ७८३,११७.८१ |
| (ठ) कर्मचारी कल्याणकारी बचत | १,०३८,२५०.३४ | - |
| (ड) शेयर लाभांश बचत | ६८३,७१५.९४ | ६९०,४९९.४९ |
| (ढ) लघुवित्त समुह हित कोष बचत | २९९,५२५.०० | ४१८,४७५.०० |
| (ण) युवा स्वरोजगार बचत | २७८,५५४.४३ | - |
| (त) शुभतारा महिला बचत | ५७,५५९.७६ | - |
| (थ) शुभतारा सेवा केन्द्र निक्षेप | - | ७७,०६७,८५६.०० |

| आवधिक बचत | १,६९४,३१३,२६४.५७ | १,३३२,२९०,०५४.८८ |
|---|---|---|
| (क) सरल आवधिक बचत | ७२८,२८९,८१६.५९ | - |
| (ख) चन्द्रागिरि आवधिक बचत १ वर्ष | २५२,३५९,०००.०० | ३८४,८९०,९००.०० |
| (ग) आवधिक बचत २ वर्ष मासिक | २४०,३७८,१३५.३६ | ८०,१६१,८५४.२० |
| (घ) आवधिक बचत २ वर्ष त्रैमासिक | १९८,०६३,०००.०० | १०५,८००,०००.०० |
| (ङ) फ्लेक्जिवल आवधिक बचत | ११४,३९०,०४५.१४ | २४९,८४५,२००.६८ |
| (च) आवधिक बचत १ वर्ष त्रैमासिक | ६८,८९८,४१६.२९ | १६८,९४५,०००.०० |
| (छ) आवधिक बचत १ वर्ष मासिक | ३८,४०७,०००.०० | ८०,८१२,१००.०० |
| (ज) पेन्सन बचत २ वर्ष | १७,११९,०००.०० | ७,८६०,०००.०० |
| (झ) पेन्सन नियमित बचत | ११,५५९,९५४.८० | - |
| (ञ) चन्द्रागिरि आवधिक बचत २ वर्ष | ९,६८८,०००.०० | ३,९५८,०००.०० |
| (ट) अक्षय कोष बचत | ९,२१५,१५६.४४ | ८,७००,०००.०० |
| (ठ) आवधिक बचत १०० दिने | २,९००,०००.०१ | १४४,७६९,०००.०० |
| (ड) रेमिट्यान्स आवधिक बचत | १,५१०,०००.०० | - |
| (ढ) आवधिक बचत | १,४३५,७३९.९४ | - |
| (ण) पेन्सन बचत १ वर्ष | १००,०००.०० | - |
| (त) आवधिक बचत ६ महिना | - | ९६,५४८,०००.०० |
| कुल जम्मा | २,४१६,९५८,६९०.४७ | २,२१२,४८१,७२६.४२ |

उपरोक्त तालिका अनुसार आ.व. २०७८/७९ को असार मसान्तमा अघिल्लो आ.व. २०७७/७८ को तुलनामा निक्षेप रकम ९.२४% अर्थात रु. २०३,४७६,९६४.०५ ले वृद्धि भएको छ।

## तिर्नबाँकी कर्जा तथा सापटी हिसाब

### २०७९ असार मसान्त

अनुसूची ४

| विवरण | असार मसान्त २०७९ | असार मसान्त २०७८ |
|---|---|---|
| (क) युवा स्वरोजगार कोष ऋण | ७५६,४३७.९२ | २,५००,०००.०० |
| (ख) ज्योती बहुउद्देश्यीय सहकारी संस्था | १२,०००,०००.०० | १२,०००,०००.०० |
| (ग) ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ | - | ५,०७२,९९२.०० |
| (घ) राष्ट्रिय सहकारी बैंक लिमिटेड | १३,९०५,३७४.८६ | ३५,१६८,३३७.०२ |
| (ङ) गणपति | - | २,०००,०००.०० |
| कूल जम्मा | २६,६६१,८१२.७८ | ५६,७४१,३२९.०२ |

आ.व २०७८/७९ को अन्त्यमा बाह्य ऋण कुल सम्पत्तिको ०.९१% रहेको छ।

## सम्भावित ऋण जोखिम व्यवस्था

### २०७९ असार मसान्त

अनुसूची ५

| विवरण | असार मसान्त २०७९ | असार मसान्त २०७८ |
|---|---|---|
| **जोखिम ऋणको लागि व्यवस्था** | ४३,५२३,७१५.२६ | ३२,१०५,२५७.७१ |
| (क) असल ऋणको लागि व्यवस्था (१%) | - | - |
| (ख) शंकास्पद ऋणको लागि व्यवस्था (३५%) | १,८७६,८६५.०५ | १,३८४,४६९.०४ |
